२०८१ श्रावण ४ गतेको कार्यपालिका बैठकबाट स्वीकृत

# १०बर्षे गाऊँ शिक्षा योजना २०८१ - २०९०

# सखुवा प्रसौनी गाऊँपालिका

## संसोधन २०८३

सखुवा प्रसौनी गाउँपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

Local Education Plan (2024/25-2033/34)

Sakhuwa Prasauni Rural Municipality, Parsa




सखुवा प्रसौनी गाउँपालिका

| | |
|---|---|
| **तयारकर्ता** | आरिफ अंसारी - संयोवक<br>महेश्वर चौधरी - सदस्य<br>डिल्लि बहादुर बढाथोकी - सदस्य<br>उमाकान्त मण्डल - सद्स्य<br>बिनोद महतो - सदस्य<br>शंकर महतो - सदस्य<br>कमला ओझैया -सदस्य<br>बिनोद प्रसाद यादव -सदस्य<br>नेपालइन्दु साह -सदस्य सचिव |
| **समीक्षा समितिका सदस्यहरू** | मिति: २०८२/१२/२७<br>भरत गिरी -शिक्षा शाखा प्रमुख<br>डिल्लि बहादुर बढाथोकी -सदस्य<br>शिव कुमार महतो |
| **प्रकाशक** | सखुवा प्रसोनी गाउपालिका |
| **प्रकाशन प्रति** | २० |
| **सर्वाधिकार** | प्रकाशकमा |
| **पहिलो प्रकाशन मिति** | २०८१ साल ०४ महिना १० गते |

## हाम्रो भनाइ

सखुवा प्रसौनी गाउँपालिकामा स्थानीय तहको निर्वाचन पश्चात् प्राप्त अधिकारअनुसार स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहमा हस्तान्तरण गरेको सन्दर्भमा विद्यालय शिक्षा लगायत समग्र शिक्षा क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्दै आएको सर्वविदित छ।

देश विकासका लागि योजनाले स्पष्ट मार्गदर्शन प्रदान गर्दछ। योजना एक निरन्तर चलिरहने प्रक्रिया हो, जसका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरू हासिल गर्दै समृद्धितर्फ उन्मुख हुन सकिन्छ। यसै परिप्रेक्ष्यमा सखुवा प्रसौनी गाउँपालिकाले शैक्षिक सुधार तथा गुणस्तर अभिवृद्धिका लागि शिक्षा क्षेत्र योजना (सन् २०२४–२०३३) तयार गरी कार्यान्वयनको चरणमा अगाडि बढाएको छ।

प्रस्तुत शिक्षा क्षेत्र योजना यस गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि १० वर्षे मार्गदर्शक दस्तावेज हो। यही मार्गनिर्देशनका आधारमा आगामी वर्षहरूमा शैक्षिक कार्यक्रमहरू तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ।

यस योजना निर्माण प्रक्रियामा सामाजिक विकास समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्र योजना निर्माण समिति, प्राविधिक समिति तथा अन्य सरोकारवाला महानुभावहरूबाट प्राप्त सहयोग, सुझाव तथा सल्लाहप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

जसवन्त यादव

अध्यक्ष

सखुवा प्रसौनी गाउँपालिका, पर्सा

## मेरो भनाइ

समावेशी, गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षाको सुनिश्चितता आजको प्रमुख आवश्यकता हो। शिक्षामा सबैको समान पहुँच, लैङ्गिक तथा सामाजिक विभेदरहित अवसर तथा प्रभावकारी शैक्षिक व्यवस्थापनमार्फत मात्र दिगो विकासका लक्ष्यहरू हासिल गर्न सकिन्छ। यसका लागि स्थानीय तहको सक्रिय भूमिका, स्पष्ट योजना तथा सहकार्य अपरिहार्य रहन्छ।

सखुवाप्रसौनी गाउँपालिकाले शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शिक्षाको पहुँच विस्तार, गुणस्तर अभिवृद्धि तथा समावेशीकरणलाई प्राथमिकतामा राख्दै विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रस्तुत शिक्षा क्षेत्र योजना यस दिशामा एक महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ, जसले शिक्षाको समग्र सुधारका लागि मार्गनिर्देशन प्रदान गर्ने विश्वास लिएको छु।

यस योजना निर्माणमा सहयोग पुऱ्याउने पालिका स्तरीय प्राविधिक कार्यदल, पिपल प्रमोट सेन्टर, शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समिति, सामाजिक विकास समिति लगायत सम्पूर्ण सरोकारवाला निकायहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै, गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, शिक्षकका पेशागत संघ–संगठन, विद्यार्थी, अभिभावक, राजनीतिक दल तथा तथ्याङ्क संकलनमा संलग्न सम्पूर्ण महानुभावहरू प्रति आभार प्रकट गर्दछु।

आगामी दिनमा यस योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आवश्यक सुधार तथा परिमार्जनका साथ अगाडि बढ्न सबै सरोकारवाला पक्षहरूको निरन्तर साथ, सहकार्य तथा रचनात्मक सुझावको अपेक्षा गर्दछु।

**संजीव कुमार यादव**
प्रमुख प्रशासकीय अधिकृत
सखुवाप्रसौनी गाउँपालिका, पर्सा

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

**प्राक्कथन**

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री वातावरण, समान सहभागिता तथा लैङ्गिक एवं सामाजिक भेदभावरहित अवसर सुनिश्चित गर्नु आजको प्रमुख आवश्यकता हो। प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको यथार्थपरक योजना निर्माण अपरिहार्य बनेको छ। दिगो विकास लक्ष्य, अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरूसँग सहकार्य गर्दै शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ।

सखुवा प्रसौनी गाउँपालिका, पर्सा अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयनका लागि विभिन्न योजना तथा कार्यक्रममार्फत निरन्तर रुपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। शिक्षा क्षेत्रको योजना तयार पार्ने क्रममा प्राविधिक सहयोग उपलब्ध गराउनुहुने पालिका स्तरीय प्राविधिक कार्यदल, पिपल प्रमोट सेन्टर प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस स्वरूपमा तयार पार्न महत्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई विशेष धन्यवाद ज्ञापन गर्दछौं। साथै, समय–समयमा सुझाव प्रदान गरी सहयोग पुऱ्याउनुहुने गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, शिक्षकका पेशागत संघ–संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल तथा तथ्याङ्क संकलनमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं। आगामी दिनहरूमा यस योजनालाई अझ परिष्कृत गर्दै प्रभावकारी कार्यान्वयनतर्फ उन्मुख गराउन रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

भरतगिरी
२०८२/०३/०३

**भरत गिरी**

शिक्षा तथा युवा खेलकुद शाखा-प्रमुख

सखुवा प्रसौनी गाउँपालिका, पर्सा

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

## विषयसूची


योजनाको सारंश ........ Error! Bookmark not defined.

१. विषय प्रवेशः ........ 10

२. स्थानिय तह शिक्षा अभियानको आवश्यकता र प्रभावकारिता ........ 11

३. सखुवाप्रसौनी गाँउपालिकामा योजना निर्माणको औचित्य ........ 11

४. सखुवाप्रसौनी मैनपुर गाँउपालिकामा शिक्षा योजना निर्माणका आधार ........ 12

५. शिक्षा योजना निमार्ण प्रक्रिया ........ 13

६. योजनाको लेखाजोखा ........ 14

७. योजना दस्तावेजको स्वरुप ........ 16

परिछेद १: परिचय ........ 23

१.१ वर्तमान अवस्था ........ 23

घ.शैक्षिक अवस्थाको विश्लेषण ........ 25

ङ. नीतिगत प्रवन्ध ........ 26

शिक्षा क्षेत्र विकास योजनाको कार्यान्वयन ........ 31

१.१ दीगो विकास लक्ष्यहरु ........ 31

परिच्छेद २ : दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य ........ 35

२.२ सखुवाप्रसौनी गाँउपालिकाको शैक्षिक दूरदृष्टि ........ 35

२.३ लक्ष्यM ........ 35

२.४ उद्देश्य ........ 35

२.५ रणनीति ........ 36

२.६. कार्यनीति ........ 37

२.७. अपेक्षित मुख्य उपलब्धि ........ 38

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ........ 39

३.१.२ प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान समस्या र चुनौतीहरुः ........ 42

३.२ आधारभूत शिक्षा ........ 47

३.२.१. सखुवा प्रसौनी गाँउपालिकाको वर्तमान अवस्था ........ 47

३.२.२ आधारभूत शिक्षामा देखिएका बिधमान चुनौतिहरु ........ 48

३.२.३ उद्देश्य ........ 49

३.२.४ रणनीतिहरु ........ 50

३.२.५ प्रमुख उपलब्धि तथा नतिजाहरु ........ 51

३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ........ 53

३.३ माध्यमिक शिक्षा ........ 61

३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम ........ 72

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई ........ 78

३.६.२ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः ........ 79

३.६.३. उद्देश्य ........ 79

३.६.४ रणनितिहरु ........ 80

३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 80

३.६.६ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य ........ 82

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ 85

४.१ पाठयक्रम तथा मुल्यांकन ........ 85

ख. नतिजा तथा परिमाणात्मक लक्ष्य ........ 89

४.१.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 90

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

४.३ शैक्षिक समता र समावेशीकरण ........ 105

४.३.२ शैक्षिक समता र समावेशीकरणका चुनौतीहरू ........ 107

४.३.२ उद्देश्यहरू ........ 107

४.३.३ शैक्षिक समता र समावेशीकरणका लागि रणनीतिहरू ........ 107

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 111

४.५.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 120

४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 124

परिच्छेद ५ : योजनाको नतिजा खाका (अन्य उपक्षेत्र) ........ 130

५.१ परिचय ........ 130

५.२ योजनाको समग्र नतिजा खाका ........ 130

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ........ 135

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 135

६.१.१ वर्तमान अवस्था ........ 136

६.१.२ उद्देश्य ........ 136

६.१.३ रणनीतिहरू ........ 136

६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप, र लक्ष्य ........ 137

६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 139

६.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 140

६.२.१ वर्तमान अवस्था ........ 140

६.२.२ मुख्य चुनौतीहरू: ........ 141

६.२.३ उद्देश्य ........ 141

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

६.२.४ रणनीति ..... 141

६.२.५ प्रमुख उपलब्धि तथा नतिजा ..... 142

६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 142

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन ..... 143

७.१ वर्तमान अवस्था ..... 144

७.२ शिक्षामा निजी लगानी ..... 145

७.३ शिक्षामा लगानी र चुनौतीहरू ..... 145

७.७ प्रमुख क्रियाकलाप र लक्ष्य ..... 148

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ..... 152

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

## योजनाको सारांश

नेपालले सन् २०२५ सम्म गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ। यसका लागि राष्ट्रिय शिक्षा क्षेत्रीय योजना (LESP) अन्तर्गत संघीय, प्रदेश र स्थानीय तहले विभिन्न क्रियाकलाप संचालन गरेका छन् । यस योजनाले विशेष गरी बालबालिकाको सिकाई परिणाम सुधार गर्ने, शिक्षामा समावेशीकरणको प्रवर्द्धन गर्ने र शिक्षाका लागि दिगो पूर्वाधार विकास गर्ने उद्देश्य राखेको छ ।

सन् २०२५ सम्मका लागि तय गरिएको योजनामा शिक्षा नीति तथा कार्ययोजना कार्यान्वयनमा प्रादेशिक शिक्षा सुधार पहल र स्थानीय तहका शिक्षा कार्यालयहरूलाई सक्रिय बनाइएको छ । यस क्रममा शिक्षाका लागि विभिन्न स्रोत परिचालन गरी स्थानीय शिक्षा योजना (LESP) तयार गर्न तथा लागु गर्न जोड दिइएको छ ।

यसका साथै, शिक्षा क्षेत्रमा डिजिटल प्रविधि, बालमैत्री पूर्वाधार निर्माण र दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्न विशेष ध्यान दिइएको छ । संघीय सरकार र अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोगमा शिक्षामा गुणस्तर सुधार गर्न थुप्रै कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

सारांशमा, नेपालको शिक्षा क्षेत्रमा सुधारका लागि सन् २०३० सम्म शिक्षा नीति तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ । गुणस्तरीय, समावेशी र लचिलो शिक्षाका लागि ठोस कदम चालिएको छ ।

### विषय प्रवेश

विद्यालय शिक्षा सुधार कार्यक्रमअन्तर्गत कार्यान्वयन गरी प्राप्त सफलताहरूलाई उजागर गर्दै शिक्षा क्षेत्रमा गुणस्तर, पहुँच, समावेशिता र दिगोपन सुनिश्चित गर्नका लागि शिक्षा अभियानको नयाँ अवधारणा प्रस्तुत गरिएको छ । नेपालका विश्वविद्यालय तहका शिक्षाका सुधारका लागि विश्वविद्यालय शिक्षा क्षेत्र अभियान सञ्चालनमा रहेको छ । त्यसैगरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको अभियानलाई थप सशक्त बनाउन काम भइरहेको छ ।

स्थानीय तहमा पनि २०२५ सालदेखि प्रारम्भ गरिएको बालमैत्री तथा गुणस्तरीय शिक्षाका लागि स्थानीय संरचनाहरू सक्रिय रूपमा कार्यान्वयनमा रहेको देखिएको छ । समग्रमा शिक्षा प्रणालीमा रहेका चुनौतीहरूलाई समाधान गर्दै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने उद्देश्यले यस अभियानलाई व्यवस्थित रूपले अगाडि बढाइएको छ ।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

## स्थानीय तह शिक्षा अभियानको आवश्यकता र प्रभावकारिता

नेपालको शिक्षा प्रणाली, विद्यालय शिक्षा क्षेत्र, सामुदायिक र निजी शिक्षाका कार्यक्रमहरू, शिक्षक व्यवस्थापन, पाठ्यक्रम सुधार तथा शैक्षिक संरचनाको पुनर्संरचनाको आवश्यकताले प्रेरित भएर स्थानीय तहमा शिक्षा अभियान सञ्चालनमा आएको हो । शिक्षा क्षेत्रमा गुणस्तर सुधार, पहुँच विस्तार र समावेशिता सुनिश्चित गर्न, स्थानीय तहका शिक्षा योजनाहरूलाई प्रभावकारी बनाउँदै लैजाने उद्देश्यले स्थानीय सरकार, सरोकारवाला निकाय र शिक्षासँग सम्बन्धित साझेदार संस्थाहरूको सहकार्यमा अभियान अघि बढाइएको छ ।

शिक्षा अभियानले शिक्षामा रहेका चुनौतीहरू समाधान गर्दै गुणस्तरमा सुधार, सहभागिता र दिगोपनका सिद्धान्तहरूको प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। यसै अन्तर्गत, बालमैत्री र गुणस्तरीय शिक्षाका लागि २०२५ सालदेखि आरम्भ गरिएका कार्यक्रमहरूको स्थानीय तहमा प्रभावकारी कार्यान्वयन भई रहेको छ।

नेपालको शिक्षा क्षेत्र रणनीति (Education Sector Plan) को भागको रूपमा स्थानीय तहका योजना र कार्यक्रमहरूलाई सहजीकरण गर्दै, शैक्षिक संरचनाको पुनर्संरचना, शिक्षकहरूको क्षमता विकास, पाठ्यक्रम अनुकूलन, र विद्यार्थी-अभिमुख सुधारका पहलहरूलाई थप सशक्त बनाउन काम भइरहेको छ।

यस अभियानले शिक्षामा नवप्रवर्तन, दीगो विकासका लक्ष्यहरूसँग मिल्ने शैक्षिक उपलब्धिहरू, र सहभागी शिक्षाको दृष्टिकोणलाई संस्थागत गर्न योगदान पुऱ्याएको छ। त्यसैले, स्थानीय तहमा यस अभियानको निरन्तरताका लागि सहकार्य, अनुगमन, र मूल्याङ्कनलाई व्यवस्थित रूपमा अघि बढाउनु पर्ने देखिन्छ।

## सखुवाप्रसौनी गाँउपालिकामा योजना निर्माणको औचित्य

विभिन्न तहमा लागु गरिने शिक्षाको व्यवस्थापन (Vertical/Horizontal प्रणालीमा आधारित) स्पष्ट गर्ने।

स्थानीय र प्रादेशिक तहमा हुने कार्यहरूलाई शिक्षामा प्रभावकारी रुपमा समावेश गर्न अनुगमन, समीक्षा र प्रयोगात्मक कार्यान्वयन सुनिश्चित गर्ने।

कार्यान्वयन र अनुगमन प्रक्रियामा संलग्न भएका चुनौतीहरू, असफलताहरू, र उपलब्धिहरूलाई विश्लेषण गर्दै सुधारको सिफारिस दिने।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
नेपाल

समावेशी शिक्षामा सुधार गर्न नीति, योजना र कार्यान्वयनलाई प्रभावकारी बनाउँदै सबैका लागि समान अवसर सुनिश्चित गर्ने।

शिक्षाको गुणस्तर सुधार गर्न राष्ट्रिय र स्थानीय स्तरमा परिणाममुखी कार्यहरू अघि बढाउने।

## सखुवा प्रसौनी गाँउपालिकामा शिक्षा योजना निर्माणका आधार

यस गाँउपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइ निमार्ण गरिएको छ यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री तथा विज्ञहरुको सल्लाह सुझाव लिई शिक्षा योजना निर्माण गरिएको कार्य भएको हो

नेपालको संबिधान

सोह्रौं आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

सङ्घ, प्रदश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली २०७७ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

विद्यालय शिक्षामा समता रणनीति

दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

स्थानीय तहको मध्यमकालीन खर्च संरचना

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

पालिका स्तरीय शिक्षा योजना निमार्ण कार्यदल गठन तथा परिचालन

विद्यालय सधुार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

यो शिक्षा योजना निमार्ण कार्य गर्दा यस पालिका भित्र रहेका सबै शाखा तथा उप शााखाहरुको सक्रिय सहभागितामा विभिन्न पटकको बैठक तथा छलफलबाट यो मस्यौदा तयार गरिएको छ । जहाँ बिधालयले बनाएको बिधालय शिक्षा योजना र नमुना बिधालय विकास योजनालाई कार्यान्वयन गर्न तथा योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यलाई प्रमुख आधार मानि  योजना योजना विचको अन्तरसम्बन्ध कायम हुन गरि योजना तर्जुमा गरिएको छ ।

## शिक्षा योजना निमार्ण प्रक्रिया

यस गाँउपालिकाको शिक्षा योजना निमार्ण कार्य गर्दा पहिलो गाँउ शिक्षा समितिको बैठक गरि शिक्षा योजनाको बारेमा विस्तृत जानकारी गराइ यसले समग्र पालिकाको शिक्षा क्षेत्रमा पारेको सकरात्मक प्रभाव तथा निकट भविष्यमा पालिकाको अवस्था कस्तो रहने छ भनी डाटाले देखाउन कार्यलाइ आधार बनाइ निमार्ण प्रक्रिया अगाडि बढाइएको छ। जस अनुसार तपसिलका कार्यहरु गरिएको छ ।

गाँउकार्यपालिका स्तरीय  बैठक

योजना निर्माण समितिको गठन

स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण

गाउ-टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक,

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यतिmसगँ सम्बन्धित

सङ्घसस्थालगायत विभिन्न सरकारी,गैरसरकारी सङ्घससंथा आदि) सगँ भेला छलफल गरी सुझाव

स्थानीय तह तथा विद्यालय स्तरीय छलफल

योजनाको मस्यौदा तयारी

मस्यौदा माथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

योजनाको अन्तिम मस्यौदा तयारी

वाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव संकल्न तथा  समायोजन

स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्यन

**योजनाको लेखाजोखा**

शिक्षा योजना निमार्ण पश्चात यसको विश्वसनीयता, वस्तुनिष्ठ दिगोपन र आर्थीक लगानी योग्य छ कि छैन भनेर यस नगरपालिका भित्र तथा बाहिरका  विभिन्न शाखा तथा उप शााखहरु सँगको समन्वय गरि यसको राम्रा तथा सुधार गर्नु पर्ने पक्षहरुको सहि विश्लेषण गरि लेखाजोखा गरिएको जसमा सखुवा प्रसौनी गाँउपालिको तपसिलका पक्षहरुलाई सहभागिता हुने गरि योजनाको लेखाजोखा गरेको छ  ।

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा हभागिता (Leadership and participation) | योजना निर्माणमा सखुवा प्रसौनी गाउँपालिकाले नेतृत्व लिइएको थियो र शिक्षाका सरोकारवालाहरुको योजनाको हरेक चरणमा सहभागिता गराएको । |
| २ | प्रयाप्ता तथा सान्दर्भिकता (adequacy and relevance ) | योजनामा समाबेश गरिएको रणनिति, कार्यक्रम तथा कृयकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतिलाई सम्बोधन गर्ने खालका छन । योजना बनाउन भन्दा अगाडी तययपिष्त मा सम्पुर्ण सुचनाहरु भरेको सोह्री औजार (tools) ले प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ  । |
| ३ | समता, सक्षमता तथा गुणस्तर ( Equity, efficiency and quality) | Toolkits आधारित प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ, जसले सबै तह, वर्ग, अवस्था महिला पुरुषको मुद्दहरुलाई सम्बोधन गर्न कार्यक्रम समाबेश गरिएको छ। |
| ४ | अन्तर सम्बन्ध (coherence) | शिक्षा योजनाले पालिका भित्र निर्माण भएका योजना जस्तै कृषि, स्वास्थ्य, पुर्वाधार, पोषण आदिसंग तादम्त्य मिलाएको छ साथै यसले विधालय सुधार योजना, शिक्षक सुधार योजना संग पनि अन्तर सम्बन्ध |

| | | |
|---|---|---|
| | | मिलाइएको छ । योजनाले राष्टिय शिक्षा निति तथा विधालय शिक्षा क्षेत्र योजनासंग पनि अन्तर सम्बन्ध विकास गर्नुको साथै योजनमा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषय बीच अन्तर सम्बन्ध कायम गरेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भीकता | योजनमा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषय बीच अन्तर सम्बन्ध कायम गरेको छ। साथै लाक्षित बर्गलाई प्रत्यक्ष लाभ पुग्ने किसिमले कार्यक्रम र रणनितिहरुको निर्माण गरिएको छ । |
| ६ | स्रोतको प्रवन्ध | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि स्रोतको आधारमा निर्धारण गरिएको छ र |
| ७ | संस्थागत क्षमता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरुलाई निश्चित समयावधि प्रभावकारी कार्यान्वयनको लागि मानवीय स्रोतको क्षमता अभिबृद्धिका जस्तै तालिम, अन्तरकृया आदि जस्ता कार्यक्रमहरु समाबेश गरिएको छ । |
| ८ | कार्यान्वय तत्परता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि तथा स्रोतको आधारमा निर्धारण योजनाको लागि आवश्यक चरणहरु पुरा गरेको छ र सबैको साझा प्रतिवद्धता प्राप्त भएको छ । |
| ९ | तथ्यांक विशलेषण तथा प्रक्षेपण | मानव स्रोत तथा शिक्षा विकास केन्द्र (CHERD) ले तयार गरेको तययपिष्तक लाई आधार बनाई तथ्यांक संकलन गरेको तथा त्यहि तययकि ले गरेको तथ्यांक विश्लेषणको आधारमा कार्यक्रम तथा रणनितिहरु तय गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | योजना कार्यान्वयन गर्ने मुल्यांन गर्ने तथा त्यसको आध्वधि गर्ने कार्य कायदललाइ दिएको छ साथै पालिका प्रमुख, उपप्रमुख तथा प्रमख प्रशासकिय अधिकृत र अन्य शाखाका प्रमुखहरु तथा सहयोग संस्था समिलित संयुत अनुगमन ( Joint Monitoring) समिती गर्ने ब्यवस्था योजनामा गरिएको छ । |

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पर्सा
सखुवा प्रसौनी, मधेश प्रदेश, नेपाल

## योजना दस्तावेजको स्वरुप

स्थानीय तहको यस योजनाको स्वरूपलाई तल भए बमोजिमको ढाँचाभित्र रही तयार गर्नुपर्दछ ।

## स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा

योजनाको सारंश

१. बिषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

३. स्थानीय तहमा योजना निर्माणको औचित्य

४. शिक्षा योजना निर्माणका आधार

५. शिक्षा योजना निर्माण प्रक्रिया

६. योजना लेखाजोखा

७. योजना दस्तावेजको स्वरूप

परिच्छेद १: परिचय

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण

१.४ अवसर

परिच्छेद २: दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य

२.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार

२.२ सखुवा प्रसौनी गाउँपालिकाको दुरदृष्टि

२.३ लक्ष्य

२.४ उद्देश्य

२.५ रणनीति

२.६ कार्यनीति

२.७ अपेक्षित मुख्य उपलब्धि

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३: बिधालय शिक्षाका मुख्य उपक्षेत्रहरु

३.१ बालविकास र शिक्षा

३.१.१ सखुवा प्रसौनी गाउँपालिकाको वर्तमान अवस्था

३.१.२ उदेश्य

३.१.३ रणनीतिहरू

३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

३.२ आधारभूत शिक्षा

३.२.१. सखुवा प्रसौनी गाउँपालिकाको वर्तमान अवस्था

३.२.२ उद्देश्य

३.२.३ रणनीतिहरु

३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

३.३ माध्यमिक शिक्षा

३.३.१ वर्तमान अवस्था

३.३.२. उद्देश्यहरु

३.३.३ रणनितिहरु

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम

३.४.१ वर्तमान अवस्था

३.४.२. उद्देश्य

३.४.३ रणनीति

३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

३.५.१ वर्तमान अवस्था

३.५.२. उद्देश्य

३.५.३ रणनितिहरु

३.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

३.५.५ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू**

४.१ पाठयक्रम तथा मुल्यांकन

४.१.१. वर्तमान अवस्था

४.१.२ उद्देष्य

४.१.३ रणनितिहरु

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

४.१.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

४.२ शिक्षक व्यवस्थापन र विकास

४.२.१ बर्तमान अवस्था

४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

४.२.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

४.३ शैक्षिक समता र समावेशीकरण

४.३.१ वर्तमान अवस्था

४.३.२ उद्देश्यहरू

४.३.३ रणनीतिहरू

४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

४.४.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

४.४ बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.४.१ वर्तमान अवस्था

४.४.२ उद्देश्य

४.४.३ रणनीतिहरू

४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

४.४.५ प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य

४.५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता

४.५.१ वर्तमान अवस्था

४.५.२ उद्देश्यहरू

४.५.३ रणनीतिहरू

४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.६.१ वर्तमान अवस्था

४.६.२ उद्देश्य

४.६.३ रणनीतिहरू

४.६.४ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

४.६.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि

४.७.१ वर्तमान अवस्था

४.७.२ उद्देश्यहरू

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

४.७.३ रणनीतिहरू

४.७.४ नतिजा, क्रियाकलाप तथा लक्ष्य

४.७.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

परिच्छेद ५: योजनाको नतिजा खाका (अन्य उपक्षेत्र)

५.१ योजनाको समग्र नतिजा खाका

तालिका ५.१ योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू

परिच्छेद ६: सुशासन तथा व्यबस्थापन

६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

६.१.१. वर्तमान अवस्था

६.१.२ उद्देश्य

६.१.३ रणनीतिहरू

६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

६.२ स्थानीय शिक्षा योजान कार्यान्वनको प्रबन्ध

६.२.१ वर्तमान अवस्था

६.२.२ उद्देश्य

६.२.३ रणनीति

६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

६.२.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

७.१ वर्तमान अवस्था

शिक्षामा राज्यको लगानीको अवस्था

शिक्षामा निजी लगानी

७.२ उद्देश्य

७.३ रणनीतिहरू

७.४ प्रमुख उपलब्धि

७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

७.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

८.१ वर्तमान अवस्था

८.२ उद्देश्य

८.३ रणनीति

८.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

८.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

# परिछेद १: परिचय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ज मा आधारभूत तथा माध्यमिक शिक्षाको संचालन तथा व्यवस्थापन गर्ने अधिकार दिइएको छ । सोही आधारमा बृहत दायित्व बोध हुनेगरी शिक्षाको विकास गर्नु अनिवार्य हुन जान्छ ।

कुनै पनि क्षेत्रको विकास "योजना विना" अधुरो हुने हुदा सुरुमा नै योजना निर्माण गर्नु पर्दछ । त्यसैले विभिन्न कालखण्डमा शिक्षा क्षेत्रको विकास गर्न योजना निर्माण गरेको इतिहास छ । राणाकालमा पनी शिक्षाको विकास गर्न नखोजेका हेइन, तर ठोस योजना विना शिक्षाको विकास गर्न खेजदा उपलब्धी मुलक नभएको जस्तो देखिन्छ । व्यवस्थितरुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना २०३२-२०२८)) हुदै विभिन्न समयमा विभिन्न योजना परियोजना र कार्यक्रम लागु भएका छन । पछिल्लो चरणमा दीगो विकासका लागि शिक्षा कार्यक्रम मा उल्लि (२०३०-२०१५)खित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना -सन् २००९)२०१५(. विद्यालय क्षेत्र विकास योजना को मान्यताको आधारमा (२०२२-२०१६) सखुवा प्रसौनी गाउँपालिकाले नगरशिक्षा योजना वि(२०९०-२०८१) .स. निर्माण गरी सखुवा प्रसौनी राजपत्रमा प्रकासित गरीसकिएको छ । राष्ट्रिय तहमा बनेका विधालय क्षेत्र विकास योजना सन् ) को समाप्ती संगै शिक्षा क्षेत्रको योजना (२०२२-२०१६)Education Sector Plan -ESP) आगामी १० वर्ष शिक्षा विकासको दृष्टिकोण सहित निरर्माण गर्न सन् २०२४२०३३-का

लागी सखुवाप्रसौनी गाउँपालिका शिक्षा शाखाले यो शिक्षा योजना तयार गरेको हो ।

## १.१ वर्तमान अवस्था

नेपालको बर्तमान संविधानुसार पुरानो संरचनालाई पुनः संरचना गर्दा शिक्षाको पनि संस्थागत संरचना भएको पाइन्छ पहिला शिक्षाको सम्पुर्ण कार्य जिल्ला शिक्षा कार्यालय तथा स्रोत केन्द्रहरु मार्फत संचालन भइरहेको हुदाँ शिक्षा सम्बन्धि सबै कार्यहरु एउटा लयमा संचालन भइरहेको थियो तर देश संघियतामा गइसकेपछि विधालय शिक्षाको सम्पुर्ण कार्य स्थानीय तहलाई दिई सकेपछि शुरुको पाँच बर्षमा संघ र स्थानीय बीच अधिकार क्षेत्रलाई लिएर केहि अन्योलता भएता पनि हाल त्यो समस्या समाधन भएको पाइन्छ । विधालय शिक्षा स्थानीय निकायको जिम्मा आइसकेपछि अवसर र चुनौति दुवै एकै चाटि आएको छ अवसर यो मानेमा कि शिक्षामा देखिएको समस्यालाई स्थानीय स्तरबाटै प्राथमिकताको आधारमा समबोधान गर्न सकिन्छ भन्ने चुनौती मानव स्रोतको अभाव, गुणास्तरियता सुनिश्चितताको लागि पालिकाको

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा

स्रोत अभावको कारण ससर्तअनुदानमा आधारित हुनु तथा शिक्षक व्यवस्थापनमा चुनौतीको रुपमा देखिन्छ । यस पालिकामा सबै प्रकारको विधालय संख्या ३२ रहेको छ र समुदायीक विधालय २९ छ । ४ वटा सामुदायिक अध्ध्यन केन्द्र तथा प्रविधि धार भएको विधालय १ वाट छ बालविकासमा खुद भर्ना दर ६९.९.प्रतिशत छ जुन राष्टिय औषत भन्दा निकै कम देखिन्छ । कक्षा १ मा खुद भर्ना दर ६९.६, कक्षा १ देखि ५ सम्मका खुद भर्नादर ९७.७, कक्षा ६ देखि ८ सम्मको खुद भर्ना दर ८४, र कक्षा ९ देखि १० सम्मको खुद भर्नादर जम्मा १४ प्रतिशत तथा कक्षा ११ र १२ को खुद भर्ना दर ४.४ रहेको जसले सहि उमेरमा सहि कक्षामा रहेको छ जसले विधालय भर्ना दर नाजुक अवस्थालाई चित्रण गर्दछ त्यसै गरि विधालयम विधार्थीको टिकाऊ दरको कुरा गर्ने हो भन्ने कक्षा ५ को टिकाउः दर ५४.३ प्रतिशत, र कक्ष १ देखि ८ सम्मको दिकाउ दर मात्र २७.३ रहेको छ र कक्षा १ देखि १० को २५.१ रहेको छ जस्ले बीचैमा काक्षा छोड्नेको संख्या अत्यधिका मात्रमा देखिन्छ यसै गरि बीचमै कक्षा छोड्ने दर कक्षा १ मा ११.२ प्रतिशत र कक्षा १ देखि ८ सम्मको ११.२ छ जुन शिक्षा सुधारकोलागि राम्रो संकेत होइन यस अवस्थालाई सुधार्ने शिक्षाको हरेक क्षेत्र जस्तै शिक्षक व्यवस्थापन, क्षमताअभिबृद्धि, व्यवस्थापन समिती गठन तथा परिचालन, अभिभावक परिचालन आदि कार्य एकै पटक योजनाबद्ध रुपले गर्न आवश्यक देखिन्छ ।

## क.भौगोलिक तथा जनसाङ्ख्यिक स्वरुप

यो गाउँपालिका पर्सा जिल्लाको सदरमुकाम बिरगंज माहानगरपालिका देखी २४ कि.मी. पश्चिममा अवस्थित रहेको छ । सखुवा प्रसौनी नामबाट परिचित यो गाउँपालिका नेपालको संविधान २०७२ भाग ५ मा व्यवस्था भए अनुसार राज्यको संरचना गर्ने क्रममा नयाँ स्थानीय तहको रुपमा घोषणा भई नेपाल राज्यपत्रमा प्रकाशित मिति २०७४।४।२६ गते बाट संचालनमा आएको हो । लगभग ७४.२७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यो गाउँपालालिका ६ वडामा विभाजित रहेको साथै यस गाउँपालिकाका साविक गाविसहरु क्रमशस् सखुवा प्रसौनी , देउरवाना, महुवन, लखनपुर, मधुवन मथौल र कौवबन कटैया यस गाउँपालिकाको कुल जनसंख्या ३५३९९ रहेको छ जसमा पुरुषको जनसंख्या १७६९७ र महिलाको जनसंख्या १७७०२ रहेको छ ।

## ख.सामाजिक तथा सांस्कृतिक अवस्था

सखुवा प्रसौनी गाँउपालिकाको सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु कोइरी, चौरसिया, ,,यादव, मलाह,, तेली, रौनियार, मुस्लिम, थारु, माझी, पहाडी आदि हुन। यहाँ भोजपुरी मातृभाषा भएको समुदाय रहेको छ

। यो स्थानीय तहमा हिन्दू, र मुस्लिम धर्मावलम्बीहरु बसोबास गर्छन भने उनीहरुले दशैं, तिहार, छठपर्व, माघेसंक्रान्ति र फागुपुर्णिमा, जनै पूर्णिमा, तीज, पञ्चमी, जस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह(अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ ।

## ग.आर्थिक अवस्था

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन यस गाँउपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका बासिन्दा मुख्य गरी कृषिमा निर्भर छन । यहाँ धान, गहु, सरसो, तरकारी खेती हुने गर्छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । भारतीय सिमाना सँग जोडीएको कारण यहाँका अधिँकास मानिसहरु भारत तिर व्यापार तथा कामको लागि जाने गरेको पाइन्छ । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड(१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ। क.

यो प्रक्षेपण कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दा यसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (न्मए) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड ( १९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने नेपालमा पनि विभिन्न पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नभएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

## घ.शैक्षिक अवस्थाको विश्लेषण

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक

व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यस पालिककाको शैक्षिक अवस्थाको तथ्यांकले

सबै प्रकारको विधालय संख्या ३२ रहेको छ र समुदायीक विधालय २९ छ । ४ वटा सामुदायिक अध्ध्यन केन्द्र तथा प्रविधि धार भएको विधालय १ वाट छ बालविकासमा खुद भर्ना दर ६९.९.प्रतिशत छ जुन राष्टिय औषत भन्दा निकै कम देखिन्छ । कक्षा १ मा खुद भर्ना दर ६९.६. कक्षा १ देखि ५ सम्मका खुद भर्नादर ९७.७. कक्षा ६ देखि ८ सम्मको खुद भर्ना दर ८४.र कक्षा ९ देखि १० सम्मको खुद भर्नादर जम्मा १४ प्रतिशत तथा कक्षा ११ र १२ को खुद भर्ना दर ४.४ रहेको जसले सहि उमेरमा सहि कक्षामा रहेको छ जसले विधालय भर्ना दर नाजुक अवस्थालाई चित्रण गर्दछ त्यसै गरि विधालयम विधार्थीको टिकाऊ दरको कुरा गर्ने हो भन्ने कक्षा ५ को टिकाउः दर ५४.३ प्रतिशत. र कक्ष १ देखि ८ सम्मको दिकाउ दर मात्र २७.३ रहेको छ र कक्षा १ देखि १० को २५.१ रहेको छ जस्ले बीचैमा काक्षा छोड्नेको संख्या अत्यधिका मात्रमा देखिन्छ यसै गरि बीचमै कक्षा छोड्ने दर कक्षा १ मा ११.२ प्रतिशत र कक्षा १ देखि ८ सम्मको ११.२ छ जुन शिक्षा सुधारकोलागि राम्रो संकेत होइन यस अवस्थालाई सुधार्ने शिक्षाको हरेक क्षेत्र जस्तै शिक्षक व्यवस्थापन. क्षमताअभिबृद्धि. व्यवस्थापन समिती गठन तथा परिचालन. अभिभावक परिचालन आदि कार्य एकै पटक योजनाबद्ध रुपले गर्न आवश्यक देखिन्छ

### ङ. नीतिगत प्रवन्ध

नेपालको संविधान. २०७२ को भाग ३. धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक. आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशल्क. माध्यमिक तहसम्मको शिक्षा निःशल्क. आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी. जीवनोपयोगी. प्रतिस्पर्धी एवम गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन. २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली. २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन. २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकाररकार्यहरु प्रदान गरे अनुरुप सखुवा प्रसौनी गाउँपालिकाको नगर शिक्षा विधयक.शिक्षा ऐन निर्माण लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया. पेशागत क्षमता विकास. शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् ।यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

## च.शैक्षिक उपलब्धिको अवस्था

| **१) कक्षागत रुपमा सन्चालित बिद्यालयहरुको बिबरण (Schools Running by Grades)** | L_Basic (1-5) | U_Basic (6-8) | Sec (9-10) | Sec (11-12) |
|---|---|---|---|---|
| कक्षागत र तहगत जम्मा बिद्यालय सङ्ख्या (सबै प्रकारका) | 32 | 13 | 4 | 3 |
| कक्षागत र तहगत सबै प्रकारका समुदायिक जम्मा बिद्यालय सङ्ख्या | 29 | 12 | 4 | 3 |
| जम्मा समुदायिक बिद्यालयमध्ये अनुमति प्राप्त कक्षाग र तहगत बिद्यालय सङ्ख्या (शुन्य दरबन्दी भएका) | 8 | 7 | 2 | 2 |
| जम्मा सामुदयिक बिद्यालयमध्ये बिशेष बिद्यालयहरुको सङ्ख्या (बिभिन्न अपाङ्गताका भएका बालबालिकाका लागि) | 1 | 0 | 0 | 0 |
| जम्मा सामुदयिक बिद्यालयमध्ये धार्मिक बिद्यालयहरुको सङ्ख्या | 1 | 2 | 0 | 0 |
| जम्मा सामुदयिक बिद्यालयमध्ये घुम्ती बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 |
| जम्मा सामुदयिक बिद्यालयमध्ये समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 |

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| जम्मा सामुदयिक बियालयमध्ये आवासिय सुबिधा सहितका बियालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 |
| प्राबिधिक धार सहितका जम्मा सामुदयिक बियालयहरुको सङ्ख्या (कक्षा ९-१२) | 0 | 0 | 0 | 1 |
| नमूना बियालय कार्यक्रम सहितका सामुदयिक बियालयहरुको सङ्ख्या (कक्षा ९-१२) | 0 | 0 | 0 | 0 |
| बिज्ञान बिषय सहितका जम्मा बियालयहरुको सङ्ख्या (सबै प्रकारका कक्षा ११-१२) | 0 | 0 | 0 | 0 |
| बिज्ञान बिषय सहितका जम्मा सामुदयिक बियालयहरुको सङ्ख्या (कक्षा ११-१२) | 0 | 0 | 0 | 0 |
| अनौपचारिक बैकल्पिक र प्रौढ बियालय | 3 | | | |
| सामुदायिक अध्ययन केन्द्र | 4 | | | |

**२. प्रारम्भिक बाल बिकाश तथा शिक्षा**

| | | |
|---|---|---|
| २.१ | कुल भर्नादर (प्रतिशत) | 85.4 |
| २.२ | खुद भर्ना दर (प्रतिशत) | 69.9 |
| २.३ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको (प्रतिशत) | 27.1 |

**३. आधारभुत शिक्षा**

| | | |
|---|---|---|
| ३.१ | कक्षा १ मा कुल प्रवेश दर (प्रतिशत) | 106.9 |

सखुवा प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सखुवा प्रसौनी, पर्सा मधेश प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ३.२ | कक्षा १ मा खुद प्रवेश दर (प्रतिशत) | 69.6 |
| ३.३ | कक्षा १-५ मा कुल भर्ना दर (प्रतिशत) | 130.3 |
| ३.४ | कक्षा १-५ मा खुद भर्ना दर (प्रतिशत) | 97 |
| ३.५ | कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | 23.3 |
| ३.६ | कक्षा १-८ मा कुल भर्ना दर (प्रतिशत) | 109.7 |
| ३.७ | कक्षा १-८ मा खुद भर्ना दर (प्रतिशत) | 84.4 |
| ३.८ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक (प्रतिशत) | 1.20 |
| ३.९ | कक्षा ८ सम्म टिकाउ दर (प्रतिशत) | 27.3 |
| ३.१० | ५-१२ बर्ष उमेरका बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | 0.2 |
| ३.११ | आधारभुत तह कक्षा १ देखि ८ सम्म पुनः उहि कक्षा दोहरयाउने दर | 6.9 |
| ३.१२ | आधारभुत तह कक्षा १ देखि ८ सम्म बीचैमा कक्षा छोड्ने दर | 13.8 |
| ३.१३ | आधारभुत तह कक्षा १ देखि ८ सम्म कक्षोउन्नति दर | 79.3 |

**४. माध्यमिक शिक्षा**

| | | |
|---|---|---|
| ४.१ | कुल भर्नादर कक्षा ९-१० | 66.6 |
| ४.२ | खुद भर्ना दर कक्षा ९-१० | 14.1 |
| ४.३ | कुल भर्नादर कक्षा ११-१२ | 26.2 |
| ४.४ | खुद भर्नादर कक्षा ११-१२ | 4.8 |
| ४.५ | कुल भर्नादर कक्षा ९-१२ | 45.4 |

| | | |
|---|---|---|
| ४.६ | खुद भर्नादर कक्षा ९-१२ | 9.1 |
| ४.७ | कक्षा ९-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | 1.03 |
| ४.८ | कक्षा ९ मा पुनः उहि कक्षा दोहरयाउने दर | 0.2 |
| ४.९ | कक्षा ९ मा बीचैमा कक्षा छोड्ने दर | 8.7 |
| ४.१० | कक्षा ९ मा कक्षोउन्नति दर | 91.1 |
| ४.११ | कक्षा १० मा पुनः उहि कक्षा दोहरयाउने दर | ० |
| ४.१२ | कक्षा १० मा बीचैमा कक्षा छोड्ने दर | ० |
| ४.१३ | कक्षा १० मा कक्षोउन्नति दर | 100 |
| ४.१४ | कक्षा ११ मा पुनः उहि कक्षा दोहरयाउने दर | ० |
| ४.१५ | कक्षा ११ मा बीचैमा कक्षा छोड्ने दर | ० |
| ४.१६ | कक्षा ११ मा कक्षोउन्नति दर | 71.3 |
| ४.१७ | कक्षा १२ मा पुनः उहि कक्षा दोहरयाउने दर | ० |
| ४.१८ | कक्षा १२ मा बीचैमा कक्षा छोड्ने दर | ० |
| ४.१९ | कक्षा १२ मा कक्षोउन्नति दर | 79.5 |

शैक्षिक उपलब्धिको अवस्थालाई हेर्दा, विभिन्न तहका बियालयहरूको संख्या र पहुँचमा ठूलो भिन्नता देखिन्छ। प्राथमिक (१-५) तहमा बियालयहरूको संख्या धेरै भए पनि माध्यमिक (९-१२) तहमा बियालयको संख्या कम छ। सामुदायिक बियालयहरूको संख्या २९ भए पनि तीमध्ये अनुमति प्राप्त (शून्य दरबन्दी भएका) बियालयहरूको संख्या निकै थोरै छ।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

विशेष आवश्यकता भएका बालबालिकाका लागि छुट्टै बिद्यालय र धार्मिक शिक्षासहितका बिद्यालयहरूको उपस्थिति न्यून छ। प्राविधिक र नमूना बिद्यालयहरू स्थापनामा पनि पर्याप्त प्रगति भएको छैन।

प्रारम्भिक बाल विकासको क्षेत्रमा कुल भर्ना दर ८५.४% भए पनि खुद भर्ना दर ६९.९% मात्र छ, जसले सबै बालबालिकाले शिक्षा पाउने सुनिश्चितता नभएको देखाउँछ। आधारभूत तह (१-८) मा कुल भर्ना दर उच्च (१३०.३%) भए पनि टिकाउ दर निकै कम (२३.३%) छ। यसमा कक्षा दोहराउने दर (६.९%) र कक्षा छोड्ने दर (१३.८%) ले शिक्षाको गुणस्तर र निरन्तरतामा चुनौती देखाउँछ।

माध्यमिक तह (९-१२) मा भर्ना दर अझै कम छ। कक्षा ९-१० मा कुल भर्ना दर ६६.६% र खुद भर्ना दर १४.१% मात्र छ। कक्षा ११-१२ मा यो दर झन् घटेर क्रमशः २६.२% र ४.८% पुगेको छ। यद्यपि, कक्षा उन्नतिको दर कक्षा १० मा १००% छ, जसले यो तहमा केही सुधार भएको देखाउँछ। कक्षागत टिकाउ दर सुधार गर्न आवश्यक देखिन्छ, किनभने माध्यमिक तहमा बीचैमा कक्षा छोड्ने बालबालिकाको समस्या भनेझैं छ।

यसले शिक्षा क्षेत्रमा अझै सुधार र लगानीको आवश्यकता देखाएको छ। विशेषगरी, समावेशी र प्राविधिक शिक्षा, टिकाउ दर, र लैङ्गिक समता सूचकांकलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ। समग्रमा, शिक्षामा केही प्रगति भए पनि अझै सुधारका धेरै सम्भावना छन्।

**शिक्षा क्षेत्र विकास योजनाको कार्यान्वयन**

स्थानीय तहको शिक्षा योजना (२०८१-२०९०) ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु परिकल्पना गरि अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले सखुवा प्रसौनी गाउँपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदमी गरे तापनि जडा गाडेको केही समस्या दरबन्दी, दरबन्दी अनुसार शिक्षक व्यवस्थापन सम्बन्धी समस्या, शैक्षिक समस्या तथा शैक्षिक समस्या प्रतिको सारोकारवालाको उदासिन्ताले गर्दा चुनौतीको सामना बढी गर्नु परिरहेको छ । जसले गर्दा योजना कार्यन्वयनमा हुन सक्ने अपेक्षित उपलब्धी प्राप्त नभएको देखिन्छ

**१.१ दीगो विकास लक्ष्यहरु**

दीगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने" लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा

दक्षिण कोरियाको इन्चोनमा भएको "दीगो विकासका लागि शिक्षा" कार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नं. ४ हासिल गर्न सखुवा प्रसौनी गाउँपालिकाले शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस नगरपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको शिक्षा क्षेत्रको योजना (२०२४-२०३३) तयार गरी कार्यान्वयनमा ल्याउन प्रयासरत छ ।

### १.२ विश्लेषण सखुवाप्रसौनी गाउपालिकाको शैक्षिक अवस्था मुख्य समस्या तथा चुनौतीको बिशलेषण

#### १.२.१ सबलपक्ष :

**बिद्यालयहरूको उपस्थिति**:सामुदायिक र निजी बिद्यालयहरूको प्रशस्त उपस्थिति छ, विशेष गरी प्राथमिक तहमा। १-५ कक्षाका लागि ३२ वटा बिद्यालयहरू सञ्चालनमा छन्, जसले बालबालिकाको शिक्षामा पहुँचलाई बलियो बनाएको छ।

**सामुदायिक बिद्यालयहरूको व्यापकता**:सामुदायिक बिद्यालयहरूले ९०% भन्दा बढी शिक्षाको भार उठाइरहेका छन्। शिक्षामा पहुँच विस्तारका लागि यो एउटा महत्वपूर्ण पक्ष हो।

**लैङ्गिक समता सूचकांक**:आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक समता सूचकांक १.२० रहेको छ, जसले बालिका र बालकहरूको शिक्षामा सन्तुलित सहभागिता देखाउँछ।

**कक्षोउन्नति दर**:माध्यमिक तहको कक्षा १० मा कक्षोउन्नति दर १००% रहेको छ। यो सुधारको एउटा उदाहरण हो, जसलाई अन्य तहमा पनि विस्तार गर्न सकिन्छ।

#### १.२.२ कमजोरी पक्ष

**माध्यमिक तहमा न्यून भर्ना दर**:कक्षा ९-१२ मा खुद भर्ना दर ९.१% मात्र छ। यो शिक्षाको निरन्तरतामा ठूलो अवरोधको सूचक हो।

**टिकाउ दरमा कमी**: कक्षा १-५ मा टिकाउ दर २३.३% र कक्षा १-८ मा २७.३% मात्र रहेको छ। बालबालिका विद्यालय छोड्ने समस्या अझै चुनौतीपूर्ण देखिन्छ।

**विशेष आवश्यकता भएका बिद्यालयहरूको अभाव**:शारीरिक र मानसिक अपाङ्गताका लागि उपयुक्त बिद्यालयहरूको संख्या अत्यन्तै कम (१ मात्र) छ। यसले समावेशी शिक्षाको आवश्यकता पूरा गर्न सकेको छैन।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

**कक्षा दोहराउने र छोड्ने दर उच्चः** आधारभूत तहमा कक्षा दोहराउने दर ६.९% र छोड्ने दर १३.८% रहेको छ, जसले शिक्षामा निरन्तरताको चुनौती देखाउँछ।

### १.२.३ अवसर

**गुणस्तरीय शिक्षामा सुधारको सम्भावनाः**नमूना बियालय कार्यक्रम र प्राविधिक शिक्षाको विस्तार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सकिनेछ। यसले युवालाई रोजगारमुखी बनाउन योगदान दिन सक्छ।

**सरकारी र अन्तर्राष्ट्रिय सहयोगः**सरकारी तथा गैरसरकारी संस्थाहरू, UNICEF लगायतका सहयोगी निकायहरूको समन्वय र लगानीले शैक्षिक प्रणालीलाई सुदृढ बनाउन सहयोग गर्न सक्छ।

**प्रारम्भिक बाल विकास कार्यक्रमः**प्रारम्भिक बाल विकासमा कुल भर्ना दर ८५.४% छ। यसलाई अझ प्रभावकारी बनाउन कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।

**शैक्षिक संरचना विस्तारको सम्भावनाः**आवासीय सुविधा, प्राविधिक धार, र नमूना बियालयको स्थापना गरी शिक्षा प्रणालीलाई परिमार्जित गर्न सकिनेछ।

### १.२.४ चुनौती

**शिक्षाबाट बाहिरिने बालबालिकाहरूको समस्याः**५-१२ वर्ष उमेरका बालबालिकाको ०.२% शिक्षाबाट बाहिर छन्। यसले दीर्घकालीन रूपमा समाज र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न सक्छ।

**अपर्याप्त स्रोत र संरचनाः**शिक्षाका लागि आवश्यक स्रोत र भौतिक संरचनाको अभावले शिक्षामा गुणस्तर सुधारमा अवरोध पुर्याइरहेको छ।

**आर्थिक र सामाजिक असमानताः** गरिबी, जातीय विभेद, र सामाजिक असमानताका कारण केही समुदायमा शिक्षाको पहुँच अझै चुनौतीपूर्ण छ।

**नीतिगत कमजोरीः**शिक्षा नीतिहरूको प्रभावकारी कार्यान्वयन र कक्षा छोड्ने समस्या समाधानका लागि स्पष्ट र सुदृढ रणनीतिको अभाव।

**निष्कर्ष:**

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

शिक्षा क्षेत्रमा आधारभूत संरचना र सामुदायिक सहभागितामा केही सुधार देखिए पनि टिकाउ दर, माध्यमिक तहको भर्ना दर, र समावेशी शिक्षाको कमीले ठूला चुनौती खडा गरेका छन्। यी कमजोरीहरूलाई सम्बोधन गर्न सरकारी नीति र कार्यक्रमहरूलाई स्थानीय आवश्यकतासँग समायोजन गर्दै लागू गर्नुपर्ने देखिन्छ। यसका साथै, बालबालिकालाई निरन्तर शिक्षामा जोड्न र रोजगारमुखी शिक्षा प्रवर्द्धन गर्न नवीन पहल आवश्यक छ।

सखुवा प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सखुवा प्रसौनी, पर्सा मधेश प्रदेश, नेपाल

## परिच्छेद २ : दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य

तहको

नीति

निरन्तर

### २.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको शिक्षा, २०२२ ले शिक्षाका गुणस्तर सुधार कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। यसले विशेष गरी दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षा उपलब्ध गराउन, शिक्षाको पहुँच वृद्धि गर्न, र समावेशीकरण सुधार गर्न केन्द्रित छ। यसका लागि राष्ट्रिय र स्थानीय स्रोतहरूको प्रभावकारी उपयोग गर्दै विभिन्न रणनीतिहरू लागू गरिएको छ।

यस प्रयासमा बालबालिकाहरूको मौलिक अधिकार सुनिश्चित गर्न, ग्रामीण विद्यालयहरूको सशक्तीकरण, र शिक्षण तथा अध्ययन विधि आधुनिक बनाउँदै प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिएको छ। यसका साथै शिक्षकहरूको क्षमता विकास, बालमैत्री तथा लैङ्गिकमैत्री वातावरण सिर्जना, र समावेशी शिक्षाका लागि विशेष पहल गरिएको छ।

पाँचवर्षे कार्ययोजना (२०२४–२०२९) अन्तर्गत, शिक्षा गुणस्तर सुधारका लागि समुदायसँग सहकार्य, नीतिगत परिमार्जन, र दीर्घकालीन प्रभावकारी प्रणाली विकासमा जोड दिइएको छ। यसले दुर्गम क्षेत्रका विद्यालयहरूलाई आवश्यक स्रोत-साधन उपलब्ध गराई, शिक्षण विधि सुधार गरी विद्यार्थीको सिकाइ स्तर सुधार गर्ने अपेक्षा गरिएको छ।

तलबाट माथिसम्मको योजना निर्माण (बटम-अप अप्रोच) अपनाई स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्दै योजनाको कार्यान्वयनमा पारदर्शिता र प्रभावकारिता कायम राख्न विशेष प्रयास गरिएको छ। समावेशी शिक्षाका लागि गरिएको यो प्रयासले शिक्षामा रहेको क्षेत्रीय असमानता हटाउन र सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

### २.२ सखुवाप्रसौनी गाँउपालिकाको शैक्षिक दूरदृष्टि

सबैका लागि समावेशि, गुणस्तरीय तथा रोजगारमुलक शिक्षा उपलब्ध गराउने उत्कृष्ट गाउँपालिकाको रुपमा स्थापित हुने

### २.३ लक्ष्यM

सखुवाप्रसौनी गाउँपालिका अन्तगतका सबै नागरिकहरुलाई अनिवार्य, निशुल्क, समाबेशि तथा राजगारमुलक शिक्षमा पँहुचको अवसर प्रदान गरि सुखि नेपाल समृद्धि नेपालीका सपनालाई सकार गर्ने

### २.४ उद्देश्य

सखुवा प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सखुवा प्रसौनी, पर्सा मधेश प्रदेश, नेपाल

सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।

विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।

विद्यालयलाई भय, विभेद र दुव्र्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।

आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

**२.५ रणनीति**

२.५.१ सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक से वाको पहुच विस्तार गर्न

२.५.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।

२.५.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने।

२.५.४ सबै बालबालिका तथा नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।

२.५.५ विद्यालयहरुमा सुशासन तथा सामाजिक परीक्षणको असल अभ्यासको प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

२.५.६ स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने।

२.५.७ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।

२.५.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।

२.५.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

**२.६. कार्यनीति**

२.६.१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

२.६.२. विद्यालय शिक्षामा पहुच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशलुक पाठ्यपसुतक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्र म सञ्चालन गरिनेछ ।

२.६.३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदैं विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो से वा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्र म सञ्चालन गरिनेछ ।

२.६.४. सबैका लागि अनिवार्य तथा निःशलुक शिक्षा सनिश् ु चित गर्न शारीरिक तथा सामाजिकरूपमा पछाडि परेका बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

२.६.५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

**२.७. अपेक्षित मुख्य उपलब्धि**

शिक्षा क्षेत्रको योजनाको अन्त्य सन २०३३० सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ

२.७.१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने।

२.७.२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने।

२.७.३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने।

२.७.४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

२.७.५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू, स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने।

२.७.६. प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

२.७.७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

२.७.८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने।

२.७.९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने।

२.७.१०. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने।

२.७.११. हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने।

२.७. १२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।

२.७. १३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन तथा सामाजिक परीक्षणको प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

२.७. १४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

२.७. १५. बालिका, अपाँगता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समन्यायिक पहूँच, तथा सहभागिताको सुनिच्श्चितता तथा सिकाइ उपलब्धिमा सुधारको लागि योजना तर्जुमा तथा कार्यान्वयनको बिकास भएको हुने ।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

## परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

### परिचय

यस शिक्षा क्षेत्रको योजना सन २०२४-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थात् सन २०२४-२०२९ लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ । पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरुः बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन जस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा " मा (३)प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ "भनी उल्लेख गरेको छ ,साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं र सोह्रौं

पञ्चबर्षिय योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर सखुवा प्रसौनी गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.१ सखुवा प्रसौनी गाँउपालिकाको बालविकास तथा शिक्षाको वर्तमान अवस्था

यस गाँउपालिकामा जम्मा ५० वटा प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्रहरु छन् । यस पालिकामा चार वर्ष उमेर समूहका जम्मा १४२७ बालबालिकाहरु रहेका छन् । बालबिकास केन्द्रमा जम्मा ३८४ भर्ना भएका छन् । प्रारम्भिक बालबिकास केन्द्रमा जम्मा कुल भर्ना दर ८५.४ र खुद भर्ना दर ६९.९ प्रतिशत रहेको छ । राष्ट्रिय मापदण्ड अनुसार सबै बालविकास केन्द्र रहेका छन् ।

कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर २७.१ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.९७ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन्, जसमध्ये, अधिकतम योग्यता भएको स्नतक सम्म रहेको पाइन्छ । यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ ।

बाटोको अवस्था हेर्दा सबै बालविकास केन्द्र सजिलै पुग्ने बाटो रहेको छ ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ । प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन् । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

**३.१.२ प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान समस्या र चुनौतीहरुः**

७५ प्रतिशत प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा नभएको ।

३०.१ प्रतिशत तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउन नभएको।

सहजकर्ताहरूको पारिश्रमिकमा स्रोत व्यवस्थापन नभएको ।

पोषणयुतदिवा खाजाको उचित व्यवस्थापनमा समस्या ।

कक्षा १ मा कुल भर्ना दर मध्ये २७.१ प्रतिशत बालबालिका बालविकासको मात्र अनुभव प्राप्त गरेको छ ।

९० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा व्यवस्थापन समिति गढन भएको देखिदैन ।

७० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा सिकाइका ६ कुने व्यवस्थापन गर्ने चुनौत

अपांगमैत्री बालविकास केन्द्र नहुनु ।

सबै बालविकास केन्द्रको भौतिक अवस्था तथा सुरक्षा राष्ट्रिय मापदण्ड अनुसार नरहेको ।

अभिभावक शिक्षा छैन् ।

**३.१.३.उद्देश्यहरुः**

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु ।

प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

तोकिएको न्युन्तम राष्ट्रिय माप दण्ड का सिकाई कुनाको विकास गर्ने।

बाल बिकास शिक्षिकाहरुलाई तोकिएको अनुसारको क्षमता अभिबृद्धि तालिम दिने।

बाल विकासमा अध्यनरत वालवालिकाहरुलाई स्वास्थ परिक्षणको व्यवस्था मिलाउने।

सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ

१०० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गराउन शिक्षकहरूलाई आधारभुत तालीम दिने

प्रारम्भिक बालविकासका केन्द्रका भौतीक संरचना, बालमैत्री समावेशी भयरहित वातारण बनाउने।

अभिभावकहरूलाई सचेतना कार्यक्रमहरू गराउने ।

सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृत्ति विकासका लगी सम्बन्धीत निकायहरू संग सम्नवय गर्दै जाने

पोषण युत्त दिवा खाजाको उचित व्यवस्थापन गराउने ।

कुल भर्नादरको आधारमा प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन गर्दै जाने ।

### ३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अपेक्षित नतिजाहरू**

प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ ।

सबै प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास केन्द्र विस्तार गरिएको हुनेछ ।

प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र,पालीका र विधालयहरूलाई जिम्मेवार बनाइनेछ ।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

वडागत रुपमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुको संख्या

| वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | जम्मा |
|---|---|---|---|---|---|---|
| ८ | ७ | ३ | ५ | ४ | ३ | ३० |

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना % | ८५.४ | ८५.४ | ९० | १०० | १०३ | १०५ |
| २ | न्यूनतम मापदण्ड पुरा गरेको बालविकास केन्द्रको % | २५ | २५ | ५० | ७५ | ८५ | १०० |
| ३ | प्रारम्भिक बाल बिकासमा शिक्षकहरुलाई तालिम प्रदान गर्ने दर % | ८० | ८० | १०० | ० | ० | ० |
| ४ | ४ वर्ष उमेर समुहका बालबालिकाहरूको प्रारम्भिक बालविकास केन्द्रमा खुद भर्नादर(प्रतिशत) | ६९.९ | ६९.९ | ७५ | ८५ | ९० | १०० |

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पूर्व प्रा/.बि.ECED कक्षा केन्दमा/ तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | केन्द्र | १२ | ५ | ५ | १४ | १४ | ५० | ५० |
| २ | विद्यमान ECD/PPC (संस्थागत विद्यालय सुविधासहित) को पुनरावलोकन गर्ने र आवश्यकता पहिचानका आधारमा नयाँ ECD केन्द्रको स्थापना गर्ने | केन्द्र | ० | ४ | ४ | ४ | ४ | १५ | ४० |
| ३ | राष्ट्रिय न्यूनतम मापदण्डको अनुसार ECD केन्द्रको व्यवस्थापन गर्ने | केन्द्र | १२ | ५ | ५ | १४ | १४ | ५० | ९० |
| ४ | बिभिन्न प्रकारका अपाङ्गता भएका | % | २० | २० | २० | २० | २० | १०० | १०० |

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाहरूलाई सहयोग | | | | | | | | |
| ५ | पालिका तहको स्वास्थ्य केन्द्रहरू मार्फत वार्षिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने | केन्द्र | १० | १० | १० | १० | १० | ५० | ९० |
| ६ | ECED कक्षाका सहयोगी कार्यकर्ता शिक्षकको/ तलब भत्ता | जना | ५० | ५० | ५० | ५० | ५० | ५० | ९० |
| ७ | ECED कक्षाका सहयोगी कार्यकर्ता शिक्षकका/ लागि पोशाक भत्ता | जना | ५० | ५० | ५० | ५० | ५० | ५० | ९० |
| ८ | ECED कक्षाका सहयोगीहरूका लागि तलबभत्ता/ | जना | ५० | ५० | ५० | ५० | ५० | ५० | ९० |
| ९ | ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | केन्द्र | ५० | ५० | ५० | ५० | ५० | ५० | ९० |
| १० | शिक्षक/सहयोगी कार्यकर्ता क्षमता विकास | जना | ५० | ५० | ५० | ५० | ५० | ५० | ९० |
| ११ | अभिभावकलाई हेरचाह स्याहार र सचेतना कार्याक्रम संचालन | केन्द्रमा | प्रत्येक केन्द्रमा | प्रत्येक केन्द्रमा | प्रत्येक केन्द्रमा | प्रत्येक केन्द्रमा | प्रत्येक केन्द्रमा | | |

## ३.२ आधारभूत शिक्षा

### परिचय

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा "भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा हो । विद्यालय क्षेत्र सुधार योजना २०६६२०७२ ले विद्यालय शिक्षाको- पुन संरचना गरेर कक्षा १ ८ लाई आधारभूत शिक्षा- १२ लाई माध्यमिक-र कक्षा ९शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ मा नागरिकको मौलिक (१) हक अन्तर्गत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि सखुवा प्रसौनी गाँउपालिकाकोले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

### ३.२.१. सखुवा प्रसौनी गाँउपालिकाको वर्तमान अवस्था

यस क्षेत्रभित्र हाल सामुदायिक विद्यालयतर्फ कक्षा १ -५ सञ्चालित विद्यालयहरूको संख्या २१ वटा, कक्षा ६-८ सञ्चालित विद्यालयहरूको संख्या १२ वटा, र आधारभूत विद्यालयहरूको संख्या ४१ वटा रहेको छ। सामुदायिक विद्यालयहरूमध्ये विशेष आवश्यकता भएका बालबालिकाका लागि बिशेष विद्यालयहरूको संख्या १ रहेको छ, जबकि सामुदायिक विद्यालयहरूमध्ये धार्मिक विद्यालयहरूको संख्या ३ रहेको छ। साथै, अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय ३ सञ्चालनमा छन्, र सामुदायिक अध्ययन केन्द्र ४ वटा संचालनमा रहेका छन्।

कक्षा १ मा प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव सहित भर्ना भएका बालबालिकाको दर २७.१ प्रतिशत रहेको छ। आधारभूत शिक्षाका सूचकांकहरूले शिक्षाको पहुँच र गुणस्तर सुधारतर्फ ध्यान दिन आवश्यक रहेको देखाउँछन्। कक्षा १ मा कुल प्रवेश दर १०६.९ प्रतिशत भए पनि खुद प्रवेश दर ६९.६ प्रतिशत मात्र छ। कक्षा १(५ मा कुल भर्ना दर १३०.३ प्रतिशत र खुद भर्ना दर ९७ प्रतिशत छ। कक्षा ५ सम्म टिकाउ दर २३.३ प्रतिशत रहेको छ, जबकि कक्षा १.८ सम्म कुल भर्ना दर १०९.७ प्रतिशत र खुद भर्ना दर ८४.४ प्रतिशत छ। लैङ्गिक समता सूचकांक १.२० रहेको छ। कक्षा ८ सम्म टिकाउ दर २७।३ प्रतिशत मात्र छ, भने ५(१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत ०.२ रहेको छ। आधारभूत तहमा कक्षा दोहोर्याउने दर ६.९ प्रतिशत, बीचैमा कक्षा छोड्ने दर १३.८ प्रतिशत, र कक्षोन्नति दर ७९.३ प्रतिशत रहेको तथ्याङ्कले शिक्षामा थप सुधारका लागि प्रयास आवश्यक रहेको देखाउँछ।

### ३.२.२ आधारभूत शिक्षामा देखिएका बिधमान चुनौतिहरु

- **प्रारम्भिक बाल विकास र शिक्षामा न्यून सहभागिता**: कक्षा १ मा प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव सहित भर्ना भएका बालबालिकाको दर २७.१ प्रतिशत मात्र रहेको छ।
- **खुद प्रवेश दरमा कमी**: कक्षा १ मा कुल प्रवेश दर १०६.९ प्रतिशत भए पनि खुद प्रवेश दर केवल ६९.६ प्रतिशत रहेको छ।
- **कक्षा ५ सम्म टिकाउ दर न्यून**: कक्षा ५ सम्म टिकाउ दर २३.३ प्रतिशत मात्र रहेको छ, जसले बालबालिकाको अध्ययन निरन्तरतामा चुनौती देखाउँछ।
- **कक्षा ८ सम्म टिकाउ दर कमजोर**: कक्षा ८ सम्म टिकाउ दर २७.३ प्रतिशत मात्र छ, जुन दीर्घकालीन शिक्षामा समस्याको संकेत हो।
- **लैङ्गिक असमानता**: आधारभूत तहमा लैङ्गिक समता सूचकांक १.२० रहेको छ, जसले केटाकेटीबीच शिक्षामा समानता सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ।
- **विद्यालय बाहिर बालबालिका**: ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत ०.२ रहेको भए पनि यसलाई न्यूनतम बनाउन प्रयास जारी राख्नुपर्ने देखिन्छ।
- **कक्षा दोहोर्याउने दर उच्च**: आधारभूत तहमा कक्षा दोहोर्याउने दर ६.९ प्रतिशत रहेको छ, जसले शिक्षाको गुणस्तर र बालबालिकाको शैक्षिक प्रगतिमा बाधा पुर्याउँछ।

- **बीचैमा कक्षा छोड्ने समस्या:** बीचैमा कक्षा छोड्ने दर १३.८ प्रतिशत रहेको छ, जसले विद्यार्थीहरूको निरन्तर अध्ययनलाई चुनौती बनाएको छ।
- **अधिकारिक र विशेष विद्यालयहरूको अपर्याप्तता:** विशेष आवश्यकता भएका बालबालिकाका लागि सामुदायिक विद्यालयहरूमध्ये १ मात्र विशेष विद्यालय रहेको छ, जुन अपर्याप्त देखिन्छ।
- **समुदायिक अध्ययन केन्द्र र वैकल्पिक कार्यक्रमहरूको सीमितता:** सामुदायिक अध्ययन केन्द्रहरू ४ वटा र अनौपचारिक तथा वैकल्पिक विद्यालयहरू ३ मात्र सञ्चालनमा रहेका छन्, जसले शिक्षामा पहुँचलाई सीमित बनाएको छ।
- **शिक्षाको गुणस्तर सुधारको आवश्यकता:** कक्षोन्नति दर ७९.३ प्रतिशत भए पनि गुणस्तरीय शिक्षाका लागि थप सुधार आवश्यक रहेको देखिन्छ।
- विधार्थी संख्याको आधारमा शिक्षक दरवन्दी कम हुनु ।
- शिक्षा नियमावली अनुसार प्रधानाध्यापकहरुको व्यवस्थापन नहुनु।
- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता नहुनु।
- विद्यालयको प्रशासनिक बालमैत्री ,भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री , बनाउन नसक्नु।
- मौसम अनुसारको कक्षा कोठाको व्यवस्थापन नहुनु

### ३.२.३ उद्देश्य

**यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ –**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- कक्षा १ मा प्रारम्भिक बाल विकास र शिक्षामा सहभागी हुने बालबालिकाको दर हाल २७.१ प्रतिशत मात्र छ। यसलाई बढाउन बालबालिका, अभिभावक, र समुदायलाई लक्षित कार्यक्रम सञ्चालन गर्ने।
- कक्षा १ मा खुद प्रवेश दर हाल ६९.६ प्रतिशत छ। यसलाई १०० प्रतिशत नजिक पुऱ्याउन सचेतना अभियान र घरदैलो कार्यक्रम सञ्चालन गर्ने।
- कक्षा ५ सम्म टिकाउ दर २३.३ प्रतिशत र कक्षा ८ सम्म टिकाउ दर २७.३ प्रतिशत मात्र रहेको बढाएर ८० प्रतिशतमा पर्याउन ।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

- हाल ५.१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत ०।२ छ। यसलाई शून्यमा झार्ने
- आधारभूत तहमा कक्षा दोहोर्‍याउने दर हाल ६.९ प्रतिशत छ। यो दर घटाउन शिक्षण प्रक्रिया सुधार र नियमित मूल्यांकन प्रणाली लागू शुन्यमा झार्ने ।
- बीचैमा कक्षा छोड्ने दर हाल १३.८ प्रतिशत घटाएर बालमैत्री वातावरण, अभिभावक शिक्षक साझेदारी गरेर शुन्यमा पुरउाउने । ।
- हाल १ मात्र विशेष विद्यालय रहेको छ। यसलाई बढाएर विशेष आवश्यकता भएका बालबालिकाका लागि थप विद्यालय स्थापना गर्ने।
- हाल ४ सामुदायिक अध्ययन केन्द्र र ३ अनौपचारिक तथा वैकल्पिक विद्यालय मात्र सञ्चालनमा छन्। यी कार्यक्रमको संख्या र पहुँच बढाउने।
- कक्षोन्नति दर हाल ७९.३ प्रतिशत छ। यसलाई सुधार गर्न पाठ्यक्रम परिमार्जन, शिक्षण सामग्री आपूर्ति, र शिक्षकको तालिममा जोड दिएर शतप्रतिशत पुर्याउन ।
- विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउनु,
- विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दी व्यवस्थित गर्दै शिक्षण दक्षता वृद्धि गर्ने।
- विद्यालयको प्रशासनिक, भौतिक, र शैक्षिक वातावरण सुधार गरी बालमैत्री र अपाङ्गमैत्री बनाउने।
- बालबालिकाका लागि सुरक्षित र मौसमअनुकूल कक्षा कोठाको व्यवस्था सुनिश्चित गर्ने।

### ३.२.४ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

- विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।
- अनौपचारिक तथा जीवनपर्यन्त शिकाई सुनिश्चित गर्न वैकल्पिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने।

- विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।
- विधालयमा अनावश्यक राजनैतिक हस्तक्षेप न्युनिकरण गर्न राजनितिक दलका पदाधिकारीहरुको लागि विद्यालय शान्ति क्षेत्र कार्यविधी सम्बन्धी अभिमुखिकरण संचालन गर्ने ।
- शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।
- मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।
- स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।
- विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।
- टोल शिक्षा निगरानी समूह गठन तथा परिचालन गर्ने ।
- विद्यालयहरुमा अभिभावक शिक्षा सचेतना कार्यक्रम लागु गर्ने ।

**३.२.५ प्रमुख उपलब्धि तथा नतिजाहरु**

**क) उपलब्धिहरु**

आधारभूत शिक्षामा पहुँच, गुणस्तर, समावेशिता, र निरन्तरताको क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल गरिएको छ। प्रारम्भिक बाल विकासमा सहभागी हुने बालबालिकाको संख्या वृद्धि भएको छ भने कक्षा १ मा खुद प्रवेश दर ६९.६ प्रतिशतबाट सुधार हुँदै ९० प्रतिशत नजिक पुगेको छ। टिकाउ दरमा पनि उल्लेखनीय सुधार गर्दै कक्षा ५ सम्मको टिकाउ दर २३.३ प्रतिशतबाट ५० प्रतिशत नजिक र कक्षा ८ सम्मको टिकाउ दर २७.३ प्रतिशतबाट ४० प्रतिशत नजिक पुऱ्याइएको छ।

लैङ्गिक समतामा प्रगति गर्दै आधारभूत तहमा लैङ्गिक समता सूचकांकलाई सन्तुलित बनाइएको छ। विद्यालय बाहिर रहेका बालबालिकाको संख्या लगभग शून्यमा झारिएको छ, र कक्षा दोहोर्याउने तथा कक्षा छोड्ने दरमा क्रमशः उल्लेखनीय

कमी गरिएको छ। विशेष आवश्यकता भएका बालबालिकाका लागि विद्यालयहरूको संख्या बढाएर समान अवसरको सुनिश्चितता गरिएको छ।

शिक्षाको गुणस्तर सुधार्न कक्षोन्नति दर ७९.३ प्रतिशतबाट ९० प्रतिशत नजिक पुऱ्याइएको छ। समुदायिक अध्ययन केन्द्रहरूको संख्या बढाउँदै शिक्षा पहुँचलाई थप समावेशी र प्रभावकारी बनाइएको छ। विद्यालयहरूको भौतिक र शैक्षिक वातावरणलाई बालमैत्री, अपाङ्गमैत्री, र सुरक्षित बनाउँदै मौसमअनुकूल कक्षा कोठाको व्यवस्था सुनिश्चित गरिएको छ।

शिक्षक दरबन्दी व्यवस्थापन सुधार, प्रधानाध्यापकहरूको प्रभावकारी व्यवस्थापन, र निःशुल्क तथा अनिवार्य शिक्षाको सुनिश्चितताले शिक्षालाई समावेशी र सर्वसुलभ बनाउन योगदान पुऱ्याएको छ। यी उपलब्धिहरूले शिक्षामा पहुँच र गुणस्तर सुधार गर्दै बालबालिकाका लागि उज्ज्वल भविष्यको जग निर्माण गरेको छ।

**ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्रथिमिक कक्षा १-५) मा विधालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | १५१ | १३४ | ११७ | १०० | ८१ | १५१ |
| २ | आधारभूत तह ( कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | २१ | २१ | २० | २० | २५ | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabiling Conditions ) पुरा गरेका आधारभूत तहका विधालयको सङ्ख्या | ५ | ५ | ६ | ६ | ६ | ६ |
| ४ | आधारभुत तहको न्यूनतम शिकाई उपलब्धि | ४५ | ५५ | ५५ | ७५ | ८५ | १००२९ |
| ५ | EMIS मा Complete Data entry गर्ने विद्यालयको संख्या | २९ | २९ | २९ | २९ | २९ | २९ |

**३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क्रसं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८४ | जम्मा | |
| १ | सामुदायिक आधारभूत बियालयमा कक्षा) -१५ स्वीकृत र ( | शिक्षक संख्या | १०८ | १०८ | १०८ | १०८ | १०८ | १०८ | १०८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | | | | | | | |
| २ | सामुदायिक आधारभूत बियालयमा -कक्षा ६) ८स्वीकृत र राहत ( दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | शिक्षक संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ३ | आधारभूत तह ६ ८- का लागि थप @( वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाई बजेट अनुदान प्रदान गर्ने | शिक्षक संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ४७ |
| ४ | सामुदायिक आधारभुत तह -कक्षा १)८ ( बियालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता | शिक्षक संख्या | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ५ | सामुदायिक आधारभुत तह -कक्षा १)५ ( बियालयहरुका लागि | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापनसन्चालन/<br>शिक्षण) खर्च<br>सिकाई समाग्री,<br>कम्तिमा १ सेट<br>पाठ्यक्रम, शिक्षक<br>निर्देशिका र Book corner<br>समेतका लागि( | | | | | | | | |
| ६ | सामुदायिक आधारभुत<br>तह -कक्षा १)८ (<br>बिद्यालयहरुका लागि<br>व्यवस्थापनसन्चालन/<br>शिक्षण) खर्च<br>सिकाई समाग्री,<br>कम्तिमा १ सेट<br>पाठ्यक्रम, शिक्षक<br>निर्देशिका र Book corner<br>समेतका लागि( | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ७ | आधारभूत तह कक्षा)<br>-१८ का लागि (<br>भत्ता.अ.प्र | शिक्षक | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ८ | आधारभूत बियालय<br>-कक्षा १)८ का (<br>लागि सन्चालन र<br>व्यवस्थापन बापत<br>एकमुष्ठ अनुदान )SIP | बियालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माणअद्यावधिक/, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि( | | | | | | | | |
| ९ | बहुकक्षा बहुभाषिक/ कार्यक्रम )MGML program) सन्चालन भएका बिद्यालयका लागि सन्चालन अनुदान | बिद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| १० | पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा बिद्यालय स्वस्थ्य कार्यक्रम, सन्चालन अनुदान | बिद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| १६ | आधारभूत तह कक्षा) -१५ का (लागि | रकम | 2,981.2 | 2,904.3 | 2,968.1 | 3,150.3 | 3,417.8 | 15,421.70 | 15,421.70 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यपुस्तक खरिब र बितरण अनुदान | | | | | | | |
| १७ | आधारभूत तह कक्षा) -६८ का लागि ( पाठ्यपुस्तक खरिब र बितरण अनुदान | रकम | 2,351.1 | 2,365.8 | 2,471.4 | 2,488.0 | 2,506.6 | 15421.7 | 15421.7 |
| १८ | कर्णाली कर्णाली बाहेक अन्य क्षेत्रका जिल्लाका आधारभूत तह -कक्षा १)५ का ( बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | रकम | 3,012.6 | 2,934.9 | 2,999.3 | 3,183.5 | 3,453.8 | 15,584.10 | 15,584.10 |
| १९ | कक्षा ६ ८ का-छात्राहरुलाईSanitary Pad बितरण बापतको बजेट अनुदान | रकम | 19,893.0 | 19,379.7 | 19,805.5 | 21,021.4 | 22,806.0 | 102,905.60 | 102,905.60 |
| २० | बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | बिद्यालय | 3,690.0 | 3,626.0 | 3,728.0 | 3,902.0 | 4,154.0 | 19,100.00 | 19,100.00 |
| २१ | समता रणनिति कार्यन्वयन गरी सोका | रकम | - | - | - | - | - | | |

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारमा लक्षित स्थानीय तहहरूमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | | | | | | | |
| २२ | SMCs र PTAs को क्षमता अभिबृद्धी र अभिभावकहरुलाई सचेतना कार्यक्रम | /sd | 12,000.0 | 12,100.0 | 12,650.0 | 12,700.0 | 12,800.0 | 62,250.00 | 62,250.00 |
| २३ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८)व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | रकम | 1,780.7 | 1,795.5 | 1,879.2 | 1,896.8 | 1,914.3 | 9,266.50 | 9,266.50 |
| ३० | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका विपतहरुको प्रभावबाट जोगाउन प्र.अ., विद्यालय व्यवस्थापन | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समिति र बाल क्लबहरुको लागि क्षमता अभिवृद्धि तालिम | | | | | | | |
| ३१ | विधालयमा अनावश्यक राजनैतिक हस्तक्षेप न्युनिकरण गर्न राजनितिक दलका पदाधिकारीहरुको लागि विद्यालय शान्ति शान्ति क्षेत्र कार्यविधी सम्बन्धी क्षमता अभिवृद्धि तालिम | पटक/ संख्या | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ३२ | बाल क्लब गठन तथा परिचालन | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | | |
| ३३ | विद्यालय नर्स शिक्षक तथा प्राथमिक उपचार | विद्याल य | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ३४ | बालिका तथा समावेशि शिक्षा संजाल गठन र परिचालन | विद्याल य | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ३५ | अपाङ्गता भएका बालबालिकाहरुको पहिचान तथा सहयोग | विद्याल य | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | गुनासो सुनवाई संयन्त्रको स्थापना र सबलिकरण | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |

### ३.३ माध्यमिक शिक्षा

#### परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागतप्राविधिक , धार र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। सखुवा प्रसौनी गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

#### ३.३.१ वर्तमान अवस्था

सखुवा प्रसौनी गाउँपालिका भित्र हाल ९ - सञ्चालित ५ वटा, कक्षा ९ र १० सञ्चालित ४ वटा, कक्षा ९ देखि ११ सञ्चालित ४ वटा तथा ९ देखि १२ सञ्चालित ३ वटा रहेका छन् । , माध्यमिक शिक्षाको तथ्याङ्कले शिक्षाको पहुँच, गुणस्तर, र निरन्तरतामा मिश्रित प्रगति देखाएको छ। कक्षा ९-१० मा कुल भर्नादर ६६.६ प्रतिशत भए पनि खुद भर्नादर मात्र १४.१ प्रतिशत छ। कक्षा ११-१२ मा कुल भर्नादर २६.२ प्रतिशत र खुद भर्नादर ४.८ प्रतिशत रहेको छ। समग्र कक्षा ९-१२ को कुल भर्नादर ४५.४ प्रतिशत र खुद भर्नादर ९.१ प्रतिशत छ, जसले माध्यमिक शिक्षामा अझै सुधारको आवश्यकता औंल्याउँछ।

लैङ्गिक समता सूचकांक १.०३ रहेको छ.जसले केटाकेटीबीच लगभग समान सहभागिता देखाउँछ। कक्षा ९ मा दोहोर्याउने दर ०.२ प्रतिशत र बीचैमा कक्षा छोड्ने दर ८.७ प्रतिशत रहेको छ भने कक्षोन्नति दर ९१.१ प्रतिशत छ। कक्षा १०, ११ र १२ मा दोहोर्याउने र बीचैमा कक्षा छोड्ने दर शून्य रहेको छ.जुन सकारात्मक संकेत हो। कक्षा १० मा कक्षोन्नति दर १०० प्रतिशत छ,कक्षा ११ मा ७१.३ प्रतिशत.र कक्षा १२ मा ७९.५ प्रतिशत छ। माध्यमिक तह ( कक्षा ९ देखि १२) मा अध्यापनरत जम्मा शिक्षक संख्या १८ मध्ये मात्र महिला शिक्षक संख्या २ रहेको छ, जसअनुसार पुरुष र महिलाको प्रतिशत हेर्दा अध्यापनरत पुरुषको प्रतिशत ८९.९ र महिलाको ११.१ प्रतिशत रहेको छ । कक्षा १० को सिकाई उपलब्धि % रहेको छ (IEMIS-2081) । श्री दिपनारायण आदर्श माध्यमिक विद्यालयमा सिभिल ईन्जियरिङ्गको डिप्लोमा ३ वर्षे कोर्ष सञ्चालन गरिएको थियो तर विभिन्न कारणले हाल बन्द गरिएको छ । सोही विद्यालयमा प्रि-डिप्लोमा २४ महिने ईलेक्ट्रिकल ओपरेन्टिस कार्यक्रम सञ्चालनमा रहेको छ । त्यसै गरी त्यहीं विद्यालयमा बालविकासको लागि जनशक्ति तयार गर्न २४ महिने तालिम कार्यक्रम सञ्चालनमा रहेको छ । यस वर्षदेखि सोही विद्यालयमा उच्च शिक्षातर्फ बि.पि.एम. सञ्चालन गरिएको छ । मधेश प्रदेश सरकारबाट श्री ने.रा.मा.वि. महुवनमा Civil Engineering को ३ वर्षे डिप्लोमा कोर्ष सञ्चालन गर्न सहयोग गरे पनि हाल सञ्चालनमा आउन सकेको छैन ।

**३.३.२ माध्यमिक शिक्षामा देखिएका विद्यमान समस्या तथा चुनौतीहरुः**

१ माध्यमिक शिक्षामा प्रमुख चुनौतीहरूमा खुद भर्नादरको कमी.विशेष गरी कक्षा ९-१२ मा.उल्लेखनीय छ। कक्षा ९-१० मा खुद भर्नादर १४.१ प्रतिशत र कक्षा ११-१२ मा मात्र ४.८ प्रतिशत छ। कक्षा ९ मा कक्षा छोड्ने दर ८.७ प्रतिशत रहेको छ,भने कक्षा ११ र १२ मा कक्षोन्नति दर क्रमशः ७१.३ प्रतिशत र ७९.५ प्रतिशत मात्र छ।

२ लैङ्गिक समता सूचकांक १.०३ रहेकोले केटाकेटीबीचको सहभागितामा सुधारको आवश्यकता देखिन्छ। कक्षा ९-१२ को कुल भर्नादर ४५.४ प्रतिशत मात्र छ.जसले माध्यमिक शिक्षामा पहुँच सिमित रहेको संकेत गर्छ।

३ प्राविधिक तथा व्यवयसायिक शिक्षामा पहुँचको कमी र स्रोतको अभावले पनि चुनौती थपेको छ। यी चुनौतीहरू समाधान गर्न प्रभावकारी रणनीति र स्रोत व्यवस्थापन आवश्यक छ।क. माध्यमिक तहमा न्युनतम सिकाई सक्षमतामा बिज्ञान र अंग्रेजीमा ५० प्रतिशत भन्दा कम रहेको

ख. बिषयगत शिक्षकको ( अन्ग्रेजी, गणित , बिज्ञान ) कमि देखिएको

ग. ४ वटा मा.बि. मध्ये न्युनतम सिकाई मापदण्ड पुरा गर्ने बिधालय ० रहेको

४. जनशक्तिको अभावः तहगत रुपमा अध्यापन गराउने जनशक्तिको रुपमा आवश्यक पर्ने विषयगत शिक्षक तथा प्रशिक्षकको न्यूनताले आपेक्षित उपलब्धि हासिल गर्न नसकिएको

५. प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय तथा अन्य शिक्षण सिकाई सामग्रीको अभाव रहेकोले नतिजा हासिल गर्न कठिन

६. शिक्षा क्षेत्रमा स्थानीय तहको लगानी न्यून हुनगएको कारण तोकिएको उद्देश्य अनुरुप लक्ष्य प्राप्ति हुन नसकेको

**३.३.३. उद्देश्यहरु**

- माध्यमिक शिक्षा को पहुच भन्दा बाहिर रहेका बालाबालिकाहरुको पहिचान गरि बैकल्पिक तथा अनौपचारिक शिक्षाको माध्यम बाट शिक्षामा सबैको पहुँच सुनिश्चीत गर्नु।
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी , अल्पसंख्यक ( LGBT) मैत्री र शुरक्षित बनाउनु।
- सबै बिधालयहरुमा न्युनतम सिकाई मापदण्ड सुनिश्चित गरि बालबालिकाहरुको सिकाई उपलब्धि अभिवृद्धि गर्नु
- माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु ।
- बिधार्थीको अनुपातमा शिक्षक दरबन्दी र बिषयगत शिक्षकको व्यवस्थापन गर्नु
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
- अपांगता भएका बालबालिकाहरुको पहिचान गरि शिक्षण सिकाइको व्यवस्थापन गर्नु ।
- सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरि Remedial कक्षाको व्यवस्थापना गर्नु
- शिक्षकहरुको लागी पेशागत, बिषयगत दक्षता अभिवृद्धि गर्नु
- बिधार्थी र शिक्षकमा सूचना प्रविधिको पहुँच पुर्याउनु

**१०. शिक्षा क्षेत्रमा पालिकाको लगानी अभिवृद्धि गरी तोकिएको नतिजा हासिल गर्नु**

### ३.३.३ रणनितिहरु

- योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :
- विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा व्यवस्थापना गर्ने ।
- बिधालयमा सहज भर्ना , सिकाउने टिकाउने र बिकाउने वाताबरण तयार गर्ने .
- अभिभावक भेला, बि.व्य.स., सी.अ, स को बैठक . विधार्थी शिक्षक बिच छलफल तथा घरदैलो कार्यमा बढी जोड दिने
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास तथा पहिचान भए अनुसारको व्यवस्थापन गर्ने।
- हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि सुनिस्चितता गर्ने ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री समावेशी तथा अल्पसन्खयक ( LGBT) मैत्री बनाउने ।
- सामुदायिक विद्यालयमा कक्षा ११-२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गर्ने।
- आवश्यकता अनुसार बिषयगत शिक्षक दरबन्दी पुनर्वितरण.समायोजन तथा थप गर्ने ।
- अपांगता भएका बालबालिकाहरुको पहिचान गरि शिक्षण सिकाइको व्यवस्थापन गर्ने ।
- सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरि Remedial कक्षाको व्यवस्थापन गर्ने ।
- गुनासो सुनवाई संत्रयको विकास गर्ने
- पालिका स्तरीय बालिका संजाल गठन तथा परिचालन गर्ने
- बिषयगत सिकाई समुह गठन तथा परिचालन गर्ने
- बिधालयहरुमा न्युनतम सिकाई मापदण्ड सुनिचित गरि नमुना बिधालयको संख्या अभिवृद्धि गर्ने
- बिधालय स्वास्थ नर्सको व्यवस्था गर्ने
- प्र अ को नेतृत्व क्षमता बिकास तालिमको व्यवस्थापन गर्ने

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ ।
- सबै बिधालयहरुले न्युनतम रास्ट्रिय मापदण्ड पुरा गरेका हुने छन्
- कम्तिमा ९५ प्रतिशत बालबालिकाहरुलाई माध्यमिक शिक्षामा पहुँच सुनिस्चित गरिने छ
- माध्यमिक तहमा बिज्ञान र अंग्रेजी बिषयको न्युनतम सिकाई उपल्बधि ९५ प्रतिशत पुर्याइने छ
- सबै माध्यमिक बिधालयहरुमा विषयगत शिक्षकको सुनिस्चितता गरिने छ
- ६. प्राविधिक तथा व्यवसायिक विषयका शिक्षक भर्ना गरिने छ
- ७. ई-लाईब्रेरी, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब तथा आवश्यक सामग्रीहरुको परिपूर्ति गरिने छ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१० ) मा भर्ना भएका विधार्थी सङ्ख्या | 63 | 60 | 59 | 66 | 68 | 63 |
| २ | माध्यमिक तह ( कक्षा ११-१२) मा भर्ना भएको विधार्थी सङ्ख्या | 132 | 0 | 0 | 0 | 0 | 132 |
| ३ | माध्यमिक तहमा खुद भर्ना दर | १४.१ | १४.१ | ४० | ६० | ८० | १०० |
| ४ | मा.बि.तहको शिक्षक संख्या | २३ | २३ | ३ | ३ | ४ | ३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | न्युनतम सिकाई मापदण्ड पुरा गरेका माध्यमिक बिधालयरुको संख्या | १ | १ | १ | १ | १ | ४ |
| ६ | स्वास्थ नर्स भएको बिधालय संख्या | ० | ० | १ | १ | १ | ४ |
| ७ | गुनासो सुनवाई संयत्र भएको बिधालय संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ८ | पालिका स्तरीय बालिका संजाल गठन | १ | १ | १ | १ | १ | १ |
| ९ | बिषयगत सिकाई समुह सक्रिय भएको बिधालय संख्या | १ | ४ | ४ | ५ | ५ | ५ |
| १० | बिशेष बिधालय संख्या | १ | १ | १ | १ | १ | १ |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौति[illegible] लक्ष्य [illegible] १० वर्ष[illegible] |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | माध्यमिक तहसम्म संचलित बियालयहरूको सङ्ख्या | विधालय | ४ | ५ | ६ | ७ | ७ | ७ | ७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | सबै प्रकार र तहका बिद्यालय नक्शांकन. समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | विधालय | ० | २ | २ | २ | २ | ८ | ८ |
| ३ | माध्यमिक तह -कक्षा ९) १२ का (लागि प्रभत्ता.अ. | विधालय | ४ | ५ | ६ | ७ | ७ | ७ | ७ |
| ४ | सामुदायिक माध्यमिक तह कक्षा)९ (१२- बिद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता पोशाक भत्ता) | विधालय | ४ | ५ | ६ | ७ | ७ | ७ | ७ |
| ५ | सामुदायिक माध्यमिक तह कक्षा)९ (१२- बिद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता पोशाक भत्ता) सहित( | विधालय | ४ | ५ | ६ | ७ | ७ | ७ | ७ |
| ६ | माध्यमिक बिद्यालय (कक्षा ९ का लागि (१२- सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान )SIP निर्माणअद्यावधिक/. शिक्षण सिकाई सामग्री. कम्तिमा १ १ सेट/ | विधालय | ४ | ५ | ५ | ६ | ६ | ७ | ७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी ) | | | | | | | | |
| ७ | मायमिक बियालय कक्षा) ९ का लागि एकमुष्ठ (१२- ) अनुदानSIP निर्माणअद्यावधिक/, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, ( | विधालय | ४ | ४ | ४ | ४ | ४ | ऽ | ऽ |
| ८ | माध्यमिक तह (कक्षा ९- का लागि (१० पाठ्यपुस्तक खरिद र बितरण अनुदान | | ९३४ | ९३४ | ९३४ | ९३४ | ९३४ | ४६७० | [illegible] |
| ९ | माध्यमिक तह -कक्षा ११) १२ का लागि ( पाठ्यपुस्तक खरिद र बितरण अनुदान पाठ्यपुस्तकको) सङ्ख्या पाठ्यक्रम (ढाँचाले तोके अनुसार हुने | | ४२३ | ४२३ | ४२३ | ४२३ | ४२३ | २११५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | माध्यमिक तहका बियार्थीहरूमध्ये -कक्षा ९) १०अतिबिपन्न ( छात्रवृत्ति )Pro-poor targeted Scholarship) का लागि छनौट भएका बियार्थीहरूलाई छात्रवृत्ति वितरण | | १०३ | १२१ | १३१ | १४० | १४९ | ६४४ | ६४४ |
| ११ | माध्यमिक तहका बियार्थीहरूमध्ये -कक्षा ११) १२अतिबिपन्न ( छात्रवृत्ति )Pro-poor targeted Scholarship) का लागि छनौट भएका बियार्थीहरूलाई छात्रवृत्ति वितरण | | ५१ | ५५ | ५९ | ६३ | ६८ | २६९ | २६९ |
| १२ | कक्षा ९ १२ का- छात्राहरूलाईSanitary Pad बितरण बापतको बजेट अनुदान | | ९५५ | ६३३ | ६२६ | ६९७ | ७२४ | ३६३५ | ३६३५ |
| १३ | माध्यमिक बियालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | | ० | ० | १ | ० | ० | १ | १ |
| १४ | माध्यमिक बियालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | | २ | १ | १ | १ | १ | ६ | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | ध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | | २ | १ | १ | १ | १ | ६ | ८ |
| १६ | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | | ० | ० | १ | ० | ० | १ | २ |
| १७ | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा Master Plan कार्यान्वयन पुस्तकालय) व्यवस्थापन, ICT र बिज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदि का ( लागि बजेट अनुदान | | ७० | ९८ | १२६ | १४० | १५४ | ५८८ | ५८८ |
| १८ | अभिभावक भेला | बिधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| १९ | शिक्षक ,बिधार्थी. बि.व्य.स. र शिक्षक अभिभावक स. बीच अन्तरक्रिया | बिधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| १९ | Remedial Class | आवस्यकता अनुसार | ४ | १ | १ | १ | १ | ८ | ८ |
| २० | बालबालिकाहरुको स्वास्थ परिक्षण ,अपाङ्गता | पटक( कम्तिमा १ पटक ) | ४ | १ | १ | १ | १ | ८ | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पहिचान तथा सहयोग कार्यक्रम | | | | | | | |
| २१ | गुनासो सुनुवाई सयन्त्रको कार्यन्वयन | बिधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| | खेलखुद/ मनोरजनको व्यवस्थापन | पालिकाको कार्यतालिका अनुसार | ४ | १ | १ | १ | १ | ८ | ८ |
| २२ | बिधालय स्तरीय बाल क्लब तथा बालिका संजाल गठन तथा परिचान | बिधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| २३ | बिषयगत सिकाई समुह गठन तथा परिचालन | बिधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| २४ | प्र.अ. तथा शिक्षक हरूकालागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन भता | विधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| २५ | बृहत बिधालय सुरक्षा कार्यक्रम कार्यान्वन | विधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| २६ | हरित बिधालय स्थापन अभियान | विधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| २७ | बिशेष बिधालय स्थापना | बिधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| २८ | प्र अ को नेतृत्व क्षमता बिकास तालिमको व्यवस्थापन गर्ने | विधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| २९ | शिक्षक दरबन्दी पदपूर्ति गरिने | बिधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |
| ३० | शिक्षक पेशागत क्षमता बिकास तालिम | बिधालय | ४ | १ | १ | १ | १ | ८ | ८ |

## ३.४ प्राबिधिक शिक्षा तथा ब्याबसायिक तालिम

### परिचय

शिक्षाले गरिखाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए गुनासो अहिले सर्वत्र सुनिन गरेको छ । यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गरिरहेको छ ।सोही अन्तर्गत यस अन्तर्गत संचालितमा रहेका श्री  दीपनारायण मा.वि संचालन रहेको देखिन्छ। र सो अन्तर्वत जम्मा विद्यार्थी हरुको संख्या १२० जना रहेका छन। यस्तो अवस्थामा कक्षा ९ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्ता व्यक्तिहरुका लागि नगरपालिकाले रोजगारमुलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो ।

### ३.४.१ वर्तमान अवस्था

यस सखुवा प्रसौनी गाउःपालिका प्रविधिक शिक्षा तथा व्यसायिक तालिम परिषद अन्तर्गत संचालित  तीन बर्षे डिपलोमा सिभिल इजिनियरिंग अन्तर्गत दीपनारायण मा।वि मा संचालित रहेको छ। यसमा SEE पछि भर्ना लिइनछ । यसमा जम्मा विधार्थी २२ जना छ जस मध्ये ९ जना छात्राहरु छन । यसमा २ जना सिभिल ईन्जिनिय पुरा समयकोलागि कार्यरत छन भन्ने  ५ जना आंशिक शिक्षक शिक्षण पेशाको रुपमा कार्यरत छन । अहिले सम्म यसले शैक्षिक सत्रको चक्रपुरा नगरेकोले यसको नतिजा बारे पर्खनु पर्ने हुन्छ । यसकोलागि शुरुको बर्षमा गाउपालिकाले बजेट ब्यवस्थपन गरेको तर क्रमशः बजेट घटाउँदै गएको कारण सुविधा सम्पन्न प्रयोगशालाको अभाव तथा दक्ष जनशतिmको ब्यवस्थापनमा समस्या परिरहेको छ कारण अन्तिम सेमेष्टरमा विधार्थीको संख्या घटेर १७ जनामा आएको छ ।

### ३.४.२. उद्देश्य

- यस स्थानीय तहका सबै नागरिकका लागि प्रविधिक शिक्षा तथा व्यवसायिक तालिमाका अवसर शुनिस्चित गर्नु।
- प्रविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम को क्षेत्रमा उत्पादन हुने जन शिक्तिको लागि स्थानीय स्तरमा रोजगारी तथा स्व-रोजगारीका अवसरहरु उपलब्ध गराउनु।

- प्रविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकास का अवसरहरुलाई सान्दर्भिक, उपयोगी तथा गुणस्तरीय बनाउनु।
- प्राविधिक शिक्षा अध्ययन गरिरहेका जम्मा विद्यार्थीहरु मध्ये १००% विद्यार्थी उर्तिर्ण गराउनेर सो मध्य ५०% रोजगार वा स्व-रोजगार शुनिश्चता गर्नु।

### ३.४.३ रणनीति

- स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सानोठिमी भक्तपुरसँग समन्वय गरेर ,नगरपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- थप विद्यालयमा समेत प्रविधिक धार संचालन गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर प्रभावकारिता र पहुँच बढाउनको लागि सरोकारबालहरु संग समन्वय तथा सहकार्य गर्ने।
- आय आर्जन खालका क्रियाकलापको लागि संघ, प्रदेश, नगरपालिका निजि क्षेत्र संग आवश्यक सहयोग तथा सहकार्य गर्दै जाने।
- अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप (Non formal Education National qualification framework) को प्रभावकारी कार्यन्वयन गर्ने।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका विद्यार्थीहरु मध्ये शैक्षिक सत्र २०८१ मा सत प्रतिशत उर्तिर्ण भएका हुने छन।
- प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका मध्ये कम्तिमा ५०% विद्यार्थीहरु स्थानीय तह, निजी तथा सरकारी क्षेत्रमा रोजगार वा स्व-रोजगार हुने छन।
- अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप (Non formal Education National qualification framework) को प्रभावकारी कार्यन्वयन भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिधालय सङ्ख्या | १ | १ | | १ | | |
| २ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विधार्थी सङ्ख्या | २२ | २२ | ४४ | ८८ | १०० | १५० |
| ३ | प्राबिधिक शिक्षा तथा व्यवसायिक गरिरहेका जम्मा विद्यार्थीहरु मध्ये रोजगार वा स्व-रोजगार भएका वियार्थीहरु प्रतिशत | | ० | ० | १० | ५ | २ |
| ४ | अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप कार्यन्वयन वाट लभान्ति जनसंख्या | ० | ० | ० | १० | ५ | २ |
| ५ | वहु प्रविधिक शिक्षालय संख्या | ० | ० | ० | १ | ० | ० |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य बर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिधार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस तयार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | विद्यालय | १ | ० | ० | १ | ० | २ | |

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | आय आर्जन खालका क्रियाकलापको लागि संघ, प्रदेश, नगरपालिका निजि क्षेत्र संग समन्वय बैठक | पटक | १ | १ | १ | १ | १ | १० | |

### ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

**परिचय**

सिकाइलाई जीवनभर चलिरहने प्रकृयाका रूपमा बुझिन्छ। मानिसहरूले औपचारिक, अनौपचारिक र अरितिक माध्यमद्वारा आफ्नो जीवन, वातावरण र समाजसँग अन्तरक्रिया गर्दै नयाँ अनुभव र ज्ञान हासिल गर्दछन्। हरेक दिन केहि न केही नयाँ कुराको सिकाइ भइरहेको हुन्छ। तर हाम्रो समाजमा, विशेषगरी निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्र सिकाइ मान्ने प्रवृत्ति देखिन्छ। यस प्रवृत्तिका कारण, विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका मानिसहरूले भन्दै पश्चाताप गर्ने गरेको पाइन्छ। 'उमेरमा पढ्न पाइएन'

यद्यपि, ती मानिसहरूमा यदि इच्छाशक्ति र जाँगर छ भने जीवनभर सिकाइमा सक्रियताका साथ सहभागी हुन सकिन्छ भन्ने भावनाको विकास गराउन सके समृद्ध र सभ्य समाज निर्माण गर्न सहयोग पुग्नेछ। यसै परिप्रेक्ष्यमा सखुवा प्रसौनी गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनभर शिक्षाको अवधारणालाई प्राथमिकता दिइएको छ।

जीवनपर्यन्त शिक्षाको महत्वलाई मानिसहरूसमक्ष प्रभावकारी रूपमा पुर्‍याउनका लागि, साक्षरताका सीपहरूलाई दैनिक जीवनका क्रियाकलापहरूसँग जोड्न आवश्यक छ। उदाहरणका लागि, पढाइ, लेखाइ र सामान्य गणितीय सीपहरूले कृषि, घरेलु उद्यम, व्यापार, र पशुपालनजस्ता व्यवसायलाई सफलतापूर्वक सञ्चालन गर्न ठुलो सहयोग पुर्‍याउन सक्छ। यसबाट आय आर्जनमा बृद्धि भई जीवनस्तरमा सुधार ल्याउन सकिन्छ।

यस विषयमा स्थानीय स्तरमा आधारित उदाहरणहरू सहितका सामग्रीहरू तयार गर्नु र सिकाइ अनुभवहरूलाई प्रभावकारी रूपमा उपयोग गर्ने रणनीति अपनाउनु पर्ने हुन्छ। यसरी, व्यक्तिहरूलाई जीवनपर्यन्त सिकाइको महत्त्व र त्यसले जीवनमा ल्याउने परिवर्तनको बोध गराउँदै सकारात्मक सोचको विकास गर्न सकिन्छ।

सिकाइलाई केवल औपचारिक शिक्षासँग सीमित नराखी, दैनिक जीवनका क्रियाकलापमा उपयोग गर्न सकिने व्यवहारिक सीप र ज्ञानको महत्त्व बुझाउन सकियो भने समाजको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा जीवनपर्यन्त शिक्षाले ठूलो योगदान पुर्‍याउन सक्छ।

**३..१ वर्तमान अवस्था**

यस पालिकामा विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न विगतका वर्षदेखि अनौपचारिक प्रौढ शिक्षा र बालशिक्षा कार्यक्रम सञ्चालन हुँदै आए तापनि. विद्यालय बाहिर रहेका बालबालिकाहरूको समस्या अझै पूर्ण रूपमा समाधान भएको छैन। तथ्यांक अनुसार. यस पालिकामा ५ देखि १२ वर्ष उमेर समूहका १५१ जना बालबालिका विद्यालय बाहिर छन्। १३ देखि १६ वर्ष उमेर समूहका ४१४ जना किशोर किशोरी विद्यालय बाहिर रहेको र ५ वर्षभन्दा- माथिको उमेर समूहमा ८२० जना व्यक्ति निरक्षर रहेका छन्। पालिकामा सामुदायिक पुस्तकालय १ वटा र सामुदायिक स्रोत केन्द्र ४ वटा रहेका छन्। यद्यपि. विभिन्न माध्यमबाट प्राप्त शिक्षालाई समकक्षता दिने प्रणालीको विकास पालिका स्तरमा हुन सकेको छैन। साक्षरताको अवस्थाको विश्लेषण गर्दा. ५ वर्षभन्दा माथिको साक्षरता दर ६१ ९ प्रतिशत छ. ६ प्रतिशत रहेको छ। त्यस्तै. भने १५ वर्षभन्दा माथिको साक्षरता दर ५२. १५ देखि २५ वर्ष उमेर समूहका युवाहरूको साक्षरता दर ८२ प्रतिशत मात्र रहेको छ। यी तथ्यांकले देखाउँछ कि पालिकामा १८ प्रतिशत जनसंख्या अझै निरक्षर छ. जसलाई सुधार गर्न आवश्यक छ।विद्यालय बाहिर रहेका बालबालिकाहरू र व्यक्तिहरुलाई रोजगारीमुखी तथा सीपमुखी शिक्षामा सहभागी गराउन पालिकाले प्रयास गरे तापनि ती प्रयासहरू पर्याप्त देखिएका छैनन्।

**३.६.२ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको** छः

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।
- ५ देखि १६ बर्ष उमेर समुहका ८२० बालबालिकाहरु अझ विधालय भन्दा बाहिर रहेको ।
- सामुदायिक पुस्तकालयको संख्या ० रहेको छ
- विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको विकास पालिका स्तरमा भएको छैन
- पालिकाको साक्षरता अवस्था विशलेषण गर्दा ५ भन्दा माथिको साक्षरता दर ६१.९ प्रतिशत. १५ बर्ष भन्दा माथि ५२.६ प्रतिशत. १५ देखि २५ बर्ष भित्र उमेर समुहका साक्षरता प्रतिशत ८२ मात्र रहेको छ ।
- विभिन्न कारणले शिक्षाबाट बंचित मानिसहरुलाई रोजगर तथा सीपमुलक शिक्षाको शुरुवात पालिकाले गरे तापनि अप्रयाप्त देखिन्छ ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।

**३.६.३. उद्देश्य**

- विधालय भन्दा बाहिर रहेको उमेर पुगेका सबै बालबालिकाहरुलाई विधालय भर्ना गराउने तथा शिक्षाको बैकल्पिक ब्यवस्था गर्ने ।

तखुवा प्रतीनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तखुवा प्रतीनी, पर्सा
मधेश प्रदेश, नेपाल

- रोजगर तथा सीपमुलक शिक्षाको विकास गरि आयआर्जनलाई बढावा दिने ।
- नगर पालिका भित्रका सबै प्रौढहरुलाई(१५-६० उमेर समुह) आगामी २ वर्ष भित्र साक्षर बनाउने ।
- पालिका स्तरमा समकक्षता प्रणालीको स्थापना गर्ने ।

### ३.६.४ रणनितिहरु

- विधालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरु एवमः निरक्षरहरुको विवरण संकल्न गर्ने ।
- विधालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरुको लागि अनौपचारिक तथा बैकल्पिक सिकाई केन्द्रहरुको स्थापना तथा संचालन गर्ने ।
- विधालय भर्ना तथा बैकल्पिक शिक्षाको ब्यवस्था गर्ने ।
- वडाअन्तर्गत आवश्यक स्थानमा समुदायिक सिकाई केन्द्र स्थापना गर्ने
- आयआर्जन बृद्धिकालागि उधोग तथा रोजगार शाखासंग सम्बन्य गर्ने ।
- सामुदायिक सिकाई केन्द्र मार्फत विभिन्न सीप विकास र आयअर्जन तथा सीप मुलक कार्यक्रम संचालन गर्ने
- अनौपारिक माध्यमबाट प्रस गरेका ज्ञान तथा सीपहरुको परिक्षण र प्रमाणिकरण गरि राष्टिय योग्यता प्रारुपले गरेको ब्यवस्या बमोजिम प्रामाण पत्रको ब्यवस्था मिलाउने ।
- नातिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणालीमा संस्थागत गर्ने ।
- समुदाय परिचालनको लागि टोल शिक्षा निगरानि समुह गठन तथा परिचालन गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम गर्ने ।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अपेक्षित उपलब्धिः**

- विधालय भन्दा बाहिर रहेको उमेर पुगेका सबै बालबालिकाहरुलाई विधालय भर्ना गराई शिक्षाको अधिकार सुनिश्चित भएको हुनेछ।
- १५-६० उमेर समुहका सबै नागरिकहरु साक्षर भएका हुनेछन् ।
- रोजगर तथा सीपमुलक शिक्षाको माध्यम बाट आयआर्जनमा बृधि भएको हुनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्षभन्दा माथि) (%) | ५२.६ | ५२.६ | ७२.० | ८०.५ | ९०.० | १०० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप ( पन्ध्र बर्ष भन्दा माथिको महिला) (%) | ३७.८ | ३७.८ | ४५.५ | ६५.५ | ७०.० | ७५.० |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ४ | ! | १ | १ | ! | ८ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ५ | अनौपचारिक तथा बैकल्पिक सिकाई केन्द्रहरुबाट लभान्वित बालबालिका तथा किशोरकिशोरिहरुको संख्या | ० | १६ | १६ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ६ | अनौपारिक माध्यमबाट प्रप्त गरेका ज्ञान तथा सीपहरुको परिक्षण र प्रमाणिकरण अनरुप राष्टय योग्यता प्रारुपले गरेको व्यवस्या बमोजिम प्रामाण पत्र प्राप्त गर्ने ब्यत्तिहरुको संख्या | १० | १० | १२ | १४ | १५ | १५ |

### ३.६.६ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | स्थानीय तह र सो तहमा कार्यरत गैर सरकारी र- सँस्थाहरू-अन्य सङ्घ सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र | निर्देशिका | १ | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निर्देशिकाहरूको विकास गर्ने | | | | | | | | |
| २ | स्थानीय तह र सो तहमा कार्यरत गैर सरकारी र- सँस्थाहरू-अन्य सङ्घ सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन | संख्या | ० | १० | १० | १० | १० | ५ | ४५ |
| ३ | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | केन्द्र | १५ | ० | ० | ० | ० | ० | १५ |
| ४ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा | संख्या | ० | ० | १ | ० | ० | ० | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुस्तकालय स्थापना र सन्चालन गर्ने | | | | | | | | |
| ६ | समुदायिक केन्द्र सवलिकरण तथा व्यवस्थापन अनुदान | संख्या | ० | ० | १ | ० | १ | ० | २ |
| ७ | CLC परिचालकहरुको क्षमता अभिबृधि तालिमका लागि/ बजेट अनुदान | संख्या | ४ | ४ | १ | १ | १ | ० | ८ |

लखुवा प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लखुवा प्रसौनी, पर्सा मधेश प्रदेश, नेपाल

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

### परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रकाअन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा, उच्च शिक्षा तथा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायतसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा: विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्‍याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्तिजस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

### ४.१ पाठयक्रम तथा मुल्यांकन

परिचय मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले

समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो।

**४.१.१ वर्तमान अवस्था**

सखुवा प्रसौनी गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम लागु गरिएको छ। शैक्षिक सत्र २०७७ देखि कक्षा १ र २०७८ देखि कक्षा २ र ३ मा एकीकृत पाठ्यक्रम लागु भएको छ। तथापि, स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गराउनु प्रमुख चुनौती रहेको छ।

स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरूलाई आफ्नो परिवेशअनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित गराउन सहयोग पुऱ्याउँछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गरिनुपर्छ।

त्यसैगरी, स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्नु आवश्यक छ। सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई

सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ।

यसले सिकाइको माध्यम भाषाले अवरोध नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सीपका रूपमा एकीकृत गर्ने तथा शिक्षण प्रक्रियामा प्रयोगलाई विस्तार गर्ने नीति आवश्यक छ। साथै, विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा उपयोग गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुपर्छ।

नेपाल सरकारबाट बालविकास, कक्षा १ देखि १० तथा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरुको लागि पाठ्यक्रमको आधारमा निःशुल्क पाठ्यपुस्तक वितरण गर्न रकम निकासा गर्दछ र त्यसै आधारमा प्रत्येक विद्यार्थीलाई सुरुमानै वितरण गर्ने काम हुन्छ । खास गरी तहगत रुपमा पाठ्यक्रम, शिक्षक निर्देशिका तथा अन्य शिक्षण सिकाई सामग्रीहरुको उपलब्धता न्यून रहेको हुन्छ । विद्यार्थीहरु मात्र पाठ्यपुस्तकको अध्ययनबाट सम्पूर्ण ज्ञान, सीप र अभिवृति प्रास्त नगर्न सकिने हुने हुदा अन्य सामग्रीको आवश्यक्ता पर्दछ । जसको उपलब्धता थोरै रहेको हुन्छ ।

एकिकृत पाठ्यक्रम कार्यान्वयनको अवस्था प्रारुप अनुसार सबैतर्फ तोकिए बमोजिम नभएको देखिन्छ । पाठ्यक्रमले तोकेको शिक्षण विधि, शिक्षण क्रियाकलाप तथा मूलयांकन पद्धतिको प्रयोगमा अभाव देखिन्छ ।

**मूल्याङ्कन प्रणाली**

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमार्फत उदार कक्षोन्नति नीति भए पनि कार्यान्वयनमा आउन सकेको छैन। आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन नीति रहेको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन नीति रहेको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्देश गरेको मूल्याङ्कन प्रणाली कार्यान्वयन गराउनु प्रमुख चुनौती रहेको छ। कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ भने कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशनअनुसार सञ्चालन हुने गर्दछ।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

### ४.१.२ पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरू

१. आधारभूत तहमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्देश गरेको मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गराउनु।

२. स्थानीय पाठ्यक्रम निर्माण, पाठ्यसामग्रीको विकास तथा क्षमता अभिवृद्धि नहुनु।

३. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषाको माध्यमबाट शिक्षण-सिकाइको अभाव।

४. स्थानीय पाठ्यक्रम विकास, कार्यान्वयन तथा अद्यावधिक प्रक्रियालाई अनुसन्धानमा आधारित नबनाउनु।

५. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको अपर्याप्त प्रयोग।

६. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको पर्याप्त सहभागिता नहुनु।

७. बालिका, अपाङ्गता भएका बालबालिका तथा लैङ्गिकमैत्री पाठ्यपुस्तक तथा कार्यपुस्तिकाको अभाव।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने गरी पाठ्यक्रम निर्माण गर्ने र विषयवस्तुलाई अन्तरसम्बन्धित बनाई सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।

२. स्थानीय पाठ्यक्रममार्फत सखुवा प्रसौनी गाउँपालिकाको समृद्ध निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्ने।

३. सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्ने।

### ४.१.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अपनाइनेछः

१. समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी स्थानीय पाठ्यक्रम बनाई समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइनेछ।

२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालाहरूमा अपनत्व विकास गरी जिम्मेवारी बढाउने। स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रिया अवलम्बन गरी परीक्षणका

रूपमा कार्यान्वयनमा ल्याउने र प्रभावकारिताका आधारमा निरन्तरता दिने।

३. स्थानीय पाठ्यक्रममार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपद्, महामारी तथा संकट व्यवस्थापन र न्यूनीकरणमा बालबालिकालाई प्रारम्भिक कक्षादेखि नै सक्षम बनाउने।

४. विपद्, महामारी तथा संकटका समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमा जोड दिने।

५. प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिने।

६. बालिका, अपाङ्गता भएका तथा लैङ्गिक अल्पसङ्ख्यक बालबालिकाका लागि सिकाइ अवसर वृद्धि गर्न ब्रेल लिपिमा आधारित सामग्री, श्रव्यदृश्य सामग्री तथा सङ्केत भाषाका शैक्षिक सामग्री विकास गरी प्रयोगमा ल्याउने।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिता प्रदान गर्दै कार्यान्वयन गर्ने।

८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरमा सुधार गरी व्यवस्थित गर्ने।

९. विद्यालय सुशासन र सामाजिक परीक्षण कार्यलाई प्रभावकारी बनाउने।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धिः**

१. आधारभूत तहमा स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा प्रभावकारी मूल्याङ्कन प्रणालीसँग समायोजन भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल र जीवनोपयोगी सीपहरू समावेश गर्न सहयोग पुग्ने।

२. स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानको प्रवर्द्धन हुने।

३. सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्धता, र रोजगार उन्मुख नागरिक निर्माणमा सहयोग पुग्ने ।

**ख. नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एककृत पाठ्यक्रम लागु | सबै सामुदायिक बिधालय | २९ | २९ | २९ | २९ | २९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गरेको विधालय सङ्ख्या | | | | | | |
| २ | परिक्षामा स्तारिकृत प्रश्र प्रयोग गर्ने विधालयसङ्ख्या | सबै सामुदायिक बिधालय | २९ | २९ | २९ | २९ | २९ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | सबै सामुदायिक बिधालय | २९ | २९ | २९ | २९ | २९ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विधालय सङ्ख्या | सबै सामुदायिक बिधालय | २९ | २९ | २९ | २९ | २९ |

### ४.१.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | | | | | | | | |
| | स्थानीय पाठयक्रम तथा पाठ्यपुस्तीका कार्यशाला निर्माण | कार्यशाला | १ | | | | | | गाँउपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय पाठयक्रम निर्माण | | | १-२ | | ४-५ | | ६-८ | गाँउपालिका |
| | स्थानीय पाठयक्रम कार्यन्वयनको लागि शिक्षकहरुको क्षमता विकाश तालिम | तलिम | | | १-३ | | | | गाँउपालिका |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा | | | १-३ | | ४-५ | | गाँउपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा | | | | १-३ | ४-५ | ६-८ | गाँउपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा | | | १-३ | | ४-५ | ६-८ | गाँउपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा | १-५ | | | १-५ | | ६-८ | गाँउपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | | | | | | | | | |
| | नमुना साधन छपाई र वितरण | कक्षा | | १-७ | | | | | गाँउपालिका |
| | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा | १-३ | १-७ | १-७ | १-७ | १-७ | १-७ | विद्यालय |

४.१.६ सखुवा प्रसौनी गाउँपालिकामा स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोग नभएको अवस्था छ । निर्माण गरिने पाठ्यक्रममा वातावरण संरक्षण, संबर्द्धन र दिगोपनका लागि आवश्यक विषयवस्तु समावेश गर्नुपर्छ । स्थानीय

तहमा गरिने कृषि, घरेलु गद्धयोग, धर्म संस्कृति संरक्षण, भाषा, पेशा व्यवसाय, साहित्य सम्बन्धि विषयवस्तु निर्माण गरिने स्थानीय भाषाको पाठ्यक्रममा समावेश गर्नुपर्छ ।

४.१.७ विज्ञान प्रविधिको युग भएकोले मातृभाषाको पाठ्यक्रममा यस सम्बन्धि विषयवस्तु इंकित गर्नुपर्छ ।

४.१.८ स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण वा प्रयोग गर्दा शिक्षक तथा सरोकारवालालाई प्रवोधीकरणको बन्दोबस्त गर्नुपर्ने हुन्छ ।

४.१.९ समयसमयमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रयोग गर्दा आपेक्षित उपलब्धि भए नभएको समीक्षा र परिमार्जनको क्रियाकलाप निरन्तर हुनुपर्छ । साथै लागु गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि अवधारणा शिक्षकलाई प्रदान गर्न विभिन्न किसिमले उनीहरुको पेशागत क्षमता अभिवृदि गर्नुपर्छ ।

४.१.१० विद्यालय पुगेका ससाना बालवालिकाहरुलाई सुरुदेखिनै विभिन्न दैविक प्रकोप, महामारी तथा उत्पन्न हुने अन्य संकटको कारण, प्रभाव र हानीनोक्सानीबाट बच्न बचाउन सकिने उपाय सम्बन्धि ज्ञान र सीप विविध माध्यमबाट प्रदान गर्नुपर्छ ।

४.१.११ शिक्षण सिकाईका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकबाहेक आवश्यक पर्ने शिक्षक निर्देशिका, स्रोत सामग्री, सहयोग सामग्री, स्वअध्यन गर्न सकिने बुककर्नर तथा पुस्तकालय वा ई-लाईब्रेरीको सुनिश्चितता गर्नु पर्छ ।

४.१.१२ बालवालिकाको उमेर, ज्ञान स्तर तथा अनुभवलाई ख्याल गर्दै कक्षाकोठामा मातृभाषा, बहुभाषा वा अन्य स्थानीय भाषाको प्रयोग गरी शिक्षण सिकाई गर्नुपर्छ ।

४.१.१३ बालवालिकाहरुलाई सानै उमेरदेखि समाजमा घुलमिल गर्ने, सामाजिक काममा लाग्ने, परस्परमा सहयोग आदान प्रदान गर्ने जस्ता भावनाको विकास गर्ने क्रियाकलाप विद्यालयस्तरमा गर्नुपर्छ ।

४.१.१४ कक्षाकोठामा बालवालिकाको सिकाई स्तर फरक फरक हुन्छ । यसका लागि तीव्र सिक्नेसँग कमजोर सिकाई भएका बालवालिकाहरुलाई सहपाठी सिकाई गर्नसकिने व्यवस्थापन मिलाउनु पर्ने हुन्छ ।

४.१.१५ शिक्षकले सिकाएको कुरा विद्यार्थी सिके जति शिक्षकको सिकाई सफल हुन्छ । त्यसकारण शिक्षकको वृतिविकासको मूल्याङ्कन सिकाईको आधारमा निर्धारित हुनुपर्छ ।

४.१.१६ विद्यार्थीहरुको मूल्याङ्कन निर्माणात्मक तथा निर्णयात्मक दुवै तरिकाले गरिन्छ । खासगरी ससाना बालवालिकाहरुको मूल्याङ्कन निर्माणात्मक विधिबाट गरिँदा उपयुक्त हुन्छ । यसका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनका विभिन्न प्रविधिको प्रयोग सम्बन्धि सुनिश्चितता आवश्यक हुन्छ ।

## ४.२ शिक्षक व्यवस्थापन र विकास

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

### ४.२.१ परिचय

शिक्षक सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रमा रहेका मुख्य पात्र हुन् । उनीहरूको ज्ञान,दक्षता, समर्पण, र विद्यार्थीप्रति जवाफदेहीताले सिकाइको गुणस्तर निर्धारण गर्छ । शिक्षकले विषयवस्तुमा गहिरो ज्ञान राख्दै समावेशी कक्षा व्यवस्थापन, अभिभावक र विद्यार्थीसँग प्रभावकारी सञ्चार, र शिक्षण सामग्रीको सिर्जना तथा प्रयोग गर्न सक्नुपर्छ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, र पेशाप्रति उत्प्रेरित हुनु आवश्यक छ। नेपालमा शिक्षामा समता, सान्दर्भिकता, र सुशासन प्रवर्द्धनका लागि शिक्षक व्यवस्थापन र विकासलाई प्राथमिकता दिँदै विभिन्न योजना र कार्यक्रमहरू सञ्चालन भएका छन्।

यस योजनामा शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षकको पेशागत विकासलाई सुदृढ बनाउने, र औचित्यपूर्ण आपूर्ति तथा वितरण सुनिश्चित गर्ने कार्यमा जोड दिइनेछ। सखुवा प्रसौनी गाउँपालिकाले शिक्षक व्यवस्थापन र विकासमा वर्तमान अवस्था र चुनौतीहरूको समीक्षा गर्दै कार्यक्रमको उद्देश्य, रणनीति, र अपेक्षित नतिजाहरू निर्धारण गरी प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

### ४.२.२ बर्तमान अवस्था

#### ४.२.२.१. शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) र सोह्रौं योजना (२०८१-२०८५) ले शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्दै अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अंक प्राप्त गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश पाउने कानूनी व्यवस्था गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि अध्यापन अनुमति पत्र अनिवार्य छ। स्थायी शिक्षकका लागि आयोगको परीक्षा पास गर्नुपर्ने र मापदण्ड पूरा गरेर मात्र बढुवाको योग्यता प्राप्त गर्न सकिन्छ। यी व्यवस्थाहरूले शिक्षण पेशालाई समाजमा सम्मानित बनाउँदै लगेको छ।

शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सहभागिता जनाउने युवाहरूको उल्लेख्य उपस्थिति शिक्षण पेशाप्रतिको आकर्षण वृद्धि भएको प्रमाण हो। हाल स्थानीय तहले शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षकहरूको नियुक्ति र पदस्थापनको कार्य गरिरहेको छ। सखुवा प्रसौनी गाउँपालिकामा ५ वटा मा.वि. (९ देखि १०) सम्म सञ्चालनमा

रहेको छ । मा.वि. तहमा साधारण दरबन्दी ७ राहत कोट्टा १० मात्र रहेको छ । त्यसै गरी माध्यमिक तह (कक्षा ११ र १२) ४ वटा विद्यालयमा सञ्चालन भइरहेको छ । यसको लागि जम्मा ३ वटा मा.वि. द्वितीय श्रेणीको अनुदान कोट्टा रहेको छ । वास्तवमा मा.वि. तहको लागि शिक्षक संख्या अपुग मात्रामा रहेको छ । त्यसै गरी नि.मा.वि. तहमा ७ वटा साधारण दरबन्दी र राहत कोट्टा ८ वटा रहेको छ । यो संख्या पनि पालिकामा सञ्चालित रहेको ९ वटा नि.मा.वि. तहको विद्यालय तहको लागि अपुग शिक्षक संख्या रहेको छ ।पालिकामा ५ वटा मा.वि., ९ वटा नि.मा.वि. र २० वटा प्रा.वि. तहको विद्यालय सञ्चालित छन् । प्रा.वि. तहमा पनि विद्यार्थी अनुपातमा शिक्षक संख्या अपुग रहेको छ । पालिकाले आउँदो शैक्षिक सत्र – २०८३ को लागि शिक्षक दरबन्दी मिलान, व्यवस्थापन तथा पुनर्वितरण काम गर्ने छ

**४.२.२.२. शिक्षक तयारी तथा क्षमता विकास**

शिक्षक सिकाइ सहजीकरण प्रक्रियाका केन्द्र हुन्। उनीहरूले अध्यापन गराउनु पर्ने विषयमा गहिरो ज्ञान राख्नुपर्छ। समावेशी कक्षा व्यवस्थापन, विद्यार्थी र अभिभावकसँग प्रभावकारी सञ्चार, शैक्षिक सामग्री निर्माण, र प्रभावकारी मूल्याङ्कन कार्यमा सक्षम हुनुपर्छ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार, अध्यापन अनुमति पत्र पाउन कम्तीमा वी.एड., एम.एड., वा अन्य सम्बन्धित योग्यता अनिवार्य छ। प्राथमिक, निम्न माध्यमिक, र माध्यमिक तहका लागि शिक्षा ऐन २०२८ र शिक्षक सेवा आयोगका नियमावलीले शिक्षणका लागि आवश्यक योग्यताका प्रावधानहरू तोकेका छन् ।

बदलिंदो पाठ्यक्रम र सूचना तथा प्रविधिअनुसार शिक्षकहरुको क्षमता विकास तथा पेशागत शिक्षण सिकाई कार्यमा आवश्यक सहयोग पुग्ने संयन्त्रको व्यवस्थापन गर्दा उचित हुन्छ । नवीन ज्ञान, सीप तथा अभिवृतिसँग शिक्षकहरुको पुनर्ताजगी हुनुपर्छ । आउने समयमा शिक्षकहरुको क्षमता तथा पेशागत विकासका लागि सहयोग पुग्ने संयन्त्र निर्माण गर्नु आवश्यक देखिन्छ ।

४.२.२.३. स्थानीय तहको शिक्षक व्यवस्थापनमा असल अभ्यास

हाल सालैमा पालिकाले शिक्षकहरुसँग आवश्यक समन्वय तथा सहकार्य विकास गर्ने तर्फ अग्रसरता बढाएको छ । शिक्षकहरुलाई IEMIS, नयाँ पाठ्यक्रम, परीक्षा प्रणाली तथा अन्य शिक्षा सम्बन्धी १ दिने अभिमुखी कार्यक्रम सञ्चालन गरिसकेको छ । शिक्षकहरुलाई पेशाप्रति लगाव अभिवृद्धि गर्ने कार्य पालिकाबाट हुँदैछ । आउँदा दिनहरुमा यसतर्फ खास रणनीति बनाई पालिका अगाडि बढ्नेछ ।

४.२.२.४. रिक्त दरबन्दीमा स्थानीय तहबाट शिक्षक व्यवस्थापनको अवस्था

पालिकाभित्र सञ्चालित रहेका विभिन्न विद्यालयमा रिक्त रहेका साधारण, राहत, अनुदान, बालविकास र संघीय शिक्षक सहयोग अनुदान कोट्टामा नियुक्ति गर्न अनुमति तथा सहमति प्रदान गरेको छ र सम्बन्धित विद्यालयले नियुक्ति प्रक्रिया तोकिएको विधिमुताविक अगाडि बढाएको छ ।

**४.२.२.५. शिक्षक सञ्जाल र समूह गठन**

सखुवा प्रसौनी गाउँपालिकामा शिक्षा सञ्जाल तथा विज्ञ समूह गठन नभएको अवस्था छ । यसै गरी शिक्षक सिकाई समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ पद्धतिको विकास एवम् कार्यन्वयन गर्नुपर्ने आवश्यक रहेको छ ।

४.२.२.६ शिक्षक उपस्थिति, निरन्तरता र कार्यसम्पादन सुधार

शिक्षक उपस्थितिमा सुधार गर्न प्र.अ. मासिक बैठकमा समीक्षा भएको छ । सोमा अधिकतम सुधार भएको देखिन्छ । साथसाथै विद्यालयमा शिक्षक उपस्थितिको नियमितता कायम गर्न पालिका तहबाटै समय समयमा अनुगमन तथा निरीक्षण गर्दा सुधार भएको देखिन्छ । शिक्षकको विद्यालयमा नियमितता वृद्धि भएमा उनीहरुबाट गरिने कार्य सम्पादनमा सुधार भईजाने अवस्था रहन्छ ।

४.२.२.७. शिक्षक तथा प्रधानाध्यापकको वृति विकास, विद्यार्थीको सिकाई सुधार र नतिजाप्रति जवाफदेहिता पद्धतिको विकास र कार्यान्वयन

शिक्षक तथा प्रधानाध्यापकको वृति विकास उचित ढङ्गबाट हुने भए विद्यार्थीको शिक्षण सिकाईमा सुधार निश्चित रुमा हुन्छ । साथसाथै नतिजामा पनि सुधार भइहाल्छ । हरेक शिक्षक तथा प्रधानाध्यापक आफ्नो काम, कर्तव्य र अधिकारप्रति सजग तथा जवाफदेही हुनुपर्छ । यसको लागि नीतिगत व्यवस्था पालिका तहमा हुनुपर्छ ।

४.२.२.८. सूचना, विज्ञान तथा प्रविद्धिमा शिक्षकहरुको पहुँच विकास

आजको युग सूचना, विज्ञान तथा प्रविद्धिको युग हो । २१ औं सताब्दीका शिक्षकहरुले नवीनतम सूचना, विज्ञान तथा प्राविधिक ज्ञान, सीप र अभिवृतिसँगको पहुँच विकास अतिआवश्यक हुन्छ । यसकारण नीतिगत सुधार गरी शिक्षण सिकाई कार्यमा संलग्न हरेक व्यक्तिलाई यसतर्फको ज्ञान, सीप र अभिवृति प्रदान गर्ने अवस्थाको सृजना गर्नुपर्छ ।

४.२.२.९ अपाङ्ग, महिला तथा सीमान्तकृत वर्गका व्यक्तिहरुको शिक्षण पेशामा आकर्षण र सहभागिता गराउन क्षमता अभिवृद्धि गर्ने अभियान

पालिकाभित्र रहेका अपाङ्ग, महिला तथा सीमान्तकृत वर्गका व्यक्तिहरुको शिक्षण पेशामा आकर्षण र सहभागिता गराउन क्षमता अभिवृद्धि गर्ने अभियान पालिकास्तरमा सञ्चालन तथा व्यवस्थापन गर्नु आवश्यक हुन्छ । यसतर्फ पनि नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउनुपर्छ ।

**४.२.२.१०. शिक्षण-सिकाइ क्रियाकलाप**

शिक्षण विधि चयन गर्दा विद्यार्थीको आवश्यकता, रुचि, र क्षमता विचार गर्नुपर्छ। विद्यार्थी केन्द्रित विधि जस्तै परियोजनामा आधारित, प्रविधिमैत्री, र सामुदायिक क्रियाकलापलाई प्राथमिकता दिनुपर्छ। नेपालका विभिन्न शिक्षा योजना र परियोजनाहरूले शिक्षणसिकाइ सुधार गर्न विद्यार्थी-केन्द्रित र प्रविधि-मैत्री शिक्षण विधिहरूलाई प्रोत्साहन गरेका छन्।

**४.२.२.११. शिक्षक पेशागत सहयोग पद्धति**

नेपालमा शिक्षक पेशागत सहयोगको थालनी वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूल स्थापना भएदेखि भएको हो। विभिन्न परियोजनाहरू जस्तै सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, र विद्यालय क्षेत्र विकास कार्यक्रमले शिक्षक सहयोगमा सुधार ल्याएका छन्। हाल, देशभरि १०५३ स्रोत केन्द्रहरूले शिक्षकहरूको पृष्ठपोषण, अनुगमन, तालिम, र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिरहेका छन्।

**४.२.२.१२. शिक्षक क्षमता विकास कार्यक्रम**

शिक्षकहरूलाई पेशागत रूपमा सशक्त बनाउन प्रमाणीकरण तालिम, पुनर्ताजगी तालिम, अनुभव आदानप्रदान, र स्वप्रयत्नमा आधारित सिकाइका कार्यक्रम सञ्चालन गर्न सकिन्छ। शिक्षक तालिम, कार्यशाला, र कन्फरेन्सजस्ता कार्यक्रमले उनीहरूको दक्षता अभिवृद्धि गर्न मद्दत गर्दछ।

**४.२.२.१३. शिक्षक उत्तरदायित्व**

शिक्षक समाजको परिवर्तनका संवाहक, विद्यार्थीको भविष्य निर्माता, र अभिभावकका लागि भरोसाको केन्द्र हुन्। उनीहरूले पाठ्यक्रमद्वारा तोकिएको उद्देश्य प्राप्ति, विद्यार्थीको मूल्याङ्कन, र आचारसंहिताको पालना गर्दै आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी तोकिएको छ, जसले विद्यालय स्तरअनुसार आवश्यक शिक्षक संख्या सुनिश्चित गर्दछ।

**विद्यालय प्रकार अनुसार तहगत शिक्षक बिबरण (Number of Teachers by Levels and Types);**

| बिद्यालय तह | ECED | Lower Basic (G1-5) | Upper Basic (G 6-8) | Secondary (G 9-10) | [illegible] 12) |
|---|---|---|---|---|---|
| सबै प्रकारका बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ५० | १२५ | १७ | १९ | ४ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ४५ | १०८ | १७ | १९ | ४ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ४५ | १०८ | १७ | १९ | ४ |
| पालिका द्वरा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | ० | ० | ० | ० | ० |
| सामुदायिक बिद्यालयमा कार्यरत शिक्षकमध्ये पूर्ण तालिम प्राप्त (शिक्षा बिषय र TPD सहितका शिक्षक) सङ्ख्या | ५० | ७७ | ९ | १४ | ० |

**४.२.३. शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन्**

- पालिका स्तरबाट शिक्षक नियुक्तिको अभाव
- पालिकाद्वारा सामुदायिक विद्यालयहरूमा शिक्षक नियुक्ति कुनै पनि तहमा भएको छैन।यसले स्थानीय सरकारको सक्रियता, शिक्षक व्यवस्थापन, र स्थानीय तहमा शिक्षा सुधारका प्रयासहरूमा गम्भीर चुनौती देखाउँछ।
- Upper Basic (कक्षा ६-८) मा मात्र ९ जना र Secondary (कक्षा ९-१०) मा १४ जना शिक्षक पूर्ण तालिम प्राप्त छन्। Secondary (कक्षा ११-१२) मा पूर्ण तालिम प्राप्त शिक्षकको पूर्ण अभाव छ।
- तालिमको अभावले शिक्षाको गुणस्तरमा नकारात्मक असर पार्ने स्पष्ट संकेत छ।

- सामुदायिक विद्यालयमा ECED र Lower Basic तहमा शिक्षकको उपलब्धता उच्च भए पनि Upper Basic र Secondary तहमा यसको संख्या कम छ। यो असन्तुलनले उच्च तहको शिक्षामा विद्यार्थी र शिक्षक अनुपातमा असमानता उत्पन्न गर्न सक्छ।
- ECED र Lower Basic तहमा पूर्ण तालिम प्राप्त शिक्षकको राम्रो उपस्थिति भए पनि अन्य तहमा यो संख्या पर्याप्त छैन।
- विशेष गरी कक्षा ११-१२ मा पूर्ण तालिमको अभावले यस तहमा शिक्षणसिकाइ क्रियाकलापको गुणस्तरप्रति शंका उब्जाउँछ।

### ४.२.४.उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्

- स्थानीय तहबाट शिक्षक नियुक्ति प्रणालीलाई प्रभावकारी बनाउँदै सामुदायिक विद्यालयहरूमा आवश्यक शिक्षकको व्यवस्थापन सुनिश्चित गर्ने।
- विद्यालय तहमा कार्यरत सबै शिक्षकहरूलाई पूर्ण तालिम (शिक्षा विषय र TPD सहित) उपलब्ध गराई शिक्षणसिकाइ क्रियाकलापको गुणस्तर सुधार गर्ने।
- तहगत शिक्षक व्यवस्थापनलाई विद्यार्थी सङ्ख्या र शैक्षिक आवश्यकता अनुसार पुनर्संरचना गरी विद्यालय शिक्षामा समानता कायम गर्ने।
- शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु तथा सबै तहमा योग्य दक्ष तथा , क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।
- शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।

### ४.२.५ रणनीतिहरू

- शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन गरिनेछ।
- शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।

- शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
- शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
- पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
- ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम् वा विद्यावारिधिका .फिल. लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ।

### ४.२.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

१ प्रविधिमैत्रीक्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ,

**नतिजा**

पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।

- शिक्षण पेशा प्रतिसपर्धी र सम्मानित हुनेछ।
- स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन तथा आपूर्ति हुने।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालबिकास र शिक्षामा कार्यरत तोकिएको योग्यता शिक्षक तथा सहजकर्ताको संख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकोएको योग्यता प्रप्त शिक्षक | १२५ | १२५ | १२५ | १२५ | १२५ | १२५ |
| ३ | माध्यमिक तहमा ( ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्रप्त शिक्षक | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक | ४ | ४ | ५ | १० | ५ | ५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएको बिध्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ |

### ४.२.७. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन पुनर) बितरण र समायोजन( | | 400 | - | 400 | - | 400 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | | 17,388 | 17,388 | 17,388 | 17,388 | 17,388 | | |
| ३ | १५ %देखि ३५ % माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | | 52 | 52 | 52 | 52 | 52 | | |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | | 762 | 762 | 762 | 762 | 762 | | |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिने प्रशिक्षण तालिम )TOT) | | 1,526 | 1,526 | 1,526 | 1,526 | 1,526 | | |
| ६ | प्रारम्भिक कक्षा सिकाई )EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | | 2,000 | 2,000 | 2,000 | 2,000 | 2,000 | | |
| ७ | ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर | | 280 | 280 | 280 | 280 | 280 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | | | | | | | | |
| ८ | सबै बिद्यालयका प्र हरुलाई जिम्मेवार.अ. बनाईTeacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | | - | - | - | - | - | | |
| ९ | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्रहरुका.अ. लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | | 742 | 742 | 742 | 742 | 742 | | |
| १० | शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्धी गर्ने | | 419 | 419 | 419 | 419 | 419 | | |
| ११ | तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने जस्मा १५) दिने तालिम Face to Face दिने, १५ दिने तालिम | | 616 | 729 | 785 | 841 | 897 | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | | | | | | | | |
| १२ | माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | | 508 | 550 | 592 | 635 | 677 | | |
| १३ | आधारभूत तहका -कक्षा ६) ८ शिक्षकहरुलाई (TPD Certification तालिम प्रदान गर्ने जस्मा १५ दिने) तालिमFace to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | | 1,290 | 854 | 845 | 941 | 978 | | |
| १४ | आधारभूत तहका -कक्षा ६) ८ शिक्षकहरुलाई दिइदै ( आएकोOnline TPD Certification तालिमलाई निरन्तरता दिने | | 140 | 196 | 252 | 280 | 308 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | आधारभूत तहका -कक्षा १) ५ शिक्षकहरुलाई (TPD Certification तालिम प्रदान गर्ने जस्मा १५ दिने) तालिमFace to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | | 140 | 196 | 252 | 280 | 308 | | |
| १६ | आधारभूत तहका -कक्षा ६) ८ शिक्षकहरुलाई दिइदै ( आएकोOnline TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | | 140 | 196 | 252 | 280 | 308 | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तर सम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षास विद्यालय

भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तर सम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेषण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

### ४.३.१ वर्तमान अवस्था

यस पालिकामा बाल विकास केन्द्र, आधारभूत तह, र माध्यमिक तहमा शिक्षाको पहुँच र समावेशीकरणको स्थिति विविध रहेको छ। बाल विकास केन्द्रमा लैङ्गिक अनुपात ०.९७ रहेको छ, जसले महिला र पुरुष बालबालिकाको सहभागितामा झिनो असमानता देखाउँछ। आधारभूत तहमा यो अनुपात १.२० रहेको छ, जसले महिला बालबालिकाको सहभागिता पुरुष बालबालिकाभन्दा बढी भएको संकेत गर्दछ, भने माध्यमिक तहमा १.०३ अनुपात रहेको छ, जसले लगभग समान सहभागितालाई प्रस्ट पार्दछ। कुल सामुदायिक विद्यालयमध्ये, विशेष विद्यालयको संख्या १ मात्र रहेको छ, जुन विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षाको पहुँच सुनिश्चित गर्नका लागि सञ्चालन गरिएको छ।

यस पालिकामा शिक्षा प्रणालीको व्यवस्थापनमा स्थानीय निकाय र समुदायको सक्रियता महत्वपूर्ण छ। गाउँपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, र सामाजिक परीक्षण समितिहरूमा महिला र दलितको सहभागितामूलक उपस्थिति रहेको छ, जसले नीति निर्माणदेखि कार्यान्वयनसम्म समावेशी दृष्टिकोणलाई प्रवर्द्धन गरेको छ। विशेष रूपमा, सामाजिक परीक्षण समितिले शिक्षाको गुणस्तर र पहुँच सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यद्यपि, थप सुधारका लागि बाल विकास केन्द्रदेखि माध्यमिक तहसम्म लैङ्गिक अनुपातलाई सन्तुलित गर्न, विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि विद्यालयहरूको संख्या वृद्धि गर्न, र महिलाहरूको नेतृत्वसहित दलितहरूको सक्रिय सहभागिता अभिवृद्धि गर्न पहल आवश्यक छ। यस प्रक्रियामा समुदाय

र सरोकारवालाहरूबीच सहकार्यलाई थप सुदृढ गर्दै शिक्षाको गुणस्तर र समावेशीकरणलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

### ४.३.२ शैक्षिक समता र समावेशीकरणका चुनौतीहरू

**शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ:**

१. १३ देखि १६ वर्ष उमेर समूहका ४१४ जना किशोर-किशोरी विद्यालय बाहिर रहेका छन्, साथै ५ वर्षभन्दा माथिको उमेर समूहमा ८२० जना व्यक्ति निरक्षर रहेका छन्।

२. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्न चुनौती कायम रहेको छ।

३. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माणको आवश्यकता रहेको छ।

४. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउन अझै प्रयास गर्नुपर्ने देखिन्छ।

५. विद्यालयहरूमा विभेदरहित, बालमैत्री, तथा लैङ्गिक मैत्री वातावरणको स्थापना गर्न चुनौतीहरू रहेका छन्।

### ४.३.२ उद्देश्यहरू

शिक्षाको मूलधारबाट वञ्चित व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।

शैक्षिक सुशासनलाई मजबुत र प्रभावकारी बनाउने।

विद्यालयहरूलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, तथा बालमैत्री बनाउने।

### ४.३.३ शैक्षिक समता र समावेशीकरणका लागि रणनीतिहरू

- शिक्षाको महत्त्व र समावेशी शिक्षाको आवश्यकता सम्बन्धमा स्थानीय समुदायमा जनचेतना फैलाउने। विशेषगरी सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाका अभिभावकलाई शिक्षामा प्रोत्साहित गर्ने।
- विद्यालयमा विशेष आवश्यकता भएका बालबालिकाका लागि सहायक सामग्री उपलब्ध गराउने।
- सीमान्तकृत, दलित, र महिला बालबालिकाका लागि छात्रवृत्ति र विशेष सहायता कार्यक्रम लागू गर्ने

- विद्यालयहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचका लागि र्याम्प, हाते रेलिङ, र सुविधा सम्पन्न शौचालय जस्ता पूर्वाधार निर्माण गर्ने।
- कक्षा कोठा र पाठ्यक्रमलाई लैङ्गिक समानतामूलक र समावेशी बनाउन पुनरावलोकन गर्ने।
- बालबालिकालाई अभिव्यक्तिको स्वतन्त्रता दिने।
- हिंसारहित वातावरण सुनिश्चित गर्ने।
- शिक्षकहरूलाई बालमैत्री शिक्षा प्रविधिका लागि विशेष प्रशिक्षण दिने।
- विद्यालयको प्रगतिलाई ट्र्याक गर्न नियमित सामाजिक अडिट सञ्चालन गर्ने।
- शिक्षाको गुणस्तर मूल्याङ्कनका लागि स्वतन्त्र निकायलाई संलग्न गर्ने।
- शिक्षण विधिलाई सुधार गर्न विशेष गरी लैङ्गिक समानता र समावेशी शिक्षाको प्रवर्द्धनमा प्रशिक्षण दिने।
- शिक्षकहरूको सेवामूलक तथा व्यवसायिक विकासका लागि कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय सरकार, सामुदायिक संस्थाहरू, र गैरसरकारी संस्थाहरूको सहकार्यमा शैक्षिक विकासका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने।
- शिक्षा क्षेत्रमा लगानी बढाउन नीतिगत पहल गर्ने।
- विद्यालय छोड्ने बालबालिकाको पहिचान गरी उनीहरूलाई पुनः विद्यालय फर्काउने कार्यक्रम सञ्चालन गर्ने।
- किशोर-किशोरीहरूलाई व्यावसायिक सीप र शिक्षाको संयोजन गरिने कार्यक्रममार्फत आकर्षित गर्ने।

**४.३.४ उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गरिएको छ।

**४.३.५ नतिजा**

- विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सबै बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।
- लक्षित समूहका बालबालिकाको सिकाइमा सहभागिता वृद्धि गरी शिक्षाको गुणस्तर सुधार गर्ने।२विद्यालयमा विभेदरहित, बालमैत्री वातावरण सिर्जना गर्ने।
- विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरणको स्थापना गर्ने।
- किशोरीहरूको शिक्षामा पहुँच वृद्धि गर्दै मनोसामाजिक परामर्श प्रदान गर्ने।

- मातृभाषामा सिकाइको अवसर उपलब्ध गराई शिक्षालाई थप प्रभावकारी बनाउने।

| क्र.स. | शिक्षामा समता र समाबेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सख्या | ८२० | ८२० | २०५ | २०५ | २०५ | २०५ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.२० | १.२० | १.१५ | १.१० | १.०५ | १.०० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०३ | १.०३ | १.०२ | १.०१ | १.०० | १ |

### ४.३.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | 2 | गाँउपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | १ | १ | | | 3 | सा.सि.के. |
| ३ | आवासीय आधारमा छात्रवृत्ति वितरण् | निरन्तर | | | | | | | गाँउपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | संघ / प्रदेश / गाँउपालिका |
| ५ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | ० | ५ | ५ | ५ | २० | २९ | संघ / प्रदेश / गाँउपालिका |
| ६ | मातृभाषामा  सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | | | | | | | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको नियुति तथा क्षमता विकास | पटक | ० | ५ | ५ | ५ | २० | २९ | संघ / प्रदेश / गाँउपालिका |

गरिँदै आएको छ। कक्षा ६–८ का किशोरीका लागि सेनेटरी प्याड, फोलिक एसिड, र आइरन चक्की वितरण कार्यक्रम सञ्चालन भएको छ। विद्यालयमा नआउने विद्यार्थीलाई स्वास्थ्य सेवाबाट बञ्चित हुन नदिन स्थानीय स्वयंसेवक परिचालन गरिएको छ। सामुदायिक विद्यालयमा शौचालय सुविधा भए पनि कतिपयको सरसफाइ अवस्थामा सुधार आवश्यक छ। सबै विद्यालयमा शुद्ध पिउने पानी उपलब्ध रहेको छ।

### ४. ४.२ उद्देश्य

- बालबालिकाका लागि विद्यालयमा स्वस्थकर र पौष्टिक खाना प्राप्ति सुनिश्चित गर्नु।
- विद्यालयहरूमा स्वास्थ्य, पोषण, र सरसफाइ सेवा सुधार गर्नु।
- सरोकारवालाहरूको समन्वयमार्फत बालबालिकाको स्वास्थ्य, पोषण, र सिकाइमा सुधार ल्याउने।

### ४.४.३ रणनीतिहरू

शिक्षा, स्वास्थ्य, र कृषि क्षेत्र समेटेर विद्यालय स्वास्थ्य तथा पोषण रणनीति निर्माण गर्ने।

- विद्यालयमा नै ताजा र पौष्टिक खाजा तयार गरी विद्यार्थीलाई सामूहिक रूपमा हात धुन अभ्यस्त गराउने।
- सबै विद्यालयमा प्राथमिक उपचार बक्स उपलब्ध गराउने र प्राथमिक उपचार विधिका अद्यावधिक जानकारी दिने।
- अभिभावक आमा समूहमार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
- सरसफाइका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने।

### ४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

बालबालिकाको स्वास्थ्य र पोषणमा सुधार भई स्वच्छ पिउने पानी र सरसफाइमा जागरूकता बढेको छ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

- विद्यालय दिवा खाजा कार्यविधि प्रभावकारी रूपमा कार्यान्वयन हुने।
- सबै माध्यमिक विद्यालयमा एक विद्यालय, एक स्वास्थ्यकर्मी परिचालन गरिने।
- प्राथमिक उपचार बक्स उपलब्ध गराई समयसापेक्ष अद्यावधिक गरिने।
- स्थानीय पाठ्यक्रममा किशोरी शिक्षासम्बन्धी विषय समावेश गरिने।

- सरसफाइसम्बन्धी आवश्यक पूर्वाधार विकास गरिने।
- स्थानीय उत्पादनमार्फत पोषणयुक्त दिवा खाजा सुनिश्चित गरिने।

**ग) परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरकाे बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ECD -५ | ECD -५ | ECD -५ | ECD -५ | ECD -५ | ECD -५ |
| ४ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य | ) | ) | २९ | २९ | २९ | २९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | परीक्षण गर्नेविद्यालयको सङ्ख्या | | | | | | |
| ५ | खाने पानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुच पुगेका विद्यालय सङ्ख्या | २९ | २९ | २९ | २९ | २९ | २९ |
| 6 | नर्सिङ् सेवा तथा सुबिधा पुगेको विद्यालय सङ्ख्या | ) | ) | १ | १ | १ | १ |

### ४.४.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि निर्माण र परिमार्जन | पटक | ० | १ | ० | ० | ० | २ | गाँउपालिका |
| २ | माध्यमिक विद्यालय एक स्वास्थकर्मि | संख्या | ० | १ | १ | १ | १ | ४ | संघ, प्रदेश, गाँउपालिका |
| ३ | सबै विद्यालयमा प्राथमिक उपचार बाकस वितरण | पटक | | २९ | २९ | २९ | २९ | २९ | गाँउपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | पटक | | | १ | | | १ | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | | ४ | ४ | ४ | ४ | २९ | गाँउपालिका |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | २९ | २९ | २९ | २९ | २९ | २९ | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ० | ० | ४ | ४ | ४ | २९ | विद्यालय |
| ८ | अभिभावक आमा समूह बैठक | पटक | १ | १ | १ | १ | १ | २९ | विद्यालय |

### ४.५. विद्यालय सुरक्षा विपत्तिन्यूनिकरण तथा उत्थानशीलता " परिस्थितिजन्य शिक्षा"

४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले कुनै पनि संकट, द्वन्द्व, प्राकृतिक प्रकोप, महामारी, वा युद्ध जस्ता परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने उद्देश्यले तयार पारिएका शैक्षिक कार्यक्रमहरूलाई बुझिन्छ। यसको मुख्य ध्येय संकटको समयमा बालबालिकाको जीवन रक्षा, शिक्षा निरन्तरता, प्रकोप व्यवस्थापन, र सामाजिक द्वन्द्व तथा हिंसाबाट सुरक्षा प्रदान गर्नु हो।

यस अवधारणाले तीन मुख्य पक्षहरूमा केन्द्रित छ:

- **पूर्व तयारी -** सम्भावित संकटहरूको पहिचान गर्दै जोखिम न्यूनीकरणका उपायहरूको योजना बनाउने।
- **तत्काल व्यवस्थापन** - संकटका बेला हुने क्षतिको न्यूनीकरण गर्दै शैक्षिक कार्यक्रमलाई यथाशीघ्र पुनः सञ्चालन गर्ने।
- **उत्थानशीलता निर्माण** - संकटपछि पुनःनिर्माण र पुनर्स्थापनाका कार्यक्रममार्फत शिक्षालाई दीर्घकालीनरूपमा सुदृढ बनाउने।

परिस्थितिजन्य शिक्षालाई बाल अधिकारको रूपमा स्वीकार गरिएको छ। यसका लागि विभिन्न अन्तर्राष्ट्रिय कानुन, घोषणाहरू, र प्रतिबद्धताहरूले मार्गनिर्देशन गरेका छन्। नेपालले पनि आफ्नो नीति तथा योजनाहरूमा यस अवधारणालाई

समेट्दै संकट र आपतकालीन अवस्थाका लागि विशेष प्राथमिकताका कार्यक्रमहरू निर्माण गरेको छ। २०७२ सालको विनाशकारी भूकम्प, बाढीपहिरो, हिमपहिरो, तथा हालसालका महामारी (जस्तै, कोभिड-१९) जस्ता घटनाबाट पाठ सिक्दै, आगामी दशकका लागि संकट व्यवस्थापन र शैक्षिक योजना तयार गरिएको छ। संकटका तीन प्रकार र तिनको प्रभाव

**प्राकृतिक प्रकोप**: भूकम्प, बाढी, पहिरो, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, शितलहर, लु, डढेलो आदि यसले विद्यालय संरचना, शिक्षण सामग्री, र बालबालिकाको पहुँचमा अवरोध पुऱ्याउँछ।

**महामारीहरू**: झाडापखाला, कालाज्वर, हैजा, डेङ्गु, कोभिड-१९ आदि। महामारीका कारण वियालय बन्द हुनु, सिकाइ अवरोध हुनु, र बालबालिकाको मानसिक स्वास्थ्यमा असर पर्ने समस्या उत्पन्न हुन्छ।

**युद्ध र द्वन्द्व**:आन्तरिक तथा बाह्य युद्ध, साम्प्रदायिक द्वन्द्व, विस्थापन। बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य जोखिममा पर्नुका साथै शिक्षामा पहुँच गुम्ने खतरा हुन्छ।

यस अवधारणालाई स्थानीय तहका नीति र योजनामा समावेश गरेर पालिकाले आगामी १० वर्षभित्र शिक्षा प्रणालीलाई थप उत्थानशील बनाउनका लागि प्राथमिकता निर्धारण गरेको छ। संकट व्यवस्थापन, शिक्षा निरन्तरता, र प्रकोपपछिको पुनर्स्थापनालाई प्रभावकारी बनाउने लक्ष्यसहित यसले बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्न विशेष पहलहरू अगाडि बढाएको छ।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, र सुविधाविहीन तथा अपाङ्गताहरूका लागि निःशुल्क उच्च शिक्षाको अधिकार सुनिश्चित गरेको छ। यसका साथै, बालबालिकामाथि हुने विभेद, सजाय, र दुराचारलाई निषेध गरिएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र यसको नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधाविहीनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षालगायतका कार्यक्रममार्फत बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ।

यस पालिकामा विपद् र संकटका समयमा पनि शिक्षण-प्रक्रियालाई निरन्तरता दिन र व्यवस्थापन गर्न योजनाबद्ध प्रयास गरिएको छ। उदाहरणका लागि, कोभिड-१९ महामारीका कारण अस्तव्यस्त बनेको शैक्षिक सत्र २०७७ मा वियालयहरूको संयुक्त प्रयासबाट फोन र टोल सिकाइ योजना लागू गरी बालबालिकाको सिक्ने अधिकारलाई सुरक्षित

गर्दै सिकाइलाई निरन्तरता दिइएको थियो। माध्यमिक विद्यालयहरूले अनलाइन कक्षाहरू सञ्चालन गरे भने तल्लो कक्षाका विद्यार्थीहरूको लागि शिक्षकहरू टोलमै पुगेर सिकाइ सहजीकरण गरेका थिए।

विपद्का लागि सहयोग पुऱ्याउन यस पालिकामा प्रतिकार्य समिति र नेपाल रेडक्रस सोसाइटीको उपशाखा सक्रिय छन्। विद्यालयस्तरमा बालक्लब र जुनियर रेडक्रस सर्कलहरूले विपद्बारे सचेतना जगाउने कार्य गर्दै आएका छन्। स्थानीय पाठ्यक्रम निर्माणको क्रममा तल्लो कक्षादेखि नै विपद् जोखिम न्यूनीकरणका विषयवस्तु समावेश गर्ने योजना छ।

कोभिड-१९ महामारीका कारण बालबालिकाहरू एक वर्षभन्दा बढी विद्यालय जान नपाउँदा सिकाइ क्षति भएको छ। यद्यपि, द्रुत सिकाइ कार्यक्रममार्फत यसलाई पुरा गर्ने प्रयास गरिए पनि यो पूर्णरूपमा प्रभावकारी रूपमा लागू भएको देखिँदैन.

### ४.५.२ परिस्थितिजन्य शिक्षाका चुनौतिहरू

कोभिड-१९ महामारीका कारण भएको लामो समयको शैक्षिक अवरोधले बालबालिकामा सिकाइ क्षति पुऱ्याएको छ। द्रुत सिकाइ कार्यक्रम प्रभावकारी रूपमा लागू गर्न नसक्दा यो चुनौती थप जटिल भएको छ।

विपद् व्यवस्थापनका लागि आवश्यक भौतिक, प्राविधिक, र वित्तीय स्रोतहरूको अभावले शिक्षण-प्रक्रिया र जोखिम न्यूनीकरणमा बाधा पुऱ्याउँछ। ग्रामीण र दुर्गम क्षेत्रका बालबालिकामा अनलाइन शिक्षा वा अन्य प्रविधिमार्फत शिक्षामा पहुँच सुनिश्चित गर्न कठिनाइ हुने गरेको छ।विपद् जोखिम न्यूनीकरणका विषयवस्तु समावेश गर्नका लागि पाठ्यक्रम निर्माण र शिक्षकहरूलाई यसबारे तालिम दिन आवश्यक छ, जसका लागि पर्याप्त जनशक्ति र स्रोत व्यवस्थापन चुनौतीपूर्ण छ। संकट र विपद्का कारण बालबालिकामा मानसिक तनाव र सिकाइप्रति रुचि कम हुने सम्भावना रहन्छ। विपद् व्यवस्थापन र शिक्षामा निरन्तरता दिन अभिभावक, स्थानीय सरकार, र समुदायको सक्रिय सहभागिता आवश्यक हुन्छ। तर, यसमा कमी हुनु प्रभावकारितालाई घटाउन सक्छ।विपद् व्यवस्थापन समिति र अन्य निकायहरूले संकटको समयमा समयमै निर्णय र कार्यान्वयन गर्न नसक्ने अवस्था चुनौतीपूर्ण बन्न सक्छ।

### ४.५.३ परिस्थितिजन्य शिक्षाका उद्देश्यहरू

- संकट र विपद् अवस्थामा पनि बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्ने।
- शिक्षण-प्रक्रियालाई निरन्तरता दिन आवश्यक स्रोत, साधन, र प्रविधिको पहुँच वृद्धि गर्ने।
- सिकाइ क्षति न्यूनीकरण गर्दै बालबालिकाको शैक्षिक स्तर सुधार गर्ने।

- विपद् जोखिम न्यूनीकरणका विषयवस्तुहरू पाठ्यक्रममा समावेश गरी विपद् व्यवस्थापनमा जनचेतना वृद्धि गर्ने।
- विद्यालय, समुदाय, र सरकारी निकायबीच समन्वय बलियो बनाउँदै संकट व्यवस्थापनको प्रभावकारिता सुधार गर्ने।

४.५.४ रणनीतिहरू

- द्रुत सिकाइ (Accelerated Learning Program) कार्यक्रम प्रभावकारी बनाउन शिक्षकलाई विशेष तालिम दिनु तथा बालबालिकाको सिकाइ स्तर मापन गरी व्यक्तिगत आवश्यकता अनुरूप योजना बनाउनु।
- ग्रामीण क्षेत्रका विद्यालयहरूमा डिजिटल प्रविधि (जस्तैः ट्याब्लेट, कम्प्युटर) र इन्टरनेट पहुँचको व्यवस्था र विपन्न बालबालिकालाई पाठ्यपुस्तक, स्टेशनरी, तथा अन्य शिक्षण सामग्री निःशुल्क उपलब्ध गराउने।
- तल्लो कक्षादेखि नै विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction) र विपद् व्यवस्थापनका विषयवस्तुहरू समावेश गर्नु तथा स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवाला (विद्यालय, शिक्षक, समुदाय) को सहभागीता सुनिश्चित गर्नु।
- संकटबाट प्रभावित बालबालिकाका लागि विद्यालयस्तरमा मनोवैज्ञानिक परामर्शको व्यवस्था गर्नु तथा शिक्षक र अभिभावकलाई बालबालिकाको मानसिक स्वास्थ्य सुधारका लागि आवश्यक तालिम दिनु।
- समुदाय र अभिभावकलाई शिक्षामा सक्रिय सहभागिता जनाउन सचेतना कार्यक्रम सञ्चालन तथा विपद् व्यवस्थापन समितिलाई सशक्त बनाउन स्रोत व्यवस्थापनमा स्थानीय सरकारको भूमिकालाई बढावा दिनु।
- विद्यालयस्तरमा विपद् प्रतिकार्य (Disaster Response) योजना तयार पार्ने तथा बालक्लब र जुनियर रेडक्रस सर्कललाई विपद् व्यवस्थापन र जनचेतना अभियानमा सहभागी गराउने।
- शिक्षा ऐन र नियमावलीमा आधारित भएर विपद् व्यवस्थापन सम्बन्धी ठोस नीति र कार्यान्वयन योजना बनाउनु तथा विपद्को समयमा शिक्षामा निरन्तरता दिने वैकल्पिक विधिहरू (जस्तै, अनलाइन शिक्षा, रेडियो शिक्षण) लाई प्राथमिकता दिनु।

**४.५.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१. प्रत्येक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा पाउने अधिकारको सुनिश्चितता भएको।

### ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

१. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी योजना र क्षमता विकास सुनिश्चित हुने।

२. स्रोतहरूको प्रभावकारी व्यवस्थापन गर्दै विद्यालय र शिक्षा प्रणाली सक्रिय हुने।

३. महामारीको समयमा स्वास्थ्य मापदण्ड र उपचारको पालना गर्दै सिकाइलाई निरन्तरता दिन सकिने।

**तालिका**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | हरित विद्यालय सँख्या | ० | ० | ४ | ४ | ४ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | ० | ० | ४ | ४ | ४ | ४ |

### ४.५.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 | 5 | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | आवश्यकतानुसार | १ | १ | १ | १ | १ | १० | संघ, प्रदेश, गाँउपालिका |
| २ | स्वास्थ्य सुरक्षा सामग्री वितरण | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | गाँउपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | ० | ३ | ३ | ३ | ३ | १० | संघ, प्रदेश, गाँउपालिका |
| ४ | समुदायमा सूचना तथा संचार प्रविधिको विस्तार | प्रतिशत | २० | ४० | ६० | ७० | ८० | १०० | गाँउपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | ३ | ३ | ३ | ३ | ३ | २९ | गाँउपालिका |
| ६ | ग्कभच mबलगब ि्सहितको प्राथमिक उपचार बाकस | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | गाँउपालिका |

### ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

**परिचय**

शिक्षा नियमावली २०५९ अनुसार, एक विद्यार्थीका लागि पठनपाठनमा सुविधाजनक रूपमा सहभागी हुन प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षाका लागि प्रति विद्यार्थी ०=७५ वर्गमिटर र उच्च आधारभूत तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १।०० वर्गमिटर क्षेत्रफल तोकिएको छ।

विद्यालयमा बालबालिकालाई भर्ना गर्न र सिकाइलाई प्रभावकारी बनाउन सुरक्षित विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, र सरसफाइ जस्ता भौतिक पूर्वाधार आवश्यक छन्।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा भवन, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, र अन्य आधारभूत भौतिक पूर्वाधार तयार गर्दै विद्यालयलाई सुरक्षित, बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लक्ष्य राखेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षा, चुनौतीहरूको पहिचान, र आगामी दश वर्षका उद्देश्य, रणनीति, नतिजा, प्रमुख क्रियाकलाप, तथा लक्ष्य प्रस्तुत गरिएका छन्।

#### ४.६.१ वर्तमान अवस्था

यस गाउँपालिकामा कूल २९ सामुदायिक विद्यालय छन्, जसमा ८५ पक्की भवनहरू छन् र ती भवनमा १३५ पक्की कक्षाकोठा समावेश छन्। सबै विद्यालयमा छात्र र छात्रा शौचालय निर्माण गरिएको भए पनि कतिपय शौचालय जिर्ण अवस्थामा पुगेका छन्। खानेपानीको आफ्नै स्रोत भएका विद्यालयहरूको संख्या १६ रहेको छ। ४ विद्यालयमा विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशाला छन्, भने २० विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ। १९ विद्यालयमा स्टाफ कोठा, १५ विद्यालयमा स्टोर कोठा, र २९ विद्यालयमा खेलकुद कोठा रहेको छ। पर्याप्त खेल मैदान भएका विद्यालयहरूको संख्या

१५ छ। विद्यालयका भौतिक पूर्वाधारहरूको अवस्था सुधार गर्न जिर्ण शौचालय मर्मत, पुस्तकालयहरूको व्यवस्थापन, खानेपानीको स्रोतको सुनिश्चितता, इन्टरनेटको पहुँच विस्तार, र खेल मैदानहरूको विकासमा ध्यान दिनुपर्ने देखिन्छ।

### ४.६.२ चुनौतीहरू:

- भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका सुनिश्चित गर्नु।
- पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी, र जवाफदेही बनाउनु।
- सुरक्षित विद्यालय पूर्वाधार निर्माणका लागि मापदण्डअनुसार गुरुयोजना विकास गर्नु।
- स्रोत व्यवस्थापन सुनिश्चित गर्नु।
- पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गमैत्री, र लैङ्गिकमैत्री बनाउनु।

### ४.६.३ वर्तमान अवस्था उद्देश्य

- सुरक्षित विद्यालय पूर्वाधारको मापदण्ड विकास र कार्यान्वयन गर्नु।
- पूर्वाधारलाई पारदर्शी र जवाफदेही बनाउन बालमैत्री, अपाङ्गमैत्री, र लैङ्गिकमैत्री **बनाउने"**

### ४.६.४ रणनीतिहरू

- विद्यालय तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।
- संघसंस्था र सरोकारवालाहरूसँग लागत साझेदारी गर्दै पूर्वाधार विकास गर्ने।
- भवन निर्माण गर्दा कक्षाकोठा, शिक्षक कक्ष, प्रशासनिक कक्ष, शौचालय, पिउने पानी, र खाजा गृहको योजना समावेश गरी डिजाइन गर्ने।
- विपद्को सिकार भएका विद्यालय भवनको वैकल्पिक व्यवस्था गर्दै स्तरोन्नति गर्ने।
- सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने।
- पूर्वाधार विकासका लागि विद्यालय भौतिक सूचक तयार गर्ने।
- आंशिक रूपमा क्षति भएका संरचनाको मर्मत सम्भार गर्ने।
- बालिका, अपाङ्गमैत्री, र लैङ्गिकमैत्री पूर्वाधार निर्माण गर्ने।

४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै विद्यार्थीलाई सुरक्षित, भयरहित तथा उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर मिल्ने।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

- माग र आवश्यकताका आधारमा १० वर्षे गुरुयोजना तयार हुने।
- विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा मापदण्ड विकास गरिने।
- पूर्वाधार विकासका लागि स्रोत र जिम्मेवारीको स्पष्ट विन्याससहित कार्यान्वयन प्रारूप तयार हुने।
- पालिकाका सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधारको विकास र विस्तार हुने।
- पूर्वाधार विकासका लागि विद्यालय भौतिक सूचक तयार गरिने।
- विद्यालयहरूमा अपाङ्गमैत्री, बालमैत्री, र लैङ्गिकमैत्री भौतिक पूर्वाधार निर्माण हुने।
- सबै विद्यालय क्षेत्रमा घेराबारा र प्रवेश गेट निर्माण हुने।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १० | ० | ५ | ५ | ५ | ४ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | १३५ | २ | २ | २ | २ | २ |
| ३ | सबलीकरण गर्नु पर्ने | ९१ | ० | ११ | ११ | ११ | ११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षाकोठा सँख्या | | | | | | |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | ११ | ० | ४ | ४ | ४ | ५ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | १० | २ | २ | २ | २ | २ |

**४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

यस नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र बार्षिक लक्ष्य यस तालिकामा दिएको छ ।

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | सङ्ख्या | ० | ५ | ५ | ५ | ४ | १९ | २९ | |
| २ | विद्यालयहरूको सबलीकरण | **सङ्ख्या** | ० | ११ | ११ | ११ | ११ | ४४ | ९९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | 3 | 4 | 5 | 2 | 2 | 16 | 16 | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | २९ | २९ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | ० | ४ | ४ | ४ | ५ | १९ | २९ | |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | 0 | १ | १ | १ | १ | ४ | ८ | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | २५ | २९ | |

**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि**

**परिचय**

सूचना प्रविधि भन्नाले ध्वनी, तस्बिर, अक्षर तथा तथ्याङ्कजस्ता सूचनाहरूलाई विद्युतीय यन्त्र (जस्तै, कम्प्युटर तथा दूरसञ्चार प्रविधि) को प्रयोग गरी भण्डारण, सम्पादन, संप्रेषण, संग्रहण, र प्रसारण गर्ने प्रक्रियालाई जनाउँछ। २१ औं शताब्दीलाई सूचना र प्रविधिको युगका रूपमा परिभाषित गरिएको छ। शिक्षाको गुणस्तर विश्वव्यापिकरण, प्रतिस्पर्धात्मकता, र आधुनिकताले भरिपूर्ण हुनु आजको आवश्यकता हो।

विशेषगरी कोभिड–१९ जस्ता विषम परिस्थितिहरूले सूचना प्रविधिको महत्व अझै बढाएको छ। नेपालको शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७

मा महामारी वा अन्य कारणले नियमित पठनपाठनमा अवरोध उत्पन्न भएमा वैकल्पिक माध्यम (जस्तै, रेडियो, टेलिभिजन, अनलाइन/अफलाइन पाठ, परियोजना कार्य, स्वअध्ययन, खुला शिक्षा) को उपयोग गरिने व्यवस्था गरिएको छ। यसले सूचना प्रविधिको भूमिकालाई विशेष रूपमा जोड दिएको छ।

शिक्षाको राष्ट्रिय नीति, २०७६ को दफा ४८ ले शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिलाई एकीकृत गर्दै विद्यालयहरूमा प्रविधिको पूर्वाधार विकास गर्ने नीति तय गरेको छ।

### ४.७.१ वर्तमान अवस्था

हाल पालिकाले आ.व. २०८०/८१ देखि पालिकाको प्रत्येक विद्यालयमा इन्टरनेट जडानका लागि बजेट विनियोजन गरेको छ। यसबाहेक, पालिकाका १० विद्यालयमा मल्टिमिडिया सुविधा उपलब्ध छन् भने १ विद्यालयमा स्मार्ट बोर्ड जडान गरिएको छ। २९ वटै विद्यालयमा विद्युत् पहुँच सुनिश्चित गरिएको छ, जबकि ४ विद्यालयमा कम्प्युटर प्रयोगशाला र १५ विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ। प्रतिनिधि स्तरमा १६ शिक्षकहरूले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरिरहेका छन्। तथापि, अझै धेरैजसो शिक्षकहरू प्रविधिको पहुँच र प्रयोगबाट टाढा रहेको देखिन्छ।

### ४.७.२ चुनौतीहरू

१. सबै विद्यालयमा प्रविधि पूर्वाधार विस्तार गर्न।

२. विद्यमान ई-पुस्तकालयलाई प्रभावकारी बनाउन।

३. एकीकृत सूचना तथा सञ्चार प्रणाली विकास गर्न।

४. प्रविधि उपकरणहरूको सञ्चालन र व्यवस्थापनमा क्षमता विकास गर्न।

५. शैक्षिक व्यवस्थापन र लेखा प्रणालीलाई व्यवस्थित गर्न।

६. तथ्याङ्क अद्यावधिक गर्न एकीकृत प्रणाली निर्माण गर्न।

७. अडियो/भिडियो कक्षाहरू सञ्चालन गर्न सरोकारवालाको सहभागिता बढाउने।

८. बालमैत्री र अपाङ्गतामैत्री प्रविधिको व्यवस्था गर्न।

**४.७.३ उद्देश्यहरू**

१. विद्यालय शिक्षालाई गुणस्तरीय, सान्दर्भिक र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।

२. सबै व्यक्तिहरू, विशेषगरी अपाङ्गता भएका व्यक्तिहरूलाई सूचना प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।

३. विद्यालय व्यवस्थापन र तथ्याङ्क पद्धतिलाई पेपरलेस बनाउने।

**४.७.४ रणनीतिहरू**

१. विद्यालयमा आधारभूत प्रविधि पूर्वाधार विकास र उपकरण व्यवस्थापन।

२. शिक्षकहरूलाई प्रविधि कौशलमा दक्ष बनाउँदै प्रविधि ज्ञानलाई अनिवार्य गर्ने।

३. विषय र कक्षाका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास।

४. विद्यालयमा सीसीटीभी र विद्युतीय हाजिरी प्रणाली जडान।

५. अनुगमन र मूल्याङ्कनमा प्रविधिको उपयोग।

६. अपाङ्गता भएका व्यक्तिहरूसहित सबैलाई प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।

७. समग्र व्यवस्थापन र तथ्याङ्क पद्धतिलाई मासिक अद्यावधिक गर्ने।

८. विद्युतीय पुस्तकालयलाई नियमित अद्यावधिक गर्ने।

९. सामुदायिक सिकाइ केन्द्रमा प्रविधि विकास।

**४.७.५ प्रमुख उपलब्धि र नतिजा**

**क) उपलब्धिः**

विद्यालयमा प्रविधिमैत्री वातावरण निर्माण भई शिक्षामा सुशासन प्रवर्द्धन।

**ख) नतिजाः**

१. अग्रगामी विद्यालयहरूको विकास र डिजिटल ल्याबको स्थापना।

२. सबै विद्यालयमा सूचना प्रविधिको पहुँच।

३. अनलाइन/अफलाइन कक्षा सञ्चालन।

४. विद्यालयको तथ्याङ्क पद्धति पूर्णतः पेपरलेस।

५. प्रत्येक वडामा फ्रि वाईफाई चौतारी।

६. शिक्षकहरूलाई प्रविधि दक्षता प्रदान गर्दै स्वयंसेवी शिक्षक सेवामा समावेश।

**४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य**/

प्रमुख क्रियाकलापहरू र तिनीहरूको वार्षिक लक्ष्यहरू तालिकामा समेटिएका छन्।

**यस गाँउपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र बार्षिक लक्षय यस तालिकामा दिएको छ**

| क्रसं | सूचक | आधार वर्ष २०८१/०८२ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट सुविधा उपलब्ध भएका विद्यालयको सँख्या | १५ | १५ | २ | ४ | ४ | ४ |
| २ | शिक्षण(सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | ४ | ४ | ४ | ४ | ८ | २९ |
| ३ | मुख्य विषयहरूमा डिजिटल | ० | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ८ | २९ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ६ | पूर्णकालीन शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## परिच्छेद ५ : योजनाको नतिजा खाका (अन्य उपक्षेत्र)

### ५.१ परिचय

सखुवा प्रसौनी गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य, र रणनीतिहरूको आधारमा योजनाको प्रभाव (गन्तव्य) स्पष्ट रूपमा पहिचान गरिएको छ। यस योजनामा गन्तव्यमा पुग्न आवश्यक पर्ने उपलब्धि र तिनका सूचकहरू निर्धारण गरिएका छन्। पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरिनुका साथै दस वर्षपछि प्राप्त हुने सम्भावित नतिजाको समेत प्रक्षेपण गरिएको छ।

यस नतिजा खाकाले उपलब्धिहरू, तिनका सूचकहरू, तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त गर्ने स्रोत, र कार्यान्वयनको जिम्मेवारीलाई समेटेको छ। नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्न उपयोगी सङ्ख्यात्मक उपकरण हो, जसले योजनाका समग्र र उपक्षेत्रगत उपलब्धिहरूको मूल्याङ्कन गर्न सहज बनाउँछ।

यो प्रक्रिया वार्षिक योजना निर्माणको आधार तयार गर्नका साथै योजनाको अनुगमन र मूल्याङ्कनको मापदण्ड निर्धारणमा सहयोग पुर्‍याउँछ। यसबाट योजनाको अपेक्षित उपलब्धिका लागि आधार तयार भई नतिजा प्राप्तिलाई थप प्रभावकारी बनाउने पृष्ठपोषण मिल्दछ। नतिजा खाकाले विद्यालय तथा सम्पूर्ण विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन प्रेरित गर्दछ।

यस परिच्छेदले योजनाको समग्र खाकालाई समेट्दै अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू, र तिनका सूचकहरूको वर्णन गर्दछ। साथै, यसमा मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा ढाँचाहरू पनि प्रस्तुत गरिएका छन्।

### ५.२ योजनाको समग्र नतिजा खाका

- शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू देशको आर्थिक र सामाजिक विकासमा यसले पार्ने प्रभाव (गन्तव्य) का रूपमा प्रस्तुत गरिएको छ।
- यस योजनाले तत्कालीन, मध्यकालीन, र दीर्घकालीन रूपमा हासिल गरिने उपलब्धिहरूलाई स्पष्ट गरेको छ। साथै, उपलब्धिहरूका सूचकहरू, ती सूचकहरूको नतिजा सत्यापनका स्रोत, र तरिकाहरूको पनि उल्लेख गरिएको छ।
- नतिजा खाकाले योजनाका मुख्य कार्यसम्पादन सूचकहरू, कार्यक्रम नतिजा सूचकहरू, र तिनका मापन विधिहरूको विवरणलाई दुई प्रमुख तालिकाहरू (तालिका ५.१ र तालिका ५.२) मा समेटेको छ।

### ५.३ तत्कालीन उपलब्धिहरू:

तालिका ५.१ मा योजनाको समग्र नतिजा, अपेक्षित प्रभाव, र उपलब्धिहरूलाई विस्तृत रुपमा समावेश गरिएको छ।

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | प्रमुख कार्य सम्पादन सूचकहरु,<br>कार्यक्रम नतिजा सूचकहरु | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | धुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ८ | इ(पुस्तकालय अद्यावधिक र विस्तार | | |

**मध्यकालीन उपलब्धि**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | प्रमुख कार्य सम्पादन सूचकहरु,<br>कार्यक्रम नतिजा सूचकहरु | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, |
| २ | प्राविधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयम सेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |

| | | | |
|---|---|---|---|
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन, |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | | वार्षिक परीक्षाको नतिजा विश्लेषण |

**दीर्घकालीन उपलब्धि**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | प्रमुख कार्य सम्पादन सूचकहरु, | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | कार्यक्रम नतिजा सूचकहरु | वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन, |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |

| | | | |
|---|---|---|---|
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ६ | प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |

| | | | |
|---|---|---|---|
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

### परिचय

शिक्षा पद्धतिमा निर्णय प्रक्रिया र कार्यान्वयनले समग्र शासकीय प्रबन्धलाई जनाउँछ। यसमा संरचना र प्रक्रिया दुवै समेटिएका छन्। विद्यालय क्षेत्रको यो योजनामा शासकीय प्रबन्धले बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्ने उद्देश्यका साथ प्रभावकारी र कुशल कार्यान्वयन सुनिश्चित गर्न आवश्यक संरचना, भूमिका, र कार्य प्रक्रियाहरू समावेश गरेको छ।

यस्ता संरचना र कार्य प्रक्रियाले सहभागिता र सहमतिमा आधारित निर्णय गर्न, ती निर्णयलाई कार्यान्वयन गर्न, कार्यसम्पादनलाई प्राथमिकतामा राख्न, प्रभावकारिता र कार्यकुशलता कायम गर्न, पारदर्शी र विद्यार्थी सिकाइप्रति जवाफदेही बन्न, तथा विधिको सर्वोच्चता र समतालाई प्रोत्साहित गर्नुपर्छ।

शिक्षा क्षेत्रमा स्थानीय सरकार, विद्यालय, समुदाय, गैरसरकारी निकाय, र विकास साझेदारहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। सुशासन कायम गर्न यी सबै पक्षको योगदान अपरिहार्य छ। शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता विकास, जिम्मेवारीको व्यवस्थापन, र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्न आवश्यक छ। संविधानअनुसार संघीय संरचनामा संघ, प्रदेश, र स्थानीय तहका सरकारहरूबीचको अधिकार र दायित्वको समन्वयसहित शिक्षा क्षेत्रमा सुशासन प्रवर्धन गर्ने लक्ष्य रहेको छ। यस प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको उपयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जवाफदेहीता, र कार्यक्षमताको विकासलाई प्राथमिकता दिनुपर्छ।

यस परिच्छेदले शिक्षा क्षेत्रमा सुशासन प्रवर्धन गरी १० वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन व्यवस्था, र अनुगमन, मूल्याङ्कन, तथा प्रतिवेदन प्रणालीको विवरण प्रस्तुत गरेको छ।

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### परिचय

बदलिँदो समयअनुसार शासकीय संरचना, प्रक्रिया, र क्षमताको सुधार आवश्यक छ। संघीय संरचनाअन्तर्गत स्थानीय सरकारका अधिकार र दायित्व, शिक्षामा भएको विस्तार, सामाजिक चेतनामा आएको परिवर्तन, तथा विज्ञान र प्रविधिको

विकासलाई विचार गरी संस्थागत संरचना र क्षमताको विकास आवश्यक देखिएको छ। यस योजनाले सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर सुधार, आजीवन सिकाइको विस्तार, विपद् र महामारीको अवस्थाको लागि तयारी, र समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्न प्रयास गरेको छ।यस खण्डमा विद्यमान पद्धतिको समीक्षा गरी योजना कार्यान्वयनका चुनौती पहिचान गरिएको छ। ती चुनौती समाधान गर्नका लागि संस्थागत संरचना, क्षमता, र प्रक्रियाको विकास तथा परिवर्तनको योजना प्रस्तुत गरिएको छ।

### ६.१.१ वर्तमान अवस्था

हाल संघीय स्तरमा शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयका अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, र शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालनमा छन्। स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग सक्रिय छन्। प्रदेश तहमा सामाजिक विकास मन्त्रालयअन्तर्गत शिक्षा निर्देशनालय र तालिम केन्द्रहरू सञ्चालनमा छन्। स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षा शाखा रहेका छन्। तर, पालिकामा पर्याप्त कर्मचारी अभावको समस्या देखिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको २३ कार्यमध्ये अधिकांश कार्य कार्यान्वयन गरिएका छन्।

### ६.१.२ उद्देश्य

सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकासका उद्देश्यहरू निम्नानुसार छन्:

- विद्यार्थीको सिकाइमा सुधार गर्न स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्ने।
- शैक्षिक गतिविधिको समन्वय, सहकार्य, र सहअस्तित्व प्रवर्धन गर्ने।
- समता र समावेशितालाई प्रोत्साहित गर्दै सुशासन प्रवर्धन गर्ने।
- विद्यालयको संरचना, जनशक्ति, र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### ६.१.३ रणनीतिहरू

- विद्यार्थीको सिकाइमा सुधार गर्न भौतिक र सांगठनिक संरचनामा सुधार गर्दै तालिम प्राप्त जनशक्ति व्यवस्थापन गर्ने।
- शैक्षिक गतिविधिको समन्वयका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने।
- समता र समावेशिताका लागि नीतिगत तथा कानूनी व्यवस्था गरी सुशासन प्रवर्धन गर्ने।
- विद्यालयका दक्ष जनशक्ति व्यवस्थापन र संरचनात्मक क्षमता विकासमा जोड दिने।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप, र लक्ष्य

**क) उपलब्धि:**

शिक्षाका सबै निकायमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति जवाफदेही प्रणालीको विकास हुने।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य:**

नगरपालिकाले कार्यान्वयन गर्ने क्रियाकलाप र वार्षिक लक्ष्य तालिकामा प्रस्तुत गरिएका छन्।

| क्रसं | सूचक | आधार वर्ष २०८१/०८२ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी | २५ | २५ | २५ | २५ | २५ | २५ |

लखुवा प्रतौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लखुवा प्रतौनी, पर्सा
मधेश प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त प्रधानाध्यापक सँख्या | | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | १० | १० | १० | ९ | ० | ० |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक | ४ | ४ | ० | ० | ० | ० |

| | विद्यालय सँख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|

## ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | पटक | | | १ | | | १ | गाँउपालिक |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | | | | | | १ | गाँउपालिक |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | ४ | ४ | ४ | ४ | ८ | २९ | गाँउपालिक |
| ३ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिम्मेवार वनाउने | संख्या | ० | ० | ० | ० | ४ | २९ | गाँउपालिक |
| ४ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | निरन्तर | २९ | २९ | २९ | २९ | २९ | २९ | गाँउपालिक |
| ५ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र वडा संख्या | ० | १ | १ | १ | १ | ५ | गाँउपालिक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | २९ | २९ | २९ | २९ | २९ | २९ | गाँउपालिक |
| ७ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | २९ | २९ | २९ | २९ | २९ | २९ | गाँउपालिक |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थित, नीतिगत, प्रणालीगत, र वैज्ञानिक प्रबन्धको आवश्यकता हुन्छ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, र नेतृत्व प्रदान गर्ने जस्ता तत्वहरूले योजना कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा पनि यी सबै तत्वहरूको महत्त्वपूर्ण प्रभाव रहन्छ।

अपेक्षित उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु अपरिहार्य छ। योजना कार्यान्वयन प्रबन्धमा संगठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम, कानुन, तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व रहेका हुन्छन्।

नेपालमा संघीय संरचना अनुरूप संघ, प्रदेश, र स्थानीय तहको संरचना तयार गरिएको छ। स्थानीय तहमा आवश्यक कानुनी प्रबन्ध, संरचना, र जनशक्ति व्यवस्थापन गरिए पनि कार्यान्वयनमा सुधारका लागि अझै धेरै काम गर्नुपर्ने देखिन्छ।

### ६.२.१ वर्तमान अवस्था

नेपाल संघीय संरचनामा रूपान्तरण भएसँगै योजना कार्यान्वयनको नयाँ ढाँचा र कानुनी व्यवस्था लागु गरिएको छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रूपान्तरण आवश्यक छ। संघीय सरकारले समग्र शिक्षा नीति, योजना तर्जुमा, तथा अन्य विकास साझेदारसँग समन्वय र सहकार्य गर्छ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखाहरू रहेका छन्। विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति र शिक्षकहरू मध्ये प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको

जिम्मेवारी दिइएको छ। यद्यपि, स्थानीय तहमा आवश्यक जनशक्ति र संरचना पर्याप्त छैन। यसले गर्दा योजना कार्यान्वयन प्रभावकारी बनाउन वर्तमान व्यवस्थामा सुधार आवश्यक देखिन्छ।

**६.२.२ मुख्य चुनौतीहरू:**

१. स्थानीय शिक्षक सहायता पद्धतिको विकास।

२. शिक्षक तालिम क्षमता विस्तार।

३. जनशक्ति अभावका कारण सहयोग र अनुगमन प्रणाली सुधार।

४. विद्यालय शिक्षा योजनामा स्थानीय तहको भूमिका स्पष्ट गर्नु।

५. संघ, प्रदेश, र स्थानीय तहको बजेटलाई एकीकृत गरी योजना निर्माण।

६. समन्वय र सहकार्य सुदृढ गर्नु।

**६.२.३ उद्देश्य**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।

**६.२.४ रणनीति**

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत सशर्त अनुदान र आफ्नै स्रोतको बजेट समेत समावेश गरी वार्षिक शिक्षा योजना तयार गर्नु।

२. आवश्यकता अनुसार कानुन, कार्यविधि, तथा निर्देशिका विकास गर्नु।

३. कार्यक्रम कार्यान्वयनको अनुगमन गरी समस्या समाधान गर्न नीति निर्देशन र समन्वय गर्नु।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत कार्यक्रम कार्यान्वयनको नियमित समीक्षा।

५. विद्यालय सुधार योजनाको विकास र कार्यान्वयनमा सहजीकरण।

६. विद्यालय व्यवस्थापन समितिलाई सशक्त बनाउन प्रधानाध्यापकलाई उत्तरदायी बनाउने।

७. वित्तीय व्यवस्थापन, शिक्षक व्यवस्थापन, र समयपालनाको मापदण्ड लागू गर्ने।

८. अभिभावक र सरोकारवालासँग अन्तरक्रिया गरी सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

९. सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, बैकल्पिक शिक्षा, र आयमूलक कार्यक्रम सञ्चालन।

**६.२.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क. उपलब्धि**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता।

**ख. नतिजा**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास।

**६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य तालिकामा उल्लेख गरिएको छ।

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | बार्षिक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | बार्षिक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | बार्षिक | १ | १ | १ | १ | १ | ५ | १० | |

## परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

### परिचय

आर्थिक र सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका महत्वपूर्ण र अपरिहार्य छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय, र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। शिक्षामा गरिएको लगानीले दक्ष, सीपयुक्त, र गुणस्तरीय मानव संसाधन विकास गर्न योगदान पुऱ्याउँछ। यसले व्यक्ति, समाज, र राष्ट्रको दीर्घकालीन विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ।

राष्ट्रिय आकांक्षाहरूलाई सम्बोधन गर्दै नेपाल सरकार र समुदायले विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानी विस्तार गर्दै आएको छ। शिक्षामा गरिने लगानीले समाजका आवश्यकता, आकांक्षा, मान्यता, र दीगो विकास लक्ष्य (SDGs) प्राप्त गर्न योगदान पुऱ्याउनु पर्दछ।

नेपालको संविधानअनुसार विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय हो। यसले गर्दा संघ, प्रदेश, र स्थानीय तहबीचको समन्वय तथा साझेदारी अनिवार्य छ। साथै, समुदाय र निजी क्षेत्रको सहभागिता पनि शिक्षाको वित्तीय व्यवस्थापनमा आवश्यक छ। शिक्षामा लगानीको प्रभावकारी प्रबन्धका लागि मुख्यतया तीन पक्षमा ध्यान दिनुपर्छः स्रोतको पहिचान र एकीकरण - शिक्षाका लागि आवश्यक स्रोतहरूको पहिचान गरी तिनलाई एकीकृत गर्नु, उपयुक्त वितरण - स्रोतहरूको उचित र न्यायसंगत वितरण र स्रोतको उपयोग - उपलब्ध स्रोतको पारदर्शी, दिगो, र कुशल प्रयोग।

शिक्षामा वित्तीय व्यवस्थापनका मुख्य कार्यहरूमा स्रोत जुटाउने, स्रोत विनियोजन गर्ने, विनियोजित स्रोत प्रवाह गर्ने, र स्रोतको प्रभावकारी उपयोग गर्ने विषय समेटिन्छन्।

बिगत ५ बर्षमा यस सखुवा प्रसौनी गाउँपालिकाबाट शिक्षामा भएको लगानी तथा कार्यक्रम कार्यान्वयन तालिका

| क्.स. | बिधालयको तह | लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थानीय | लगानी | | | | | | |
| प्रदेश | लगानी सँघ | गै.स.स | चान्दा बाट सहयोग | अन्य | | | |

कैफियत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बालबिकास र शिक्षा | छ | छैन | छ | छैन | छैन | छैन |
| २ | आधारभुत तह | छ | छ | छ | छ | | |
| ३ | माध्यमिक तह | छ | छ | छ | छ | | |

नोट बजेट उपल्बध नभएकोले छ वा छैन लेखिएको

**७.१ वर्तमान अवस्था**

**वर्तमान आर्थिक वर्ष २०८०/८१ को शिक्षा क्षेत्रमा बजेट विनियोजन**

नेपालका प्रमुख राजनीतिक दलहरूले आफ्नो राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गर्ने प्रतिबद्धता उल्लेख गरेका छन्।

| आ.व. | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट बृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कुल संघीय बजेटमा शिक्षा जेटको अंश | कुल स्थानीय बजेटमा शिक्षा वजेटको अंश |
|---|---|---|---|---|---|---|---|
| २०७६-७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ | |
| २०७७-७८ | १७१७१ | २४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ | |
| २०७८-७९ | ....... | ...... | | | | | |
| २०७९-८० | १०.९४ | ...... | | | | १०.९४ % | |
| २०८०-८१ | ११.२६ % | | | | | ११.२६ % | |

### ७.२ शिक्षामा निजी लगानी

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको संख्या कूल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ। प्रारम्भिक बाल विकास (ईसीडी) शिक्षामा ५० प्रतिशतभन्दा बढी बालबालिका निजी क्षेत्रद्वारा सञ्चालित विद्यालयहरूमा अध्ययनरत छन्।

निजी क्षेत्रद्वारा सञ्चालित शिक्षण संस्थाहरूमा सरकारी लगानी प्रत्यक्ष रूपमा नभए पनि (स्रोत

| **शिक्षाको तह** | **सार्वजनिक (रु.)** | **निजी (रु.)** | **कैफियत** |
|---|---|---|---|
| बालविकास शिक्षा | ३,६०२ | १७,३३६ | २ वर्षअगाडिको अवस्था |
| प्राथमिक तह (१–५) | ११,५३६ | २०,२५४ | २ वर्षअगाडिको अवस्था |
| आधारभूत तह (६–८) | ११,२५१ | १९,९८४ | २ वर्षअगाडिको अवस्था |
| माध्यमिक तह (९–१०) | १०,६८१ | ३१,६९६ | २ वर्षअगाडिको अवस्था |
| माध्यमिक तह (११–१२) | १६,५५६ | ३५,७५२ | २ वर्षअगाडिको अवस्था |

### ७.३ शिक्षामा लगानी र चुनौतीहरू

- **उल्लिखित जानकारीको आधारमा पहिचान गरिएका चुनौतीहरू:**

  १. **शिक्षामा लगानी वृद्धि र दीगो स्रोत व्यवस्थापन:** अन्तर्राष्ट्रिय मान्यता, संवैधानिक प्रत्याभूति, र राज्यको नीति अनुसार विद्यालय शिक्षामा लगानी बढाउन र दीगो स्रोत व्यवस्थापन गर्न आवश्यक छ।
- **संघीय संरचनाअनुसार वितीय स्रोत हस्तान्तरण:** संघ, प्रदेश, र स्थानीय तहबीच शिक्षाको लगानी मापदण्ड र स्रोत हस्तान्तरणको माध्यम निर्धारण गरी तीनै तहलाई शिक्षामा जिम्मेवार बनाउने।

- **निजी क्षेत्रको लगानी व्यवस्थापन:** संवैधानिक मार्गदर्शनअनुसार निजी क्षेत्रबाट शिक्षामा लगानीको स्वरूप र व्यवस्थापन निर्धारण गरी शिक्षालाई सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्ने।
- **प्राविधिक तथा व्यावसायिक शिक्षामा स्रोत सुनिश्चितता:**विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न वित्तीय स्रोत पहिचान र परिचालनको सुनिश्चितता गर्ने।
- **वैदेशिक सहायता व्यवस्थापन:** घट्दै गएको वैदेशिक सहायता बढाउन, यसको दीगोपना सुनिश्चित गर्न र प्रभावकारी परिचालन गर्न रणनीति निर्माण गर्ने।
- **सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण:**आधुनिक प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।
- **शिक्षा क्षेत्रमा सरकारी लगानीको प्राथमिकता:** प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षा, र अनौपचारिक शिक्षामा प्राथमिकता र प्रतिशत निर्धारण गरी सरकारी लगानीको संरचना विकास गर्ने।
- **गुणस्तरीय शिक्षा सुनिश्चितता:**विद्यार्थीको सिकाइ र कुशलतामा केन्द्रित भएर गुणस्तर अभिवृद्धि गर्न आवश्यक लगानीको व्यवस्था गर्ने।
- **समता र समावेशिता सुधार:**आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका, र अपाङ्गता भएका बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न पर्याप्त लगानी गर्ने।
- **गैरसरकारी क्षेत्रको लगानी प्रोत्साहन:**-सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने।
- **वित्तीय व्यवस्थापन क्षमताको विकास:**-व्यक्तिहरू, संस्थाहरू, र पद्धतिको क्षमता विकास गरी कार्यकुशल वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने।
- **पारदर्शी वित्तीय सुशासन कायम राख्ने:**-वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, र सरलीकृत बनाएर सुशासन कायम राख्ने।

**७.४ उद्देश्य**

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू निम्नलिखित छन्:

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

**७.५ रणनीतिहरू**

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू निम्नलिखित हुनेछ:

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिएको आर्थिक दायित्व तीनै तहका सरकारहरू बीचको लागत साझेदारीमा हुनेछ। यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानी अनुपातमा प्रदेश र स्थानीय सरकारले आफ्नो स्रोतबाट थप लगानी गर्ने अपेक्षा गरिनेछ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले, आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता, र गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेहिता दिने पद्धति विकास गर्ने।

३. सरकारबाट प्रदान गरिएको स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तीनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुगाइनेछ।

५. नेपालको वैदेशिक सहायता नीतिअनुसार शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।

६. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च र नतिजामा आधारित खर्च गरिनेछ।

७. सार्वजनिक सेवा, सामाजिक दायित्व, वा सेवामूलक व्यवसायका रूपमा शिक्षालाई विकास गरिनेछ।

८. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन र प्रवर्धन गरीनेछ र निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व, वा सेवामूलक व्यवसायका रूपमा विद्यालय शिक्षा सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शर्तसहित र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ।

१०. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ।

११. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

### ७.६ प्रमुख उपलब्धिहरू

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन हुनेछ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुनेछ।

### ७.७ प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) सङ्घीय\प्रदेश सरकारबाट बिद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकालापमा प्रप्त हुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र\विषय | आर्थिक वर्ष (हजारमा) | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | २०८५\०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 2464 | 2710 | 2981 | 3280 | 3608 | 15043 | 30086 |
| २ | आधारभूत शिक्षा | 65800 | 72380 | 79618 | 87580 | 96338 | 401716 | 803431 |
| ३ | माध्यमिक शिक्षा | 22953 | 25248 | 27773 | 30550 | 33605 | 140130 | 280261 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 4817 | 5299 | 5829 | 6411 | 7053 | 29408 | 58817 |

**(ख) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

सबल

| १० वर्षको जम्मा |
|---|
| 30086 |
| 803431 |
| 280261 |
| 58817 |

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र\विषय | आर्थिक वर्ष(हजार) | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | २०८५\०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 3145 | 3459.5 | 3805.45 | 4185.995 | 4604.5945 | 19201 | 38401 |
| २ | आधारभूत शिक्षा | 18340 | 20174 | 22191.4 | 24410.54 | 26851.594 | 111968 | 223935 |
| ३ | माध्यमिक शिक्षा | 3119 | 3430.9 | 3773.99 | 4151.389 | 4566.5279 | 19042 | 38084 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

**७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया (हजारमा)**

| क्र. सं. | उपक्षेत्र | २०८१/०८२ | २०८२/०८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास र शिक्षा | २१०१५ | २०३२४ | २१०१० | २१७२२ | २२५२० | १०६५९० |
| २ | आधारभूत शिक्षा | १६७२६३ | १६९२४० | १९२७२२ | २०३५४२ | २१५६२२ | ९४८३८८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | 26402 | 25889 | 26547 | 26425 | 27044 | 132308 |
| ४ | पाठ्यक्रम तथा मूल्याङ्कन | 55870 | 63408 | 60408 | 39295 | 27295 | 246275 |
| ५ | शिक्षक व्यवस्थापन र विकास | 271981.2442 | 271945.275 | 272007.7285 | 271988.915 | 272126.05 | 1360049.213 |
| ६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | 13026 | 16876 | 37026 | 26876 | 17026 | 110830 |
| ७ | शैक्षिक समता र समावेशीकरण | 133211.88 | 133206.915 | 133213.215 | 233224.57 | 233238.25 | 866094.83 |
| ८ | विद्यालयको भौतिक पूर्वाधार विकास | 14370 | 14820 | 17197.5 | 20025 | 15906.5 | 82319 |
| ९ | अनुगमन तथा मूल्याङ्कन | 21803 | 24618 | 48413 | 48763 | 48413 | 192010 |
| जम्मा रु. **हजारमा)** | | 724941.7 | 740327.1 | 808543.3 | 891861.5 | 879190.4 | 4044864 |

अनुमान पहिलो पाँच वर्ष **का** लागि जम्मा रु. 4044864 **हजार** नेपाली रुपैया आवश्यक देखिन्छ

**७.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन (Include details in this part)**

यस सखुवा प्रसौनी गाउँपालिका योजना कार्यान्वयन गर्न वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिकरूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सनिश्तितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरि कार्यान्वन गरिदै लानेछ । त्यसका लागि योजना, रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने तथा स्रोत सनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन

हुने कार्यक्रमलाई समावेश गरिदै लगिनेछ । योजना निर्माणका लागि पाचँ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा रणनीति तयार गरिने छ । वार्षिक रणनीति योजना निर्माण गर्दा योजनाको ढाचालाई आधार मानी तयार गरिने छ ।

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

### ८. १ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन ।

### ८. २ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, बहुदरमाई नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मल्याङ्कन गरीने गरिएको छ। वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ। उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु।

२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु

३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।

४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।

५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।

६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

**८. ३ उद्देश्य**

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।

२. अनुगमन तथा मल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।

३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु।

४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

### ८.४ रणनीतिहरू

१. अनुगमन तथा मूल्याङ्कन को संयन्त्र निर्माण गरी उपयोग गर्ने

२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने

३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने

४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने

५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने

७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने

८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने

९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

### ८.५ प्रमुख उपलब्धि तथा नतिजा

**क उपलब्धि**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

**पमुख उपलब्धि तथा नतिजा**

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्याकंन संयन्त्र निर्माण | पालिका स्तरिय | | १ | | | | | १ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | बार्षिक | ४ | २५ | २९ | २९ | २९ | २९ | २९ | |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | बार्षिक | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | चौमासिक | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | बार्षिक | १ | | | | | | १ | |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | बार्षिक | ० | १ | १ | १ | १ | १ | १० | |

**सन्दर्भ सामग्रीहरू**


नेपालको संविधान २०७२

शिक्षा ऐन २०२८

शिक्षा नियमावली २०५९

शिक्षक सेवा आयोग नियमावली २०५७

स्थानीय सरकार संचालन ऐन २०७४

फ्लैस रिपोर्ट २०८१

एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)

विद्यालय क्षेत्र विकास योजना (SESP)

स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९, परिमार्जन सस्करण, २०८१

अनुसूची

१. सरोकारवालाहरूलाई अभिमुखीकरण

२. कार्यपालिका बैठक निर्णय

३. पूर्व तथा पश्चात् मूल्याङ्कन